nepal.ekantipur.com

ISSN 2631-2298

आइतबार • २९ असार २०७६ • मूल्य रु. २५

नेपाल

राष्ट्रिय साप्ताहिक

नयाँ पुस्ताको रोजाइ

विद्यार्थीको समयानुकूल छनोट बुझेर स्कुल/कलेज पाठ्यक्रममा विविधता ल्याइरहेका छन्



भूराजनीतिक भ्रम र तथ्यहरू

महेश मास्केको आलेख

BELLA ELECTRIC SCOOTER

electrifying your needs

Bella Motor

Environment Friendly

High durability portable battery

Low operating & maintainance cost

1 Year warranty

0% FINANCING

Special Offers For SEE Students



Bela Motors Pvt. Ltd.
PO Box No.: 1877, Baluwatar, Kathmandu
Tel: 01-4436420 | Email: bellamotors1@gmail.com | Web : www.bellamotor.com

AMBE STEELS
दीर्घायु भवः
विकास सम्भव छ, मजबुत निर्माणले
मजबुत निर्माण बन्छ अम्बे स्टील्स्‌ले
AMBE GROUP
अम्बे स्टील्स्‌
जे बन्छ, दिगो बन्छ
AMBE TMT
ने गु १९१
नेपाल गुणस्तर प्रमाण चिन्हद्वारा सम्मानित ।
8mm देखि 32mm सम्मको Size मा
CERTIFIED ISO 9001:2008 COMPANY
Fe500 gradesteels
UTM TESTED
TMT STEEL BARS

भित्र

आइतबार, २९ असार २०७६ (वर्ष १९, अंक ४९)
Nepal National Weekly, 14 July 2019 (Vol. 19, No. 49)

इन्डो–प्यासिफिकमा चुलिँदो नेपाल चर्चा

महेश मास्केको आलेख

१४

१०
हाम्रो नेपालमा
भकारी भरिने आशामा

२२
सरकार
निर्णय गर्दै, पछि हट्दै

३०
आवरण
नयाँ विषयको लहर

३८
अर्थ–मीमांसा
अच्युत वाग्ले

४२
बहस
कैलाश राई

४६
रङ
स्ट्यान्ड अप कमेडियन महिला

४ पाठक मञ्च
५ स्मरण
६ प्रवेश
८ परिहास
५० ९ प्रश्न
५२ पुस्तक
५३ तीन किताब
५४ सहरमा
५६ नोटबुक

कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि
नेपाल

कान्तिपुर पब्लिकेसन्सका लागि अध्यक्ष तथा प्रबन्ध निर्देशक : **कैलाश सिरोहिया** निर्देशक : **स्वस्तिका सिरोहिया** सम्पादक : **बसन्त बस्नेत** समाचार संयोजक : **सन्तोष आचार्य** नायब प्रमुख संवाददाता : **राजकुमार बानियाँ** वरिष्ठ संवाददाता : **जनक नेपाल, माधव बस्नेत** सहायक वरिष्ठ संवाददाता : **योगेश ढकाल, मनबहादुर बस्नेत, गोकर्ण गौतम** संवाददाता : **सुनिता लोहनी, यम बम** अर्थ : **विजयराज खनाल** कपी डेस्क : **गोकुल अर्याल, गुरुङ सुशान्त** तस्बिर : **रवि मानन्धर** (संयोजन), **सरोज बैजु** सज्जा : **चन्द्रकुमार प्रजापति** (संयोजन), **घनश्याम डंगोल, यमन मानन्धर, सुनीता अधिकारी** कार्टुन/ग्राफिक्स : **रवीन्द्र मानन्धर** मार्केटिङ : **असुरारी ज्ञवाली**

कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि., सेन्ट्रल बिजनेस पार्क, थापाथली, काठमाडौं, पो.ब.नं. ८५५९, फोन नं : ५१३५००० (एक्सटे. १६२२), फ्याक्स : ५१३५०२५, विज्ञापन : ५१३५००० (एक्सटे. ११०७), ग्राहक सेवा : ५१३५००० (एक्सटे. १२१३), इमेल : nepalmag@kmg.com.np, पृथ्वी प्रिन्टिङ प्रेस (प्रा.) लि. काठमाडौंमा मुद्रित, प्रकाशन मिति : २२ असार २०७६, का.जि.द.नं. १०४/०५६/५७ म.क्षे.हु.नि.का.द.नं. २/०५७/५८

अब रोजगारीका लागि सुनौलो अवसर

के तपाई

रोजगारको

खोजिमा हुनुहुन्छ ?

के तपाई

दक्ष कामदारको

खोजिमा हुनुहुन्छ ?

यदि हुनुहुन्छ भने अब
Pathibhara JOBLINK जब लिङ्क छ नि !

रु. ५ लाख सम्मको नि:शुल्क दुर्घटना बिमा

Pathibhara JOBLINK
www.pathibharajoblink.com
PathibharaJobLink Pvt. Ltd.
Itahari-6, Sunsari

Contact Details

+977-25-582016
9851051996, 9820753796, 9820753800
patibharajoblink@gmail.com
https://pathibharajoblink.com
pathibharajoblink

कम्युनिस्ट उस्तै-उस्तै

नेपालका वामपन्थी दल र तिनका नेताहरूले उत्तर कोरियाप्रति खासै नकारात्मक टीकाटिप्पणी गरेको सुनिँदैन *(उत्तर कोरियाली सक्रियताका शृंखला, असन्तुष्ट अमेरिका, २२ असार)* । अझ पछिल्लो समय त अमेरिका-उत्तर कोरिया सम्बन्ध सकारात्मक हुँदै गएको छ । नेपालमा उत्तर कोरियाको सक्रियता बढ्नुमा चाहिँ नाम मात्रको भए पनि वामपन्थी सरकारको छाया परेर हो कि ?

०३१ देखि सम्बन्ध गाँसेको उत्तर कोरियाले अहिलेसम्म नेपाललाई देखिने गरी केहीमा पनि सहयोग उपलब्ध गराएको छैन । उत्तर कोरियासँग बढ्ता हिमचिम हुनेमा पञ्चायतकालीन नेतापछि वामपन्थी नै बढी छन् ।

■ **टीकाराम घिताल**
तारकेश्वर नगरपालिका, काठमाडौँ

अधिकारका लागि एक ठाम

महिला आन्दोलन मूलधार र सीमान्तकृतमा बाँड्दा नेपाली महिलाको आवाज राज्य स्तरसम्म नपुगेको हो *(महिलाका भिन्न-भिन्न प्राथमिकता, १५ असार)* । राज्यबाट सुविधा पाउने महिला नेतृत्वमा गरिएको आन्दोलन र सुविधाको पहुँचबाहिरै रहेकाबाट भइरहेको संघर्षका कारण अपेक्षित नतिजा ननिस्केको हो । सीमान्तकृत र मूलधारे भनेर अलग-अलग महिला आन्दोलन नगरी एउटै नारासहित अगाडि बढ्नुपर्‍यो ।

■ **गंगाकुमारी श्रेष्ठ**
राप्ती नगरपालिका, चितवन

सुदूरपश्चिम पीडा

बिहान-बेलुकीको छाक टार्न समस्या आइलागेपछि गाउँघरै रित्तिने गरी भारतमा चौकीदार गर्न जाने सुदूरपश्चिमबासीको पीडा हृदयविदारक लाग्यो *(घरमा ताल्चा ठोकेर भारतमा चौकीदारी, १५ असार)* । सुदूरपश्चिम मात्र नभएर नेपालका अधिकांश बस्ती पुरूषविहीन हुँदै गएका छन् । त्रिभुवन विमानस्थलबाट खाडी जाने हुन् या नेपालका विभिन्न नाका भएर भारत पस्ने नै किन नहुन्, सबैको मुखबाट निस्कने शब्द हो- देशमा रोजगारी नै पाइँदैन । आफ्नो मान्छे ठाउँमा छैन । त्यसैले अझै कहिलेसम्म नेपालीले हातमुख जोड्न बिदेसिनुपर्ने हो ?

■ **विकास घिमिरे**
छथरजोरपाटी गाउँपालिका- ४, तेलिया, धनकुटा

ट्वीट

नेपालमा उत्तर कोरियाली सक्रियता : बिच्कियो अमेरिका
Kumar Ramuk @TheBestNepal

समाचारमा भनिएजस्तो लागेन । उता ट्रम्प उत्तर कोरिया नै पुगे । यताको गतिविधिकै यति ठूलो समाचार ?

घरमा ताल्चा ठोकेर भारतमा चौकीदारी
Ram Gurung @RamGurungD

०६७ मा अछाम साँफेबगरमा मैले यस्तो हृदयविदारक दृश्यको साक्षी बन्नुपरेको थियो । पति, छोराछोरी, पाखुरा चलाउन सक्ने सबै परदेश जाँदै गर्दा भक्कानिएको परिवार !

फल्टी इन्जिनियरिङका दुष्परिणाम
Alienepalien @Alienepalien

आधाभन्दा बढी घर त हाम्रै सुकुम्बासी कमरेडहरूको होला । सुकुम्बासी बस्ती नै भन्दा केही फरक पर्दैन ।

niranjan shrestha @nirshres

एकचोटि चीनबाट नेपाल फर्कँदै गर्दा, विमानस्थलमा जहाज अवतरण गर्नुअघि सँगैको सिटको चिनियाँ यात्रुले विमानबाट काठमाडौँ देखेपछि उनको मुखबाट निस्किएको पहिलो वाक्य : 'अहो, काठमाडौँ सहर त कस्तो गञ्जागोल, अव्यवस्थित रहेछ ।'

नागरिकलाई नसुन्दा
Dinesh Rayamajhi @DineshRayamaj18

मानिस जम्मा भएकामा कुनै शंका छैन । तर भीड सरोकारवाला गुठियारको मात्रै हो ? त्यहाँ कांग्रेस, राजावादी, बाबुरामवादीहरू सबै अनुपस्थित थिए त ? तर विधेयक निर्माणमा पारदर्शिता नअपनाइएको सत्य हो । हङकङमा चीन र नेपालमा नेकपा सरकार पछि हट्यो, पछि हट्नु राम्रो अनि बुद्धिमानी हो ।

पोस्ट

सही सूचना गलत सूचना
Sharda Nanda Jha

आफ्नो छेउमा गलत मान्छे मात्र राखेर सही सूचनाको आश गर्नु नै बेकार हो ।

Debi Thapa

प्रधानमन्त्रीलाई व्यक्तिगत रूपमा समर्थन वा सबै काम सही भएका हुन् भन्न खोजिएको होइन । तर हामी-तपाईंले कुनै रञ्जिसबिना र शीतल भएर सोच्दा उनी ८ प्रतिशत भए पनि सही बोलेका छन् । चारैतिर देशको स्थिति यस्तो छ, प्रधानमन्त्रीलाई एक्लो पार्न लागिपरेका छन् ।

राज्यले थापेका ज्यानमारा धराप
CA Bishwas Aryal

सरकार राजनीतिमा मात्र बिकेको छ । असली कामचाहिँ देशका नागरिकको ज्यान बचाउन पनि सकेन । भलाइ, विकासका कुरा त टाढा छाडम् ।

प्रतिक्रियाका लागि
nepalpatra@kmg.com.np
लेख रचनाका लागि
nepalmag@kmg.com.np

@NepalMagazine @NepalMagazine @nepalmagazine

यसरी राखियो काठमाडौं

प्रसिद्ध सम्पदा काष्ठमण्डपको नामकरणबारे इतिहासकारबीच खासै विवाद छैन । तर काष्ठमण्डपबाटै हालको राजधानी सहर काठमाडौंको नाम राखिएको समय सन्दर्भबारे इतिहासकार तथा विभिन्न कालखण्डका वंशावलीले यसको आधार प्रस्ट्याउन सकेका छैनन् ।

हरिराम जोशी

विभिन्न वंशावलीअनुसार मल्लकालीन राजा लक्ष्मीनरसिंह मल्लको शासनकाल (नेपाल संवत् ७४०-७६०) सन् १६१९-१६४१ मा कुनै एक व्यक्तिले एउटै रूखबाट काठैकाठको भव्य सत्तल/मण्डप निर्माण गरेकाले काष्ठमण्डप नामकरणको आधारमा काठमाडौं रहन गएको हो भनिएको छ । तर राजा लक्ष्मीनरसिंह मल्लको शासनकालभन्दा चार सय वर्षअगाडि नै काष्ठमण्डपको अस्तित्व रहेको तिनै वंशावलीमा उल्लेख भइसकेकाले प्रस्टता छैन ।

काष्ठमण्डप किन भनियो भने त्यहां खाली मण्डप मात्र थियो । १३ सय वर्षअगाडि प्राप्त सामग्री आधार तथा सातौं शताब्दीको चीजवस्तुका आधारमा यसो भनिएको हो । किनभने काठमाडौंमा अहिले पनि ठाउँठाउँमा मण्डप छन् । बांगेमुढामा स्थानमण्डप छ । नेपाल भाषामा स्थानलाई थाय् र मण्डपलाई मदु भनिएको हो । स्थानमण्डपबाट थाय्मरू भएजस्तै काष्ठमण्डपबाट काठमाडौं भनिएको हो ।

सातौं-नवौं शताब्दी अन्त्यसम्म काठमाडौंलाई दक्षिणकोलिग्राम र कोलिग्राम पनि भनियो । यसको अर्थ तेल पेल्ने काममा कुशल/प्रवीण व्यक्तिको इलाकामा बस्ने समुदाय हो । दसौं शताब्दीदेखि मात्र अहिलेको काठमाडौंलाई काष्ठमण्डप भनिन थालेको सप्रमाण म आफैंले संकलित गरेको नेपाल संवत् ४५२ को खपिंछेको शिलालेखमा प्रस्टै देखिन्छ । काठमाडौंलाई कोलिग्राम भनिएको बारे नेपाल संवत् ५१० को वीर पुस्तकालयस्थित *पञ्चरक्षामा* पनि उल्लेख छ ।

काष्ठमण्डपबाटै काठमाडौं नाम जुरेको हो भनिए पनि कहीं-कतै त्यसभन्दा अगाडि नै यसबारे थरी थरीका नाम फेला पर्छन् । तिब्बतीयन संस्कृत विहारमा *नामसंगिती* किताबमा काष्ठमण्डपलाई काष्ठमण्डपे भनिएको छ । त्यो मण्डपलाई काठको सत्तल (पाटीपौवा) बनाइएको हो । फेरि पछि त्यही (काष्ठमण्डप) स्थानलाई काष्ठमण्डपपुरे भनियो ।

कुनै समय त काष्ठमण्डपलाई काष्ठमण्डपमहानगरसमेत भनिएको छ । यसको प्रमाणचाहिं इन्डिया अफिस नं २७२३ को स्त्रंग्यशास्तोत्र (नेपाल संवत् ५९४) मा उल्लेख छ । यस्तै, स्वयम्भूको अभिलेख (नेपाल संवत् ४९२) मा काष्ठमण्डपलाई काष्ठमण्डपपुरी भनिएको छ ।

काष्ठमण्डपबाटै काठमाडौं नामकरण गरिएको भनिए पनि नेपाल संवत् ६०५ को काठमाडौं मोरूसत्तलको ताम्रपत्राभिलेखमा काष्ठमण्डपनगर उल्लेख छ । यस्तै, नेपाल संवत् ६३२ को सोही ताम्रपत्राभिलेखमा काष्ठमण्डपलाई श्रीकाष्ठमण्डपस्थान भनिएको छ । काठमाडौंका शासकले ठाउँलाई पनि आफूअनुकूल नामकरण गर्ने प्रचलन उबेला पनि रहेको प्रमाण हो, यो ।

काष्ठमण्डप नाम राखिएपछि विभिन्न कालखण्डमा राज्य सञ्चालन गर्ने शासकले यसलाई कहिले काष्ठमण्डपमहानगर, कहिले काष्ठमण्डपनगर, कहिले काष्ठमण्डपपुरी राखेका छन् । त्यसले काष्ठमण्डपबारेको खुलस्त इतिहास अहिलेसम्म बाहिर आउन नसकेको हो । पहिले एउटै रूखको काठबाट सत्तल बनाएको आधारमै काष्ठमण्डप नामकरण गरिएको र त्यसैलाई प्रमाण मानेर काठमाडौं रहन गएको मानिएको छ । तर विभिन्न अभिलेख र वंशावलीमा काष्ठमण्डप नामकरणपछि पनि त्यसलाई समय-समयमा अन्य नामबाट पुकारिंदै आएको प्रमाण फेला परिसकेका छन् ।

पुरातत्त्व विभागमा जागिरे छँदा र मेरै सम्पादनमा निस्कने इतिहासप्रधान पत्रिका *रोलम्ब* (०३८) मा पनि काष्ठमण्डपबारे केही तथ्य खुलाउने प्रयास गरेको थिएँ । पछिल्लो समय काष्ठमण्डपबाटै काठमाडौं कसरी नाम रहन गएको भन्ने विषयमा इतिहाससम्बन्धी पुस्तक लेखिरहेको छु ।

पहिले मण्डप रहेको ठाउँमा नाचगान, सांस्कृतिक कार्यक्रम आयोजना गरिन्थ्यो । त्यहीं मण्डपस्थलमा पछि काठको सत्तल बनाइएको हो, जसलाई मरूसत्तल भनिन्छ । खासमा यस्ता सत्तल सामाजिक, सांस्कृतिक, धार्मिक गतिविधि सम्पन्न गर्न बनाइने सार्वजनिक संरचना हुन् । जुनसुकै जात, धर्मावलम्बीका लागि निषेध हुंदैन भन्ने प्रमाण अहिले पनि काष्ठमण्डपले दिइरहेको छ ।

प्रत्येक वर्षको १ माघमा मनाइने काष्ठमण्डपको बुसांद (स्थापना) मा गरिने पूजामा सबै धर्म-सम्प्रदायका श्रद्धालु सहभागी हुने प्रचलन अहिले पनि छ । यसरी दक्षिणकोलिग्राम, काष्ठमण्डप, काष्ठमण्डपमहानगर आदि/इत्यादि हुंदै अहिलेको काठमाडौं बनेको हो ।

■ **प्रस्तुति : गोकुल अर्याल**

प्रवेश

सोझै



तथ्यचित्र

व्यावसायिक प्रतिष्ठान

कुल व्यावसायिक प्रतिष्ठान
१,२३,३५६



स्रोत : आर्थिक सर्वेक्षण   इन्फोग्राफिक्स : यमन मानन्धर

सुर बेसुर

पार्टीमा कस्ता मान्छे चाहिन्छ भन्ने आधारमा होइन, गुटलाई कस्तो मानिस चाहिन्छ भन्ने आधारमा हुन्छ । अहिले दीपक मनाङेको आवश्यकता जुन गुटलाई परेको हो, त्यसैले पार्टीमा छिराएको हो ।

घनश्याम भुसाल
नेकपा नेता
कान्तिपुर

Shape YOUR Future

OVER 250 Scholarships

KIST For the Future You Want ...

Academic Excellence
Perform – Achieve – Excel

Ample Practicals
Promoting hands-on learning

Learning Environment
Peaceful– Scholastic– Inspiring

Meaningful Counseling
Helping you do your very best

Stimulating Clubs
Explore your talents & passions

Excellent Services
Quality – Reliability – Efficiency

Penetrating Tutorials
Personalized support – Real learning

Intensive Preparation
Course-based & competitive examinations

Positive Discipline
Obedience– Responsibility– Respect

Superb Management
Pragmatic, student-centred & goal-oriented

Top-class Infrastructure
Purpose-built, well-engineered & safe

Cutting-Edge Resources
Modern library, equipped labs, & ICT Centre

Dynamic CCAs/ ECAs
Get involved, build skills, & raise self-esteem

Admission Open

+2 Science
Management

KIST College & SS is a modern, professionally-managed institution committed to excellence in teaching-learning & academic performance.

KIST
COLLEGE & SS

PO Box 20828, Kamalpokhari, Kathmandu, Nepal
Tel: 4434990, 4434178, Email: info@kist.edu.np
www.kist.edu.np

Commitment to Excellence

रू. १०० को घूस

सुरेश किरण

घटना सानो हो । काठमाडौँ सोल्टीमोडनेर एउटा टिपर चालकलाई ट्राफिकले समातेको रहेछ । कारण थियो, ट्राफिकलाई घुस दिन खोजेको । टिपर चालकसँग लाइसेन्स र ब्लु बुक थिएन । ट्राफिकले केरकार थालेपछि रू. १०० दिएर उम्किन खोजेका रहेछन् । त्यसैको आरोपमा उनी पक्राउ परे ।

भन्नाले अब नेपालमा घुस लिने मात्र होइन,

घुस दिने पनि पक्राउ पर्न थालेछन् । जस्तो, अहिले रू. १०० घुस दिने टिपरवाला पक्राउ परे । अहिलेसम्म हजार, लाखको संख्यामा घुस दिने मान्छे पक्राउ परेका छैनन् । रू. १०० वा रू. २०० घुस दिने मात्रै पक्राउ परेका छन् । तसर्थ मलाई के लाग्छ भने यो पक्राउ पर्नुको खास कारण घुस होइन, बरू घुस दिन खोजिएको रकम हो । अहिलेको जमानामा रू. १०० घुस दिने ? के आउँछ रू. १०० मा ? केवल रू. १०० मात्रै घुस दियो भनेर नै उनी पक्राउ परेको हुनुपर्छ ।

त्यसमाथि रू. १०० को घुसले सम्बन्धित ट्राफिकको पनि अपमान हुन पुगेको छ । स्ट्यान्डर्डअनुरूपको रेट पो हुनुपर्‍यो । कुन तहको हाकिमलाई कति घुस दिने ? अझ भनौं भने कुनै पनि हाकिमको मर्यादा नै उसले खाने घुसको रकमले निर्धारण गरेको हुन्छ । ठूलो हाकिमलाई कम रेटको घुस अफर गर्नु भनेकै उनको मर्यादालाई चुनौती दिनु हो । सरकारी कर्मचारीको मर्यादालाई चुनौती दिनु भनेको अपराध हो । सायद सोल्टीमोडको टिपरवाला पक्राउ पर्नुको कारण यही मर्यादालाई चुनौती दिएकाले हुनुपर्छ । ट्राफिक प्रहरीलाई रू. १०० घुस दिने ? योभन्दा ठूलो अपराध अरू के होला ?

आइफाको ठूलो मौका

सरकार पनि कहिलेकाहीं नचाहिँदो विवादमै फस्ने रहेछ । जस्तो, अहिले आइफा अवार्डको विवादमा फस्नुपर्‍यो । भारतीय सिनेमा जगत्को आइफा अवार्ड नेपालमा गर्ने/ नगर्ने भन्ने विवादमा सरकार फस्यो । संसद्को समितिले नगर्ने आदेश दिइसकेको थियो । स्थिति कस्तो आइपर्‍यो भने गुठी विधेयक फिर्ता लिएजस्तै सरकारले यो निर्णय पनि फिर्ता लिनुपर्ने अवस्थामा पुग्यो । गुठी विधेयक फिर्ता लिन मिल्यो भने यो मात्र किन नमिल्ने ?

सरकारको तर्क थियो, आइफा अवार्ड भनेको नेपालका लागि ठूलो मौका हो । हुन त हो, ठूलै मौका हुन्थ्यो । भारतका ८० भन्दा बढी हिरो-हिरोइनलाई एकैसाथ भेट्न पाउनु सानो मौका त पक्कै थिएन । दायाँतिर शाहरूख खान, बायाँतिर सलमान खान । अगाडि अमिताभ बच्चन, पछाडि केट्रिना केफ । उता करिना कपुर, यता शाहिद कपुर । अलि पर आलिया भट्ट, अलि वर माधुरी दीक्षित । पर्दामा मात्र देखिइरहेका हिरो-हिरोइन जम्मै आफ्नैसामु देख्न पाइन्थ्यो ।

तर यस्तो मौकाको चारैतिर विरोध भयो । तथापि विरोध चारैतिर भए पनि झन्डामा चार तारा भएको कांग्रेस पार्टीले भने अहिलेसम्म यसको विरोध गरेको थिएन । यो मामिलामा प्रमुख प्रतिपक्षी पार्टीचाहिं किन मौन भएको होला ? कतै कांग्रेस पनि यही 'ठूलो मौका' को प्रतीक्षामा त बसिरहेको थिएन ?

हावामा
उड्ने कुरा

नेपाल वायुसेवा निगमको कार्यक्रममा गएका प्रधानमन्त्री केपी ओलीले उल्टै निगमलाई गाली गरेछन् । उनले भनेछन् कि हावामा उडिरहनुपर्ने नेपाल वायुसेवा निगमका विमान त जम्मै जमिन ओगटेर पो बसेका रहेछन् । के ताल हो यो ? यदि यी विमानलाई हावामा नउडाउने हो भने सरकारले एक रूपैयाँ पनि अनुदान दिँदैन ।

वास्तवमा प्रधानमन्त्रीको हावाप्रेम यसबाट पनि झल्किन्छ । सबैलाई थाहा भएकै कुरा हो, हावाप्रति उनको ठूलो लगाव छ । हावासँग प्रधानमन्त्रीको कति ठूलो लगाव छ भन्ने भाषणबाट पनि थाहा हुन्छ । धेरैले महसुस गरेको पनि हुनुपर्छ, प्रधानमन्त्री कमरेडले भाषण गर्दा हावाका लागि पंखा चलाइरहनु पर्दैन । त्यो त्यहीं उत्पादन भइरहेको हुन्छ । अहिले देशैभरि गर्मी बढिरहेका बेला पनि काठमाडौं शितल भएको त्यसै होइन ।

हावाप्रतिको यो प्रेमलाई प्रधानमन्त्री ओलीले निगमको कार्यक्रममा पनि प्रकट गरे । निगमका विमान हावामा नउडेको देखेर उनलाई साह्रै चिन्ता लागेको रहेछ । प्रधानमन्त्री आफू भने हरेक कुरा हावामा उडाउने । निगमचाहिं हवाईजहाजसमेत हावामा नउडाउने । अनि उनलाई झोक नचले कसलाई चल्छ ? प्रधानमन्त्रीलाई जहाज मात्र होइन, हरेक कुरा हावामा उडिरहेकै राम्रो लाग्छ । सपना, विकास, निर्माण, समृद्धि, योजना...जम्मै उनलाई हावामा उडिरहेको राम्रो लाग्छ । तर निगम भने हावामै उडाउनुपर्ने कुरासमेत हावामा उडाउँदैन । अनि यस्तो संस्थालाई गाली नगरे के गर्ने ?

कर्णालीको माया

[झटारो]

लक्ष्मण गाम्नागे

हिजोआज हामी कर्णालीलाई खुब माया गर्न थालेका छौं । हुन त पहिला-पहिला पनि गर्थ्यौं तर दुई तिहाइको सरकार बनेपछि कर्णालीको माया बढी नै उर्लेर आएको छ । खासगरी सरकारइतर वृत्तमा कर्णालीको माया गाढा छ । सरकारले जब कर्णालीलाई बिर्सेर कुनै निर्णय गर्छ, तब प्रतिपक्षीका प्रतिक्रियामा कर्णाली उर्लिहाल्छ । प्रमुख प्रतिपक्ष, सरकारबाहिरका दल, सरकारमै रहेका तर मन्त्री हुनबाट वञ्चित नेताहरू, पूर्वप्रधानमन्त्रीहरू, पूर्वमन्त्रीहरू, पूर्ववरिष्ठ कर्मचारी, सांसद, बुद्धिजीवी, पत्रकार, सामाजिक सन्जाल प्रयोगकर्ता सबैले सरकारका निर्णयविरूद्ध कर्णालीलाई ठड्याउँछन् र सरकारको उछितो काड्छन् । भाषणमा, लेखमा, अन्तर्वार्तामा, संसद्मा, सडकमा, *फेसबुकमा*, *ट्वीटरमा* जताततै कर्णालीको चिन्ता व्याप्त छ । पदमा हुंदा बिर्सिनेले पनि पद जानेबित्तिकै कर्णालीलाई सम्झिएका छन् । सरकारका अनेकौं नयाँ निर्णय कार्यान्वयन हुन नपाउँदै कर्णालीमा ठोकिन थालेका छन् । सबैको साझा मत छ, सरकारले पहिला कर्णालीलाई हेर्नुपर्छ, अरू कुरा हुंदै गर्छ ।

सरकार भन्छ रेल, तेल, पानीजहाज ल्याएर मुलुकलाई समृद्ध बनाउँछु, प्रतिपक्ष एकै स्वरमा कराउँछ, कर्णालीका जनतालाई बिहानबेलुका खानलाई अन्न छैन, किन चाहियो रेल ? किन चाहियो पानीजहाज ? अर्बौं रूपैयाँ खर्चेर दशकौं लगाएर रेल ल्याउने पैसाले त कर्णालीका प्रत्येक जनतालाई धनी बनाउन सकिन्छ । कर्णालीका गाउँगाउँमा विकास पुर्‍याउन सकिन्छ ।

काठमाडौंमा अन्तर्राष्ट्रिय विमानस्थल हुंदाहुंदै लुम्बिनीमा अर्को विमानस्थल बनाएर सरकारले अर्बौं रकम सक्यो, अब निजगढमा बनाउने भन्दै छ । त्यो बनाउनुभन्दा कर्णाली प्रदेशका सबै ठाउँमा हेलिप्याड बनाएर त्यहाँका सुत्केरी तथा बिरामीको आपतकालीन उद्धार गर्न सकिन्छ ।

सुविधासम्पन्न काठमाडौंको अन्तर्राष्ट्रिय विमानस्थललाई बुटिक बनाउने नाममा करोडौं खर्च भइरहेको छ । त्यसरी गरिने फजुल खर्चले त कर्णालीमा जडीबुटी उद्योगै खोल्न सकिन्छ । त्यहाँबाट तुइन विस्थापित गरेर जनतालाई अकाल मर्नबाट जोगाउन सकिन्छ । कर्णालीप्रतिको माया यसरी प्रकट भइरहेको छ ।

कामकुरा कर्णालीतिर कुम्लो बोकी दिल्लीतिर भनेजस्तो यो सरकारले देशमा आइफा कि के भन्ने अवार्ड कार्यक्रमका लागि भारतीय कम्पनीलाई एक अर्ब रूपैयाँ दिने निर्णय गरेको थियो । कर्णालीका जनता भोकै छन्, नांगै छन्, त्यहाँका भोकानांगा जनतालाई हेर्न छाडेर करोडपति इन्डियन कलाकारलाई पोस्न ठूलो रकम खर्च गर्न तत्पर हुने यो सरकारको नियत के हो ? त्यो पैसाले त कर्णालीका गरिब बालबालिका र महिलालाई कुपोषणबाट बचाउन सकिन्छ । यहां पनि कर्णालीकै चिन्ता छ ।

हुंदाहुंदा सरकारले अब कर्णाली प्रदेशमा पेट्रोलियम उत्खनन गर्ने गुड्डी हाँक्न थालेछ । यस विषयमा पनि हामीले चुप लागेर बस्नु हुंदैन, सरकारविरूद्ध खनिनुपर्छ । कर्णालीका मान्छेलाई बिरामी हुंदा खाने सिटामोल छैन, पेट्रोलियम उत्खननमा करोडौं रकम सिध्याउने ? गरिब जनतासँग कर उठाएर जम्मा गरेको रकम यसरी सक्ने अधिकार यो सरकारलाई कसले दियो ? त्यो पैसाले त कर्णालीका कुनाकुनामा बिजुली पुर्‍याउन सकिन्छ ।

यसरी हामी सबै कर्णालीको चिन्तामा लागेका छौं, अझै लाग्नुपर्छ । कर्णाली देख्नु पनि पर्दैन, टेक्नु पनि पर्दैन, नाम सुनेको छ भने *फेसबुकमा*, *ट्वीटरमा* लेखिरहनुपर्छ । झापामा बसे पनि, काठमाडौंमा बसे पनि वासिङ्टन वा लन्डनमा रहे पनि कर्णालीको मायामा आँसु निकालिरहनुपर्छ । यसरी सबका सबले चिन्ता प्रकट गरेपछि कुनै न कुनै दिन कर्णालीको पनि कायापलट कसो नहोला !

भकारी भरिने

आशामा

मैत्या घर्तीमगर

असार लागेसँगै रुकुम पूर्व तकसेराका मगरबस्ती उल्लासमय हुन्छन् । यो मौसममा डाँडाकाँडा मात्रै हरियो हुँदैन, किसानको मनमा पनि नयाँ उमंग छाउँछ । माघदेखि बन्दप्रायः हुने बाजागाजा १ जेठबाट घन्कन थाल्छन्, चोक–चौतारीमा । एक महिनासम्म हरेक साँझ पञ्चेबाजाको तालमा बाल–वृद्ध–वनिता झुम्न थाल्छन् । सिकारु बाजामा अभ्यासरत हुन्छन् भने पारंगतले अगुवाइ गर्छन् ।

जेठ अन्तिम साता नर्सिंबुकीमा उक्लिन्छन् गाउँले । उनीहरूले मकै, भटमास, घरेलु जाँड–रक्सी बोकेका हुन्छन् । भात खान भने मिल्दैन । मध्यरातमा गाउँबाट निस्केर सात घन्टाजति हिंडेपछि गन्तव्य पुगिन्छ । माथि जाँदा बुकीको बराहका लागि फूल टिप्दै नाचगान

गरिन्छ । लेकका गोठमा आगो ताप्दै नाचगान गरेर दुई रात, तीन दिन बिताउने यी गाउँलेको एउटै ध्येय हुन्छ– प्रकृति पूजा । मनोरन्जन त छँदै छ ।

असार संक्रान्तिमा नाचगान र बाजागाजासहित फर्कने यी किसान अन्नबाली सप्रियोस् भन्ने कामना गर्छन् । साथमा लगिएका ध्वजापताकालाई देउराली, चौतारीमा चढाउँदै फर्कंदा उनीहरू मनमा आफ्नो भकारी भरिने आशा बोकेर आउँछन् । रंगीचंगी कपडालाई शिरमाथि ओढेर लामबद्ध भएर फर्किएका महिलालाई हेर्दा कुनै मेलाको झल्को आउँछ ।

यस्तो प्रकृति पूजालाई मगरहरू 'बल्कु' भन्छन् । बल् अर्थात् खसी पारिएको भेडाको पाठो र कु अर्थात् अनिष्ट । जनविश्वासअनुसार मानिसमा लाग्ने रोगव्याधि, बालीनालीमा प्रभाव पार्ने प्रकोप आदि पाठोले बोकेर लान्छ । मन्साइएको पाठोलाई गाउँ परिक्रमा गराएर भूमेस्थानमा लगी बलि दिइन्छ । यही अवसरमा भेडाको मासु सबैलाई बाँडिन्छ । यो मासु खाएबापत सामाजिक कार्यमा वर्षैभरि श्रमदान गर्नुपर्ने चलन छ ।

आँगनमा गोबरले लिपेर आफ्नो बारीमा फल्ने सबै खाले बालीनालीका एक–एक वटा बिरुवालाई नाङ्लोमा राखी पूजा गरिन्छ । त्यसको उद्देश्य हुन्छ– बालीनालीबाट धनधान्य होऔँ । अन्त्यमा, ५ असारमा अर्को वर्ष फेरि भेट्ने वाचासहित बोझ्रोको पात एकअर्काको कानमा सिउरिदिएर छुट्टिन्छन् उनीहरू । ने

Admission
Open
+2
Science
Management
Humanities
Law
PINNACLE ACADEMY H.S.S./COLLEGE
ESTD-2055 LALITPUR
DISCIPLINE & EXCELLENCE
Pinnacle Academy/College
Lagankhel, Lalitpur
Phone: 01-5544023, 5540882, 5522044

विशेष

इन्डो–प्यासिफिकमा चुलिँदो नेपाल चर्चा

नखुलेका प्रसंग, भ्रम र तथ्यहरू

महेश मास्के

अमेरिकाले सन् २०१७ मा घोषणा गरेको इन्डो-प्यासिफिक रणनीतिको मुख्य उद्देश्य चीनलाई एक्ल्याउन र उसको 'बेल्ट एन्ड रोड इनिसियटिभ' असफल बनाउन ल्याइएको विश्लेषण हुँदै थियो । सन् २०१८ भरि मुख्यतः भारत र आसियान देशहरूको पहलमा विश्वमा इन्डो-प्यासिफिकबारे धेरै बहस/परिचर्चा भई यसको अवधारणामा केही परिवर्तनका संकेत देखिन थाले पनि नेपालमा भने त्यस वर्षको अन्त्यतिर मात्रै चर्चाले प्रवेश पायो । डिसेम्बर २०१८ मा १७ वर्षपछि अमेरिका भ्रमणको निम्तोमा नेपालका परराष्ट्रमन्त्री प्रदीप ज्ञवाली र अमेरिकी समकक्षी माइक पोम्पिओको भेटघाट भएको थियो । त्यस भेटपछि अमेरिकाले जारी गरेको वक्तव्यमा उक्त रणनीतिमा नेपालको 'केन्द्रीय भूमिका' हुन सक्ने सम्भावना उल्लेख भएपछि नेपालभित्र यो सर्वाधिक चासोको विषय बन्न पुग्यो ।

ज्ञवालीले फर्कनासाथ प्रस्ट खण्डन गरे, 'नेपाल इन्डो-प्यासिफिक क्षेत्रमा छ, इन्डो-प्यासिफिक रणनीतिमा होइन ।' तर त्यो चर्चा सेलाउन नपाउँदै जनवरीमा युएस इन्डो-प्यासिफिक कमान्डका शक्तिशाली कमान्डर फिलिप डेभिड्सन नेपाल भ्रमणमा आउनु र इन्डो-प्यासिफिक क्षेत्रको शान्तिबारे अमेरिकी चिन्ता व्यक्त गरिनु अर्थपूर्ण थियो । फेब्रुअरीमा भएको दक्षिण र दक्षिणपूर्वी एसिया क्षेत्रका उपरक्षामन्त्री जोसेफ फेल्टरको भ्रमणले नेपालप्रति अमेरिकाको चासोलाई अझ पुट त दियो नै । नेपाल र चीनबीच क्षेत्र र मार्ग पहलअन्तर्गतको साझेदारी र सहकार्यमा नेपाल लाभान्वित हुनुको सट्टा ऋण पासोमा पर्न सक्ने आशययुक्त उनको अभिव्यक्तिले कूटनीतिक वृत्तमा तरंग उत्पन्न गऱ्यो । चिनियाँ राजदूत आफैँ त्यसको प्रत्युत्तर दिन अघि सरिन् । प्रधानमन्त्री केपी ओलीको सत्तारोहण एक वर्ष पूरा भएको अवसरमा विदेशमन्त्री पोम्पिओको बधाई सन्देशका शब्दले त नेपाली कूटनीतिक वृत्तमा सानोतिनो भूकम्प नै गएको अनुभूति भयो ।

तिब्बती शरणार्थीको मुद्दा, ५० करोड डलर बराबरको मिलेनियम च्यालेन्ज कर्पोरेसन कम्प्याक्ट फन्ड, उत्तर कोरियामाथि राष्ट्रसंघीय सुरक्षा परिषद्ले लगाएको प्रतिबन्धमा समर्थनको आग्रह आदि उल्लेख गरिएको पत्रमा 'स्वतन्त्र र खुला इन्डो-प्यासिफिक क्षेत्रप्रतिको अमेरिकी जोड अब नेपालतिर सरेको' पनि प्रस्ट शब्दमा किटान गरिएको थियो । इन्डो-प्यासिफिकका लागि नेपाल अब निकै महत्त्वपूर्ण छ भन्नेबारे यसले संकेत दिएको थियो तर यसले उठाएका मुद्दा भने त्यति नयाँ थिएनन् ।

त्यसबारे अमेरिकाले नेपालसँग नयाँ शिराबाट संवाद गर्न खोजेकाले आफ्ना अडान अमेरिकालाई राम्रोसँग बुझाउनुपर्ने चुनौती भने यसले सिर्जना गरेको थियो । नेपालले प्रयत्न गऱ्यो पनि । यी सबै घटनाक्रमबीच परराष्ट्रमन्त्री आफ्नो अडानमा कायमै रहे । उनले बीआरआईप्रतिको नेपाली प्रतिबद्धतालाई पुनः दोहोऱ्याए । नेपालले कुन देशसँग सहयोग लिने/नलिने भन्ने उसको सार्वभौम अधिकारको विषय हो । उक्त निर्णय गर्न

नेपाल स्वतन्त्र रहेको अभिव्यक्ति दिए। तिब्बती शरणार्थीबारे नेपालको अडान प्रस्ट्याए। बेइजिङमा अप्रिलमा भएको क्षेत्र र मार्ग पहलको दोस्रो महासम्मेलनमा नेपालले आफ्नो राष्ट्रपतिलाई सहभागी हुन पठाएर कूटनीतिक क्षेत्रमा बलियो सन्देश त दियो नै, २०१६ मा प्रधानमन्त्री ओलीको चीन भ्रमणमा गरिएको ऐतिहासिक सम्झौतापछि २ वर्षसम्म हुन नसकेको पारवहन प्रोटोकलमा हस्ताक्षर गरेर बीआरआईप्रतिको अडानमा कुनै सन्देह राख्ने ठाउँ दिएन। त्यतिबेलै जारी गरिएको सम्मेलन प्रस्तावमा नेपाल-चीनबीच बहुआयामिक सम्पर्क मार्गहरूले स्थान पाउनुले पनि नेपाल-चीन सम्बन्धलाई प्रगाढ बनायो।

यति हुँदाहुँदै पनि त्यसको करिब एक महिनापछि प्रकाशन भएको इन्डो-प्यासिफिक रणनीतिक कार्यपत्र (इन्डो-प्यासिफिक स्ट्राटेजिक पेपर) मा नेपाललाई साझेदारको रूपमा उल्लेख गरिएको चर्चाले काठमाडौंको प्रेसलाई ततायो। बारम्बार हामी इन्डो-प्यासिफिक रणनीतिमा छैनौं भन्दाभन्दै पनि किन नेपाल साझेदार बन्न पुग्यो भन्ने प्रश्न नितान्त स्वाभाविक थियो। परराष्ट्रमन्त्रीले अमेरिकामा गोप्य सम्झौता गरे कि भन्ने आशंका पनि उठे। यदि नेपालले त्यस्तो कुनै सम्झौता गरेको छ भने बाहिर ल्याउनुपर्‍यो। छैन भने अमेरिकाले एकलौटी यस्तो अभिव्यक्ति दिनु कूटनीतिक मर्यादाविपरीत हो। तर कतिपय बेला हामीजस्ता 'विज्ञ' हरूले दस्तावेज राम्ररी अध्ययन नगरी टिप्पणी गर्नुपर्ने बाध्यता हुन्छ। यो दस्तावेज गहिरिएर पढ्दा मिडियाले यस विषयलाई अर्को कोणबाट, बढी यथार्थपरक ढंगबाट उठाउन सक्थ्यो र विज्ञहरूले यसको मर्मलाई सम्बोधन गर्न सक्थे। अहिलेको संवेदनशील समयमा, कूटनीतिक चुनौती नेपालले थेग्नै नसक्ने गरी सामना गर्नुपर्ने सम्भावना प्रबल भइरहेको परिवेशमा मिडिया, विज्ञ र राजनीतिज्ञबाट तथ्यपरकताको अपेक्षा राख्नु अस्वाभाविक हुने छैन।

> अमेरिकाको चीन एक्ल्याउने प्रयत्नमा कमी आएको छैन। उनीहरूबीचको व्यापार युद्ध पनि शीतयुद्धको चरणमा प्रवेश गरेको छ। नेपालले यसतर्फ ध्यान दिनु आवश्यक छ।

यो दस्तावेजले नेपाल इन्डो-प्यासिफिकको 'साझेदार बनेको छ' भनेको छैन। यसमा तीन ठाउँ नेपालको चर्चा गरिएको छ। पहिलो, यस क्षेत्रमा पर्ने विश्वका तीव्र आर्थिक विकास गति भएका ६ देशको गन्तीमा परेको छ, जुन नेपालका लागि महत्त्वपूर्ण टिप्पणी हो। दोस्रो, उल्लेख अमेरिका दक्षिण एसियाका केही देशसँग 'उदाउँदो साझेदारीका लागि लागिपरेको' सन्दर्भमा गरिएको छ। तेस्रो, अमेरिका नेपालसँग सुरक्षा सम्बन्ध बढाउन 'चाहने' सन्दर्भमा भएको छ। 'लागिपरेको' वा 'चाहेको' शब्दले नेपाल इन्डो-प्यासिफिक साझेदार भयो भन्न मिल्दैन। त्यस्तो कतै दाबी गरिएको पनि छैन। अमेरिका नेपाललाई साझेदार बनाउन लालायित छ भन्ने यसले लुकाएको भने छैन। यस परिप्रेक्ष्यमा नेपाल इन्डो-प्यासिफिक रणनीतिको साझेदार बन्ने/नबन्नेजस्ता बहस बढी सार्थक र उपयोगी हुनेछन् र कूटनीतिक प्रयत्नलाई सुदृढ बनाउन सहयोग गर्नेछ। कुनै सैनिक गठबन्धनबाट प्रेरित क्षेत्रीय संगठनहरूमा नेपाल सहभागी नहुने स्पष्ट नीति छ। त्यसको प्रकाशमा नेपालको साझेदारीबारे बहस हुनुपर्छ। विगत एक वर्षमा भएको इन्डो-प्यासिफिकबारे विश्वव्यापी अन्तर्क्रियाले यसको सोचमा ल्याइरहेको परिवर्तनलाई पनि हामीले अध्ययन गर्नु आवश्यक छ।

सांग्रिला डाइलग र जकार्ता सम्मेलन

चीनबारे कठोर दृष्टिकोणको निरन्तरता यस दस्तावेजमा छ तर यसमा इन्डो-प्यासिफिक क्षेत्रमा चीनको अस्तित्व स्वीकारिएको छ। 'नियमआधारित अन्तर्राष्ट्रिय व्यवस्था' प्रति चीनको समर्थन जुटाउन ऊसँग संलग्नता बढाउने उल्लेख छ। 'इन्डो-प्यासिफिकमा दीर्घकालीन शान्ति र सबैका लागि समृद्धि दिने चीनका छनोटलाई अमेरिकाले समर्थन गर्नेछ र हाम्रा स्वार्थहरू परस्परमा नजिकिँदासम्म हामी सहकार्यको लागि खुला हुनेछौं' यसमा भनिएको छ। वास्तवमा यहाँ उल्लिखित सोच उपरक्षामन्त्री फेल्टर र त्यसपछि नेपालका लागि अमेरिकी राजदूत ऱ्यान्डी बेरीले फेब्रुअरी-मार्चतिरै व्यक्त गरिएका विचारसँग मिल्दाजुल्दा छन्। बेरीले पूर्वअमेरिकी रक्षामन्त्री जेम्स म्याटिसले सांग्रिला डाइलगमा व्यक्त गरेका शब्दलाई नै दोहोऱ्याएका थिए।

वर्तमानमा अमेरिकी इन्डो-प्यासिफिक रणनीति चीनलाई उपेक्षा गर्ने वा एक्ल्याउने होइन, उसलाई 'नियमआधारित अन्तर्राष्ट्रिय व्यवस्था' मा संलग्न गराउने कूटनीतिक पहलको पहिलो आधिकारिक उद्घोषण सम्भवतः उनीबाटै भएको हो। त्यस वार्तामा भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले इन्डो-प्यासिफिकको 'रणनीति' भन्ने शब्दलाई नै अस्वीकार गरेका थिए र चीनलाई समावेश गर्नुपर्ने सशक्त तर्क राखेका थिए। म्याटिसका भनाइ मोदीका शब्दप्रति लक्षित थिए र यो रणनीतिक कार्यपत्रमा त्यही अवधारणाको विकसित रूप देख्न सकिन्छ।

इन्डो-प्यासिफिकको चिन्तनमा 'समावेशीपन' को प्रवेश गराउन ३ जुन २०१८ को सांग्रिला डाइलगले महत्त्वपूर्ण भूमिका खेलेको हुनाले त्यतिबेलाका भारतीय-अमेरिकी अडानको पुनर्भ्रमण गर्नु आवश्यक छ। इन्डो-प्यासिफिकमा केन्द्रीय भूमिका हुने भएपछि भारत स्वयंले यसलाई कसरी हेरिरहेको छ भन्ने थाहा पाउन विश्व उत्सुक थियो। सिंगापुरमा हुने एसियाली सुरक्षा वार्ता वा सांग्रिला डाइलगले त्यो अवसर प्रदान गऱ्यो। त्यहाँ प्रधानमन्त्री मोदीले प्रमुख वक्ताका रूपमा विचार राखे। मोदीले समावेशिता र सहकार्यमा जोड दिँदै भनेका थिए, 'भारत इन्डो-प्यासिफिकलाई रणनीति वा सीमित सदस्यहरूको क्लबका रूपमा हेर्दैन, न त त्यस्तो समूहका रूपमा हेर्छ, जसले प्रभुत्व जमाउन खोज्छ। यो कुनै देशविरुद्ध लक्षित छ भन्ने हामी कदापि मान्दैनौं। भारत-चीन एकअर्काको स्वार्थप्रति संवेदनशील भई विश्वास र भरोसाको वातावरणमा काम गर्न सके एसिया र समस्त विश्वको भविष्य अझ राम्रो हुनेछ।'

मोदीपछि अमेरिकाको धारणा राख्दै रक्षामन्त्री जेम्स म्याटिसले भनेका थिए, 'अमेरिकाले कुनै पनि देशलाई अमेरिका र चीनबीच चयन गर्न आग्रह गर्दैन। अमेरिकाले चीनसँग

KATHMANDU
WORLD SCHOOL

THE FUTURE IS HERE.

Following the stupendous operation of the first year, we now extend a cordial invite to the second cohort of aspiring students to come and be part of Kathmandu World School, where we prepare life-long learners equipped with the skills and competence to face the challenges of tomorrow's world.

TheSquare/Cosmos/KWS/19

Admissions Open

+2	
	NEB Science
	NEB Management

APPLY ONLINE
www.kws.edu.np/admission

CONTACT US
9840 256143 / 5090354 / 5090355

WORLD-CLASS INFRASTRUCTURE AND FACILITIES

DEDICATED, HIGHLY QUALIFIED AND EXPERIENCED FACULTY

HOLISTIC APPROACH TO TEACHING-LEARNING

EXPERIENTIAL LEARNING WITH EMPHASIS ON HANDS-ON APPROACH

MERIT-BASED SCHOLARSHIPS AVAILABLE

Computer-based Test and the Spot Interview

Education *for a* Better Future

Surya Binayak-7
Bhaktapur

In association with
CG HOLDINGS
CHAUDHARY GROUP


फाइनान्सियल एक्सप्रेस

सकारात्मक परिणाममुखी सम्भावनालाई निरन्तरता दिन लागिपर्छ भने त्यो खेलको नाम सम्भव भएसम्म सहकार्य र आवश्यक परे प्रतिस्पर्धा हुनेछ ।' चीनको आलोचना गर्दै तर ऊसँग संवाद गर्न सकिने सम्भावनालाई पनि सुरक्षित गर्दै प्रस्तुत भाषणमा उनले 'नियमआधारित अन्तर्राष्ट्रिय व्यवस्था' को अवधारणालाई पनि सशक्त रूपमा उठाएका थिए । चीनलाई उपेक्षा गर्न नमिल्ने भएपछि उदार लोकतान्त्रिक अर्थव्यवस्थालाई केन्द्रमा राख्ने सो अन्तर्राष्ट्रिय व्यवस्था चीनलाई स्वीकार्न गाह्रो हुने ठानेर ऊप्रति ढोका-बन्द नीति अपनाउनुभन्दा त्यस्तो व्यवस्था स्वीकार्न दबाब दिने अमेरिकाको वर्तमान नीति रहेको ठान्न सकिन्छ ।

त्यसपछि विशेषतः आसियान देशहरूको सक्रियतामा 'पूर्वी एसिया समिट' का सदस्य राष्ट्रका विदेशमन्त्रीबीच भएका छलफल र २१ मार्च २०१९ मा जकार्तामा इन्डो-प्यासिफिक विषयमै आयोजित सम्मेलनमा अमेरिका, जापान, चीन र भारतसमेतको अन्तर्क्रियाले इन्डो-प्यासिफिकलाई सुरक्षा चासोको क्षेत्रीय गठबन्धनभन्दा आर्थिक र सांस्कृतिक सहकार्यतर्फ उत्प्रेरित गर्ने र त्यसका लागि साझा सहमति खोज्ने प्रयत्नमा केन्द्रित भएको छ । २३ जुनमा आसियान देशहरूले इन्डो-प्यासिफिकमाथि उनीहरूको आधिकारिक विचार राख्ने गरी एउटा प्रतिवेदन तयारी गरे, जसमा सुरक्षा र सामरिक पक्षको चर्चा गरिएको छैन । डिसेम्बर २०१८ मा नै चीनसमेत सामेल भएको जी-२० सम्मेलनको संयुक्त वक्तव्यमा 'नियमआधारित अन्तर्राष्ट्रिय व्यवस्था' परिसकेको हुनाले यसको शाब्दिक प्रयोगप्रति चीनलाई आपत्ति हुने देखिँदैन । त्यसको व्याख्यामा उनीहरूबीच रहेको टड्कारो भिन्नताचाहिँ अर्को यथार्थ हो । तथापि अमेरिकाको चीन एक्ल्याउने प्रयत्नमा कमी आएको भने छैन । उनीहरूबीचको व्यापार युद्ध पनि शीतयुद्धको चरणमा प्रवेश गरेको प्रतीत हुन्छ । नेपालले इन्डो-प्यासिफिकसम्बन्धी नीति निर्धारण गर्दा यी सबै पक्षप्रति ध्यान दिनु आवश्यक छ ।

"नेपालले त्यस्तो कुनै सम्झौता गरेको छ भने बाहिर ल्याउनुपर्‍यो । छैन भने अमेरिकाले एकलौटी यस्तो अभिव्यक्ति दिनु कूटनीतिक मर्यादाविपरीत हो ।

व्यापार युद्ध : अमेरिका, चीन र भारत

इन्डो-प्यासिफिक रणनीतिक प्रतिवेदन १ जुन २०१९ मा प्रकाशित भएपछि विश्व घटनाक्रम तीव्र गतिले अघि बढेको छ, जसले अमेरिका-इरान युद्ध र विश्व आर्थिक मन्दी दुवैको खतरा अभूतपूर्व रूपले बढाइदिएको छ । यी घटनाक्रमले इन्डो-प्यासिफिकको चर्चालाई तत्कालका निम्ति ओझेल पनि पारिदिएको छ । भारत र चीनलाई नजिक ल्याइदिएको अनुभूति पनि गराएको छ ।

अमेरिकाले इरान आणविक सहमतिबाट हात झिकेपछि सुरु भएको इरानमाथिको प्रतिबन्ध मात्रै होइन, इरानको तेल खरिद गर्ने चीन, भारत, जापान र युरोपेली देशसमेतलाई आर्थिक प्रतिबन्ध लाग्ने अमेरिकी निर्देशनले उत्पन्न गरेको समस्याका कारण अमेरिका र इरान युद्धको नजिक पुगेका छन् भने विश्व आर्थिक मन्दीको चपेटामा फस्ने डर बढेको छ । दोस्रो विजयपछि इरानको तेल किनेर अमेरिकाविरुद्ध उभिने साहस गर्ने कि खरिद गर्न बन्द गरेर अमेरिका खुसी पार्ने भन्ने विकल्पमा मोदीले दोस्रो विकल्प चुने । चुनाव जितेपछि उनको पहिलो ठूलो घोषणा यही थियो ।

उता चीनमा सी चिन फिङ नयाँ लामो अभियानका लागि चिनियाँ जनतालाई आह्वान गरिरहेका थिए, जसको अर्थ थियो- अमेरिका-चीन व्यापार युद्धको समाधान निस्कन सक्दैन र चीनले त्यसलाई सामना गर्दा एउटा लामो समय चिनियाँ जनताले कठिनाइ बेहोर्नुपर्ने सम्भावना छ । रुससँगको मित्रतामा आइरहेको घनिष्ठताको सार्वजनिक अभिव्यक्ति, अमेरिकासँग व्यापार युद्ध भए चिनियाँ अर्थतन्त्रलाई पर्ने प्रभावको अनुसन्धान तथा त्यसलाई सामना गर्न सक्ने चिनियाँ अर्थविद्हरूको रायको प्रसारण र १४ वर्षपछि उत्तर कोरियामा चिनियाँ राष्ट्रपतिको भ्रमण आयोजना आदि कूटनीतिक सन्देश चीनले अमेरिकालाई दिएकै हो ।

यो पृष्ठभूमिमा सांघाई को-अपरेसन अर्गनाइजेसनमा मोदी, सी र पुटिनबीच वार्ता हुनु, डलरबिना सञ्चालित हुन सक्ने बहुपक्षीय व्यापारको सम्भावना खोजी हुनु र त्यहाँबाट फर्केलगत्तै भारतले अमेरिकी सामानमाथि शुल्क लगाउनु संयोग मात्रै देखिन्न । विशेषतः त्यतिबेला जब केही दिनपछि नै जी-२० को शिखरवार्तामा मोदी र ट्रम्पबीच वार्ता सुनिश्चित थियो । त्यसैले यी सबै मुद्दाको सन्दर्भमा विश्वको चासो जी-२० को शक्तिशाली राष्ट्रका शीर्षस्थ नेताहरूको भेटघाटमाथि थियो । यसले अन्तर्राष्ट्रिय सम्बन्धमा कस्तो मोड ल्याउँछ भन्ने उत्सुकता हामी नेपालीमा हुनु पनि स्वाभाविकै हो । किनकि विश्वका प्रमुख घटनाले छिमेक र छिमेक नीतिमा पनि प्रभाव पारिरहेको हुन्छ र हाम्रो अर्थतन्त्रमा पनि । अझ अमेरिका-इरान द्वन्द्वले मध्यपूर्वबाट नेपाली कामदार फर्काउनुपर्ने स्थिति आए हाम्रोजस्तो प्रवासी कामदारबाट आर्जित विप्रेषणबाट चलेको अर्थव्यवस्था त झनै प्रभावित हुने नै भयो ।

अमेरिकी शुल्क नीतिको हार

ओसाका, जापानमा भएको जी-२० को शिखर सम्मेलनले अमेरिका-इरानबीच र अमेरिका-चीनबीच चर्केको विवादको केही समाधान निकाल्न सक्छ/सक्दैन भन्ने प्रमुख चासोको विषय थियो । भारत-अमेरिका सम्बन्धको सुधार पनि महत्त्वपूर्ण थियो किनकि भारतसँग अमेरिकाको सम्बन्ध तनावग्रस्त भएको खण्डमा इन्डो-प्यासिफिकको भर्खर टुसाउँदै गरेको पहलमा तुषारापात हुने सम्भावना थियो । भयो पनि त्यस्तै ।

जी-२० कै समय पारेर अमेरिकाले उत्तर कोरियासँग

Lead the Nation

Riviera International Academy

riviera international academy

रिभेरा इन्टरनेसनल एकेडेमी

Chabahil, Maijubahal, Kathmandu, Nepal
(Opp. to Hyatt Hotel's Main Gate)
Tel: 01- 4485087, 4462223, 4493801
Email: info@riviera.edu.np
Website: www.riviera.edu.np

+2

Science
Management
Humanities
Law

100% Result

in the
Board Examination of Grade XI 2075
in
Science, Management & Humanities

Scholarships Available

Riviera aims to develop the confident and resourceful individuals who lead satisfying and productive lives while contributing to their society, their country and their world. It creates an atmosphere that ensures knowing every student's intellect level and enhances student' ability to learn and encourages them to grow and lead.

Your Destination for 21st Century Skills

सम्बन्ध सुधारको ऐतिहासिक पाइला चाले पनि इरानसँगको तनाव घटाउन कुनै भूमिका खेलेन । उक्त सम्मेलनपूर्व अमेरिकाले इरानप्रतिको धम्कीपूर्ण व्यवहारमा परिवर्तन ल्याउँदै उसलाई निःसर्त वार्ताका लागि आह्वान गरेको थियो । तर इरानले नमानेपछि उसको सीमाक्षेत्रको समुद्रमा आफ्नो सैन्यबल बढाएको थियो । अमेरिकाको निगरानी ड्रोनलाई इरानले खसालेपछि इरानमाथि साइबर आक्रमण गरेको र एफ-२२ युद्ध विमान कतार पठाइसकेको स्थिति थियो । इरानले पनि युद्धका लागि सबै प्रकारले तयार रहेको र सीमा नाघेर युरेनियम प्रशोधन सुरु गर्ने घोषणा गरिसकेको थियो । इरानमाथि आक्रमण भए ऊ एक्लो हुने छैन भनी रुसले पनि चेतावनी दिइसकेको थियो । दुई साताअघि मात्र सम्पन्न सांघाई को-अपरेसन अर्गनाइजेसनमा इरानका राष्ट्रपति हसन रुहानीले पर्यवेक्षकका हैसियतले चेतावनीपूर्ण भाषण गरेका थिए । त्यसको संयुक्त वक्तव्यमा इरानको आणविक सहमतिप्रति समर्थन जनाइएको थियो । अमेरिकाका युरोपेली मित्रहरू पनि इरानविरुद्ध उसलाई साथ दिने मनस्थितिमा देखिएनन् । त्यसैले जी-२० ले समाधान निकाल्न नसके पनि यी सबै घटनाक्रमलाई नियाल्दा अमेरिकाले इरानमाथि नियोजित सैन्य आक्रमण गर्ने सम्भावना देखिँदैन । तर तनाव चरममा पुगेकाले दुर्घटनावश युद्धको सम्भावना नकार्न भने सकिँदैन ।

> कतिपय बेला हामी जस्ता 'विज्ञ' हरूले दस्तावेज नपढी बोल्नुपर्ने बाध्यता हुन्छ । मिडियाले पनि यो विषय बढी यथार्थपरक ढंगबाट उठाउन सक्थ्यो ।

अमेरिका र चीनबीच व्यापार युद्धमा जी-२० ले 'युद्धविराम' को सन्देश दिएको छ । तर यसपालि अमेरिकाले निकै झुकेर चीनसँग सम्झौता गरेको देखिन्छ । ट्रम्प-सी वार्तापछि अमेरिका र चीनको व्यापार वार्ता पुनः ट्र्याकमा आएको ट्रम्पको ट्वीटसँगै हुवावेसँगको व्यापारले मान्यता पाउनुपर्ने चीनको सर्त अमेरिकाले स्वीकारेको, हाल अमेरिकाले चिनियाँ सामानमा थप शुल्क नलगाउने निर्णय भएको र चीनले इरानको तेल किन्ने घोषणा गरिसकेको थियो । यी तीन वटै मुद्दामा चीनको कूटनीतिक विजय भएको छ र अमेरिकाको अत्यधिक दबाब र शुल्क राजनीतिको पराजय भएको देखिन्छ ।

जी-२० मा नाटो सदस्य टर्कीलाई रुसबाट हतियार किनेबापत शुल्क लगाउन अमेरिकाले नसकेझैँ भारतले पनि रुससँग किनेको हतियारबारे त्यसरी नै अमेरिका मौन बस्नुपरेको स्थिति छ । ट्रम्प जापान पुग्नुअघि र विदेशमन्त्री पोम्पिओ भारतमै हुँदै उनले भारतले अमेरिकी सामानमा लगाएको शुल्क हटाउनुपर्ने भनी एक कडा र अपमानजनक ट्वीट गरेका थिए । तर उनीसँगको भेटघाटमा भारतले यो प्रतिशोधी शुल्क हो र हटाइन्न भन्ने जवाफ दियो । चीनको हुवावेको फाइभ जी प्रविधि भारतले नकिन्नू भनी अमेरिकाले आग्रह गर्‍यो, भारतले मानेन । इरानबारे भारतले गम्भीर चासो व्यक्त गर्‍यो किनकि यदि त्यहाँ द्वन्द्व मच्चियो भने नेपालजस्तै मध्यपूर्वमा रहेका ८० लाख भारतीयको सुरक्षा जोखिममा पर्छ । संक्षेपमा, पोम्पिओ-मोदीबीचको वार्ता उपलब्धिविहीन भई टुंगिएको छ र यसले अमेरिकाको बहुप्रचारित इन्डो-प्यासिफिक रणनीतिको प्रभावकारितामा प्रश्नचिह्न उठाइदिएको छ ।

अर्कातिर बीआरआईको विरोध पनि गर्ने र एसियाली पूर्वाधार लगानी बैंकबाट ऋण लिई चीनसँग आर्थिक कारोबार पनि गर्ने, दुवै काम भारतले आफ्नो कूटनीतिक 'रणनीतिक स्वायत्तता' मार्फत सफलतासाथ गरिरहेको छ । तीव्र गतिले बदलिरहेको भूराजनीतिक परिवेशमा भारत र चीन पुनः नजिक आउने संकेत देखिन्छ । भारतले इरानको तेल खरिद गरेन भने उसको अर्थव्यवस्थामा पर्ने दुष्प्रभाव र इरानसँगको घनिष्ठ सम्बन्ध बिग्रियो भने रुस र युरेसियासँग जोडिने भारतको महत्त्वाकांक्षा सडक मार्गको परिकल्पना ध्वस्त हुने डर छ । त्यसकारण पनि चीनसँग मिलेर इरानबारे साझा रणनीति बनाउन र अमेरिकासँगको डलर आधारित व्यापारको विकल्पमा गैरडलर बहुपक्षीय व्यापारको सम्भावना खोज्न भारत बाध्य छ । भारतमा हुने मोदी-सी उहान २.० भेट यिनै एजेन्डामा केन्द्रित हुने अनुमान गर्न सकिन्छ ।

नेपाल राष्ट्र हो, 'घाँस' होइन

माथि भनिसकिएको छ, विश्वका प्रमुख घटनाले हाम्रो छिमेक र छिमेक नीतिमा पनि प्रभाव पारिरहेको हुन्छ । हाम्रा यी दुई महत्त्वपूर्ण र शक्तिशाली छिमेकीमाथि उल्लिखित कारणले नजिक आउनु नेपालका लागि खुसीको कुरा हो । हाम्रो छिमेक नीतिको एक प्रमुख प्रयत्न उनीहरूलाई नजिक बनाउन केन्द्रित हुनुपर्छ । तर केही विद्वान्ले नेपाल, चीन र भारतको सन्दर्भमा 'दुई हात्तीले प्रेम गरे पनि, झगडा गरे पनि दुःख पाउने घाँसले नै हो' भन्ने उक्ति निकै प्रयोग गरेको पाइन्छ । आफ्नो देशलाई 'घाँस' सम्झिनेहरूलाई मात्रै यो उक्ति सही लाग्न सक्ला । यी दुई छिमेकीको तुलनामा नेपाल सानो छ तर यो एक सार्वभौम राष्ट्र हो । हामीले 'सबैसँग मित्रता, छैन कसैसँग शत्रुता' को छिमेकी नीति अँगालेका छौँ । छिमेकी मिल्नु नै हाम्रा लागि श्रेयस्कर छ र उनीहरूबीचको सहयोगबाट निःसृत हुने एसियाली शताब्दीको अभूतपूर्व आर्थिक विकासको लाभ सबैभन्दा बढी पाउने देश नेपाल नै हुनेछ । अर्कोतर्फ यी दुई छिमेकी जुधे भने हाम्रै उखान 'साँढेको जुधाइ बाच्छाको मिचाइँ' चरितार्थ हुने सम्भावना नै बढी छ, जुन भारत-चीन डोक्लाम द्वन्द्वको बेला देखापर्न आँटेको थियो ।

चीन र भारत नजिक आएको खण्डमा नेपाल इन्डो-प्यासिफिक रणनीति र क्षेत्र र मार्गको पहलबीचको झडपबाट जोगिने सम्भावना बलियो बन्नेछ किनकि यी दुईबीच शक्ति प्रदर्शनको सम्भावना क्षीण भएर जानेछ । यदि अन्तर्राष्ट्रिय सम्बन्धमा यस प्रकारको बदलिँदो गतिशीलता हाबी हुँदै आयो भने नेपालको बुद्धिमत्तापूर्ण र सक्रिय कूटनीतिले भारत र चीनसँग त्रिपक्षीय सहकार्यलाई सशक्त रूपले अघि बढाउने वा इन्डो-प्यासिफिक क्षेत्रमा सैन्य र सुरक्षा चासोको 'रणनीति' लाई आर्थिक 'सहयोग र सहकार्य' तर्फ बदल्न भूमिका खेल्ने मात्रै होइन, यसले दूरगामी रूपमा बीआरआई-इन्डो-प्यासिफिक को-अपरेसनको आधारशिला राख्न पनि मद्दत पुर्‍याउन सक्छ । ने

Admissions Open

XI
Science
Management

ELIXIR ACADEMY

ELIXIR ACADEMY

इलिक्सर एकेडेमी

We, Our Country & The World

2002

Kumarigal, Chabahil, Ktm

4114460, 5712105

E-mail: info@elixir.edu.np

sarosprintmedia # 4481504

हच्चुवामै घोषणा

अनि ब्याक गियर

अपरिपक्व निर्णय गर्ने हुँदा सरकार बारम्बार प्रतिरक्षात्मक

जनक नेपाल

पहिलो संविधानसभा चुनाव, ०६४ । माओवादीको जगजगी थियो । भर्खरै शान्ति प्रक्रियामा आएको त्यो दलसँग दुस्मनी सम्बन्धमा थिए, एमाले नेता केपी ओली । झापास्थित आफ्नै निर्वाचन क्षेत्रको प्रचारसभामा जाँदा अवरोध गर्दै वाईसीएल कार्यकर्ताले गाडी फर्काउन लगाएथे ।

ओलीले झ्यालको सिसा खोल्दै जवाफ फर्काएथे, 'माफ गर्नुहोला । यो केपी ओलीको गाडी हो । यसमा ब्याक गियर हुँदैन ।'

त्यही माओवादीसँग गठबन्धन गर्दै प्रधानमन्त्री बनेका ओली यसपल्ट भने अधिकांश निर्णयमा ब्याक गियर लगाएको लगायै छन् । अपरिपक्व निर्णय गरेपछि त्यसबाट फर्कनुपर्ने शिक्षा लिन नसक्दा बितेको डेढ वर्षमा सरकारले यस्ता ब्याक गियरको शृंखला नै खडा गरेको छ ।

काठमाडौंमा नेपाली लगानीमा गर्न लागिएको भारतीय फिल्म अवार्ड (आइफा) का लागि सरकारले अनुमति दिइसकेको थियो । काठमाडौं महानगर र पर्यटन बोर्डले ४४ करोड नगद तथा अन्य व्यवस्थापन गर्नुपर्ने सर्त आयोजकको थियो । चौतर्फी विरोधपछि अन्ततः सरकार उक्त निर्णयबाट पछाडि हट्यो । झट्ट हेर्दा संसद्को अन्तर्राष्ट्रिय सम्बन्ध समितिको निर्देशन देखिए पनि एसिया प्यासिफिक समिट (८-१४ मंसिर ०७५) झैं विरोध खेप्नुपर्ने छनक पाएपछि सरकार पछि हट्ने भएको छ । ओली भने अनुकूल समयमा आयोजना गर्ने जिकिर गर्दै छन् ।

विवादित मात्र होइन, केही राम्रा निर्णय कार्यान्वयनको आँटसमेत उनले गर्न सकेनन् । पार्टी र सरकार वरपरका स्वार्थ समूह हाबी भइदिँदा राम्रा निर्णय उल्ट्याउनुपर्ने स्थितिमा पुगेको बुझ्न कठिन छैन । त्यसले एकातिर राम्रा निर्णयमा टिक्न नसक्ने र अर्कोतर्फ गलतमा जनदबाब नआउन्जेल घुँडा टेकेरै पैरवी गरिरहने मनोदशा सरकारमा देखिन्छ ।

झन्डै दुई तिहाइ बहुमतको सरकार ६ महिना नपुग्दैदेखि आलोचित बन्न पुग्यो । ठूला परिवर्तनकारी नीति-निर्णय वा वर्षौंदेखि लगाइएका नारा कार्यान्वयन गर्न खोज्दा तारो बन्नुपरेको होइन । सरकारको प्राथमिकता निर्धारणमै समस्या देखियो ।

त्योभन्दा धेरै प्रधानमन्त्री ओलीको शासकीय शैली र मन्त्रीहरूका बोली-व्यवहारले आलोचना निम्त्याएका हुन् । विश्लेषक कृष्ण पोखरेल सरकारलाई असफल पार्ने डिजाइन बनिरहेका बेला प्रधानमन्त्री ओलीका आफ्नै कार्यशैलीले त्यसलाई सघाइरहेको बताउँछन् । "राज्य सञ्चालनको अनुभव भएका तीन जना पूर्वप्रधानमन्त्री नेकपामै छन् । व्यवस्थित नीति र योजनासहित ल्याइए कुनै कार्यक्रमलाई ब्याक गियर लगाउनुपर्दैन," उनी भन्छन् ।

गुठी विधेयकमा उर्लिएको विरोध सरकारका लागि बिर्सनलायक छ । उपत्यकाभित्र राम्रो जनमत रहेको सत्तारुढ नेकपाको राजनीतिक धरातल नै हल्लाइदिने गरी रैथाने समुदाय विधेयकको विरोधमा उत्रिए । एक दिनअघि नै विधेयक फिर्ता लिइएकाले आक्रोशको तारो हुनुपरेन । तर उक्त विरोधले सरकारलाई राम्रै खबरदारी गरेको छ ।

२ असारमा राजपत्रमै प्रकाशित गरेर सरकारले 'ताजा तरकारी तथा फलफूल पैठारी गर्दा सम्बन्धित भन्सार बिन्दुमा क्वारेन्टाइन र जीवनाशक विषादीको अवशेष परीक्षण अनिवार्य रूपमा गर्नुपर्ने' निर्णय गऱ्यो । तर प्रयोगशालाको अभावलाई कारण देखाएर

ADMISSION
OPEN

+2

SCIENCE
MANAGEMENT
HUMANITIES

Southwestern
State College

SWSC

quality austria
central asia
Succeed with Quality

(Southwestern State Secondary School)
(ISO 9001:2015 QMS Certified College)
P.O.Box 8975 EPC 5343, Basundhara, Ring Road, Kathmandu, Nepal
Tel: 4355457, 4355458, 4386107, 4389676, Fax: 977-1-4356482

www.southwestern.edu.np

दुई सातामै यो निर्णयबाट पनि पछाडि हट्यो । विषादी परीक्षण गर्नुपर्ने भएपछि भारतीय तरकारी तथा फलफूल सीमामै रोकिएका थिए । त्यसैले उक्त निर्णय फिर्ता लिन भारतीय दबाब थियो ।

पत्रकारिताका कमजोरी देखाउने नाममा तिनमाथि उल्टै अंकुश लगाउने रणनीतिमा सरकार देखियो । सिंगो सञ्चार क्षेत्र असन्तुष्ट हुने गरी आएको मिडिया काउन्सिल विधेयकका कतिपय प्रावधानले त्यही संकेत गर्छ । मिडिया क्षेत्र सडकमा उत्रिएपछि सरकार प्रतिरक्षात्मक बन्न पुग्यो । प्रेसलाई 'सबक' सिकाउने मनसायमा देखिएको सरकार अन्ततः दण्ड-सजाय घटाएर विधेयक संशोधन गर्ने आश्वासन मात्र दिएन, प्रेस स्वतन्त्रताप्रतिको आफ्नो प्रतिबद्धतासमेत दोहोऱ्याउनुपर्ने ठाउँमा पुगेको छ । विधेयक फिर्ता वा संशोधन त भइसकेको छैन तर प्रधानमन्त्री ओलीको विदेश यात्रा अवधिका लागि कार्यवाहक प्रधानमन्त्री रहेका ईश्वर पोखरेल र नेकपा संसदीय दलका उपनेता सुवासचन्द्र नेम्बाङले विधेयक मिडियामैत्री भएर आउने प्रतिबद्धता जनाइसकेका छन् ।

ओली नेतृत्वको सरकार गठनलगत्तै पूर्ववर्ती चुनावी सरकारले गरेका सबै नियुक्ति खारेजी निर्णय गरियो । सरकारले प्रदेश प्रमुखसहित विभिन्न राजनीतिक नियुक्ति बदर गर्न चाहेको थियो । तर प्रदेश प्रमुखमा हातै हालेन । अरू अदालतबाट पुनर्बहाली भए । पर्याप्त कानुनी परामर्शबिनै हचुवामा गरिएको उक्त निर्णयबाट पछि फर्किनु सरकारको पहिलो ब्याक गियर थियो ।

नेपाल दूरसञ्चार प्राधिकरण अध्यक्षमा दिगम्बर झाको नियुक्ति त्यस्तै विवादमा पऱ्यो । सरकारको तर्क थियो, 'उनी अदालतबाट पुनर्बहाली हुनेवाला थिए । त्यसका लागि दिएको मुद्दा फिर्ता लिएकाले झालाई नियुक्त गरिएको हो ।' जुनसुकै सरकार रिझाउन खप्पिस उनको नियुक्तिले सत्तारुढ नेकपाभित्र खैलाबैला मच्चियो । विरोध थाम्न नसकेपछि सरकार पछाडि हट्यो र उनलाई राजीनामा गराइयो ।

एनजीओकरणका विकृति नियन्त्रण गर्न गरिएको पहल त्यसै थन्कियो । गृह मन्त्रालयले २५ जेठ ०७५ मा देशभरका जिल्ला प्रशासन कार्यालयलाई गैससका गतिविधि पारदर्शी र सम्पत्ति सार्वजनिक गरी नियमन गर्न परिपत्र पठायो । त्यसका लागि महिला, बालबालिका, ज्येष्ठ नागरिक तथा समाज कल्याण मन्त्रालयसँग २३ जेठमा परामर्शसमेत गरिएको थियो । तर गैसस महासंघको विरोधपछि सरकार पछाडि हट्यो । २ असारमा तत्कालका लागि निर्देशन अघि नबढाउनू भन्ने अर्को पत्र पठायो । गैसस क्षेत्रमा सत्तारुढ नेकपाको बलियो पकड मानिन्छ । खासगरी पूर्वएमालेको ठूलै शुभेच्छुक समूहले गैससलाई पेसा बनाएको छ । पार्टीकै दर्जनौं केन्द्रीय नेताका आ-आफ्नै गैसस छन् । त्यही दबाब खेप्न नसकेर प्रधानमन्त्री ओलीले उक्त निर्णयमा पनि ब्याक गियर लगाएको गृह स्रोत बताउँछ ।

दातृ निकायलाई एकद्वार प्रणालीबाट सरकारी प्राथमिकताका क्षेत्रमा लगानी गर्नुपर्ने व्यवस्थासहितको परराष्ट्र मन्त्रालयले अघि सारेको सदाचार नीतिबाट सरकार उसैगरी पछाडि फर्कियो । सो नीतिविरुद्ध संयुक्त राष्ट्रसंघीय अधिकारीसहित दातृराष्ट्रका प्रतिनिधिले लबिइङ गरेपछि सरकारले ब्याक गियर लगाउनुपऱ्यो ।

सरकार निर्माण व्यवसायीसँग पनि झुक्यो । सार्वजनिक खरिद ऐनको संशोधनले विवादित निर्माण व्यवसायीलाई अर्को ठेक्काका लागि अयोग्य बनाएको थियो । तर व्यवसायीले आन्दोलन घोषणा गरेर सरकारलाई निर्णयबाट पछि फर्काइदिए । त्यसअघि गत वर्ष नै गृह मन्त्रालयले तोकिएको म्यादभित्र निर्माण पूरा नगर्ने व्यवसायीलाई कस्न खोजेको थियो । नेकपा अध्यक्ष पुष्पकमल दाहालका घरबेटी शारदाप्रसाद अधिकारी नै त्यसरी कारबाहीमा पर्ने व्यवसायीको सूचीमा देखिएपछि गृहमन्त्री रामबहादुर थापा पछाडि फर्किन बाध्य भएका थिए । निर्माण व्यवसायीलाई गृहले धरपकड गर्न थालेपछि भौतिक योजना तथा यातायात मन्त्रालयले आफ्नो अधिकार क्षेत्र हस्तक्षेप भएको भन्दै आपत्ति जनाएको थियो । विवादित व्यवसायी र पार्टी नेतृत्वको सम्बन्ध तथा अन्तरमन्त्रालय हानथापले सरकार ब्याक गियर लगाउनुपर्ने स्थितिमा पुगेको थियो ।

राम्राले टुंगो पाएनन्

ओली सरकारको अर्को कमजोरी भनेको हात हालेको काम टुंगोमा नपुऱ्याउनु हो । अघिल्लो वर्ष सरकारले यातायात क्षेत्रको सिन्डिकेट तोड्ने संकल्प गर्दा प्रशंसा कमाएको थियो । त्यही जनसमर्थनकै बलमा सरकारले यातायात व्यवसायीको आन्दोलन तुहाइदियो । तर एक वर्षसम्म यातायात क्षेत्र व्यवस्थित गर्न सकेन । यातायात समितिका बैंक खाता र



Admission OPEN

+2

SCIENCE | MANAGEMENT
HUMANITIES | LAW

Entrance Examinations:
29 Ashad, 2076, Sunday

Big
Dream Big
You have to think big to be big.

NEPAL
MEGA COLLEGE
mega centre for excellence

www.nepalmegacollege.edu.np

नेपाल मेगा कलेज
बबरमहल, काठमाडौं
Phone: 01-5705488, 5706177, 5706092
Email: info@nepalmegacollege.edu.np

सम्पत्तिबारे निर्णय लिन सकेको छैन । यातायात प्राधिकरणको अवधारणा ल्याए पनि मूर्त रूप लिन सकेको छैन । त्यसैले यात्रुले सिन्डिकेट हट्दासमेत पुराना समस्यामा सुधारको महसुस गर्न सकेनन् ।

ठूलै तामझाम साथ योगदानमा आधारित सामाजिक सुरक्षा कार्यक्रम घोषणा गरियो । रोजगारदाता दर्ता गरी १ साउनदेखि कोषमा रकम जम्मा हुनुपर्ने हो । तर सरकारले रोजगारदाता कम्पनीलाई न विश्वासमा लिन सक्यो, न त श्रमिक हितसँग जोडिएको कार्यक्रमलाई बाध्यकारी बनाउन सक्यो । घोषणामा जुन उत्साह थियो, कार्यान्वयनमा त्यो देखिएको छैन । त्यस्तै हालत प्रधानमन्त्री रोजगार कार्यक्रमको देखिएको छ । प्रस्ट मापदण्ड र क्षेत्र नछुट्याउँदा कार्यक्रम कर्णाली रोजगारजस्तै बेरोजगारलाई विभिन्न काम देखाएर पैसा बाँड्नेजस्तो भएको छ । झार गोड्न र बाँदर धपाउन बजेट खर्च भएका तथ्य सार्वजनिक भइसकेका छन् ।

वैदेशिक रोजगारीलाई व्यवस्थित गर्ने भन्दै सरकारले कामदारको काम भएका देशसँग एकपछि अर्को श्रम समझदारी गरिरहेको छ । तर सबैभन्दा धेरै माग भएको मलेसियामा एक वर्षदेखि श्रमिक पठाउन रोकेको छ । यसले कार्यक्रम घोषणा गर्ने, कार्यान्वयन गर्न नसक्ने श्रम तथा रोजगार मन्त्रालयको क्षमतामाथि प्रश्न उठाएको छ । अघिल्लो कार्यकालमा विद्युत् महसुल नतिर्ने ग्राहकको लाइन काटेर चर्चा बटुलेका गोकर्ण विष्ट यस पटक भने नतिजा दिन नसक्दा असफलजस्तै बनेका छन् ।

राम्रो तयारी नगरेरै घोषणा गर्ने र कार्यान्वयनमा ध्यान नदिइँदा लोकप्रिय कार्यक्रमबाट पनि आम नागरिकले राहत महसुस गर्न सकेका छैनन् । तल्लो तहसम्म पार्टी कमिटी लथालिंग हुनुको असर सरकारी नीति तथा कार्यक्रमको प्रचारप्रसार एवं कार्यान्वयनमा समेत परेको ठान्छन्, विश्लेषक पोखरेल । "०५१ मा एमाले सरकारका लोकप्रिय कार्यक्रमलाई कार्यकर्ताले प्रचार र कार्यान्वयनमा निगरानी गरेकाले सफल भए । अहिले त्यस्तो देखिँदैन," उनी भन्छन् ।

प्रधानमन्त्रीका जनसम्पर्क सल्लाहकार अच्युत मैनाली भने ओलीको अठोट, भिजन र स्पिरिटलाई व्यवहारमा उतार्न र लय मिलाउन नसकिएको बताउँछन् । "आम नागरिकले अनुभूत गर्ने गरी काम हुन नसकेकामा प्रधानमन्त्री चिन्तित हुनुहुन्छ । कमी-कमजोरी सच्याएर नतिजामुखी काम गर्नेमा उहाँको जोड छ," मैनाली भन्छन् ।

“

व्यवस्थित नीति र योजनासहित ल्याइए कुनै कार्यक्रमलाई ब्याक गियर लगाउनुपर्दैन ।

– कृष्ण पोखरेल
विश्लेषक

शासनशैलीमै प्रश्न

सरकारलाई शृंखलाबद्ध ब्याक गियर लाग्नुमा प्रधानमन्त्री ओलीको शासकीय शैलीमाथि धेरै प्रश्न उठेका छन् । उनमा अरूका कुरा नसुन्ने, पार्टीका नेता र भिन्न क्षेत्रका विज्ञसँग परामर्श नगर्ने, सार्वजनिक कार्यक्रममै अरूलाई घन्टौं कुराउने प्रवृत्ति देखिन्छ । चाकडीमा रमाउने बुझेपछि नै ओलीलाई खुसी पार्न कार्यक्रममा छुट्टै तामझाम र अग्लो-भिन्न कुर्सीको प्रबन्ध मिलाउन थालेका छन् । त्यसको पछिल्लो उदाहरण बन्यो, १४ असारको वृक्षारोपण उद्घाटन । वन तथा वातावरणमन्त्री शक्ति बस्नेत र सचिव विश्वनाथ ओलीले वाङमय शताब्दी पुरुष सत्यमोहन जोशी, गृहमन्त्री रामबहादुर थापालगायतका अतिथिलाई अर्को लहरमा राखेर प्रधानमन्त्री ओलीका लागि सिंहासन नै बनाइदिएका थिए ।

योगदानमा आधारित सामाजिक सुरक्षा कार्यक्रम उद्घाटनका बेला पनि उसैगरी बिजुलीका पोलमा तस्बिर झुन्ड्याएर होस् वा अखबारमा ज्याकेट विज्ञापन गरिएको थियो । ओलीले नचाहेको भए यस्ता तामझाम बारम्बार दोहोरिने थिएनन् । स्वकीय सचिवालय र सल्लाहकार टोलीले ओलीलाई फराकिलो जनसम्पर्कबाट खुम्च्याउँदै लगेको छ । त्यसमाथि अन्तरपार्टी संघर्षका असन्तुष्टि पनि सरकारको आलोचनामा पोखिएका छन् । "प्रधानमन्त्री त ठीकै हुन्, सल्लाहकार बेठीक हुन्, मन्त्री ठीक भएनन् भन्न मिल्दैन," प्राध्यापक खनाल भन्छन्, "ठीक भएनन् भने फर्कनुपर्‍यो । भरोसायोग्य टिम तयार गर्नुपर्‍यो । सफलता वा असफलताको कारक प्रधानमन्त्री आफैं हुने हो ।"

राजनीतिशास्त्रका प्राध्यापक कृष्ण खनाल



“

प्रधानमन्त्रीको भाषणका भरमा समृद्धि आउँदैन । थिंक ट्यांकले आधार तय गर्नुपर्थ्यो । चिन्तनबिनाको रहरले काम गर्दैन ।

– कृष्ण खनाल
राजनीतिशास्त्री

बिनातयारी समृद्धिको यात्रा गर्न खोज्दा सरकार दिशाविहीन बन्न पुगेको बताउँछन् । "ओलीको समृद्धि सपना र इमानदारीमाथि प्रश्न नउठाऔं । तर एउटा व्यक्तिको क्षमताले त्यो सम्भव हुने होइन," उनी भन्छन्, "प्रधानमन्त्रीको भाषणका भरमा समृद्धि आउँदैन । थिंक ट्यांकले आधार तय गर्नुपर्थ्यो । चिन्तनबिनाको रहरले काम गर्दैन ।"

थिंक ट्यांकलाई ओलीले सुरुमा निकै महत्त्व दिएका थिए । प्राध्यापक चैतन्य मिश्रको संयोजकत्वमा गठन पनि गरियो । तर त्यसले राम्ररी काम नथाल्दै मिश्र राजीनामा दिएर बाहिरिए । प्रधानमन्त्रीका सल्लाहकार मैनाली थिंक ट्यांक संस्थागत गर्ने प्रशासनिक झन्झट नरुचाएर मिश्रको राजीनामा आएको बताउँछन् । "प्रधानमन्त्रीले बेवास्ता गरेको भन्ने होइन । सल्लाह-सुझाव लिई नै रहनुभएको थियो," उनी भन्छन्, "अफिस व्यवस्थापनका लम्बेतान प्रशासनिक प्रक्रिया रहेछन् । त्यो नरुचाएरै छाड्नुभयो भन्ने लाग्छ ।" सरकारलाई प्रभावकारी र झट्ट ब्याक गियर नलाग्ने गरी सञ्चालन गर्न प्रधानमन्त्री ओलीले शासकीय शैली र सचिवालय पुनरावलोकन गर्नुपर्ने विश्लेषक पोखरेल बताउँछन् ।

अहिले मन्त्रिपरिषद्मा निर्णयबारे प्रधानमन्त्रीसँग राय बझाउन सक्ने हैसियतका मन्त्रीको पनि कमी छ । सरोकारवालासँग परामर्श नगरेरै ल्याउँदा विधेयक विवादित भइरहेका छन् । चौतर्फी असन्तुष्टि र आलोचनाबीच प्रधानमन्त्री ओलीले आउँदो भदौसम्म आलोचना समाप्त हुने दाबी गरेका छन् । तर अहिलेकै टिम र कार्यशैलीबाट त्यो सम्भव देखिँदैन । ने

Education for life

Attractive Scholarship for deserving students.

ADMISSION OPEN

+2 Science Management

Kathmandu Valley School & College 2054

Kathmandu Valley SCHOOL COLLEGE

GPO Box No: 25129
Museum Road, Chhauni, Ktm.
Tel: +977 1 4271562, 4281484
Fax: +977 1 4272429
Email: info@kvc.edu.np
Web: www.kvc.edu.np

GLOBAL COLLEGE

The First Choice in +2 Management

Global College of Management (GCM) aims to be a globally reputed learning center recognized for its academic excellence in teaching and research in business and management studies.

ADMISSION OPEN | +2 MANAGEMENT

GCM is best known for:

- Best teachers, best students & best environment
- Series of extra & co-curricular activities for holistic personality development of students
- Research oriented practical exposure for skill development
- Constantly achieving outstanding results
- Excellent track records in further study and job placement in and outside Nepal

Application Criteria:
At least
2.8 GPA
in SEE.

GLOBAL COLLEGE OF MANAGEMENT

An Excellent Center for Management Studies

www.globalcollege.edu.np

Kathmandu-31, Devkota Sadak, Mid-Baneshwor, Tel: 4490021, 4490022

Let's move ahead with

SCIENCE & DISCOVERIES

Critical Thinking &

INNOVATIONS

Dr. Mahabir Pun

Let your dream of being

DOCTOR
ENGINEER
& SCIENTIST

come true

ADMISSION OPEN | +2 SCIENCE

After a successful endeavor of Global College of Management, we share our happiness for launching education in SCIENCE and TECHNOLOGY through Global School of Science. We believe that science, technology, and innovation together can bring positive changes to the life of people.

join +2 Science at

Global College Associate

SAY Yes TO SCIENCE & TECHNOLOGY

SAY Yes TO INNOVATION

GLOBAL SCHOOL OF SCIENCE

An Exclusive Center of +2 Science

GLOBAL SCHOOL OF SCIENCE

Basuki Marg, Baneshwor, Kathmandu, Phone: 014488312, 014472083

नयाँ नयाँ विषय

विद्यार्थीको अभिरूचि बुझेर पाठ्यक्रम थप्दै स्कुल/कलेज

को लहर

सुनिता लोहनी

काठमाडौँको क्याम्ब्रिज पब्लिक हाई स्कुलबाट माध्यमिक विद्यालय परीक्षा (एसईई) गरेका अस्मिन अधिकारी, १६, अहिले विभिन्न कलेज धाउँदै छन् । एसईईमा ३.७ जीपीए ल्याएका अस्मिनले एक कलेजमा प्रवेश परीक्षासमेत दिइसके । भन्छन्, “डाक्टर बन्ने इच्छा भएकाले विज्ञानमा कक्षा ११ पढ्न लागेको ।”

यसपालि एसईई गरेका अस्मिनजस्ता विद्यार्थी तथा तिनका अभिभावक विभिन्न अध्ययन संस्था धाउनमै व्यस्त छन् । कतिपय विद्यार्थी आफू पढेको विद्यालयमा कक्षा ११ र १२ भए पनि नयाँ परिवेश र माहोल खोजिरहेका छन् । आफ्नो विद्यालयमा पढ्न चाहेको विषय नभएपछि अन्यत्र गइरहेका दृष्टान्त पनि थुप्रै छन् ।

विद्यालय स्तरको पढाइ सकिनु भनेको स्वतन्त्रता र बृहत् जिम्मेवारीतर्फ नजिक हुनु पनि हो । शिक्षा ऐन (आठौँ संशोधन ०७३) ले कक्षा ९ देखि १२ सम्मलाई माध्यमिक शिक्षाका रूपमा परिभाषित गरेको छ भने राष्ट्रिय परीक्षा बोर्डले विद्यार्थीको मूल्यांकन नतिजा पनि ग्रेडिङ प्रणालीमा गर्न थालेको छ । कतिपय विद्यालयले ११ र १२ को संरचना नराखिसकेकाले कैयौँ विद्यार्थी प्लस टु पढ्न अन्य शैक्षिक संस्था धाउन बाध्य छन् ।

कलेज बुझ्न आउने अधिकांश विद्यार्थीले खासै प्रश्न नगरेको शिक्षकको अनुभव छ । द टाइम्स इन्टरनेसनल कलेजका प्रिन्सिपल शंकरप्रसाद गैरे भन्छन्, “आफू के पढ्ने, त्यो विषय लिँदा के-कस्तो फाइदा हुन्छ भनेर सोध्ने न्यून छन् ।” विद्यार्थी चुप बस्नाले चुनौती थप बढेको उनी मान्छन् । विद्यार्थीको जीवनको महत्त्वपूर्ण क्षण भएकाले निडर भएर निर्णय लिन प्रोत्साहन गरिरहेको प्रिन्सिपल गैरे बताउँछन् ।

सामान्य फेरबदल

पहिले उच्च माध्यमिक शिक्षा परिषद्ले जे पाठ्यक्रम बनाएको थियो, कक्षा ११ र १२ मा त्यसैको आधारमा पठनपाठन भइरहेको छ । पुराना पाठ्यपुस्तकलाई सामान्य परिवर्तन गरी विद्यार्थीले ५ वटा विषय पढिरहेका छन् । त्यसमा नेपाली र अंग्रेजी अनिवार्य विषय छन् । अन्य विषय संकाय



स्रोत : राष्ट्र बैंक

मैथिलीलगायत स्थानीय भाषा मात्र होइन, अन्तर्राष्ट्रिय भाषा पढ्न चाहने विद्यार्थीका लागि कोरियन, जापानिज, जर्मन भाषा ऐच्छिक विषयका रूपमा कक्षा ११ र १२ मा राख्न विज्ञसँग छलफल चलाएको छ ।

थरी-थरीका विषय

कुमारीपाटीमा रहेको ओमेगा सेकेन्डरी स्कुलले यस वर्षदेखि कक्षा ११ र १२ मा जापानी भाषालाई ऐच्छिक विषयको रूपमा पढाउँदै छ । १ सय पूर्णांक रहने यो विषयमा जापानी भाषा व्याकरणसहितको आधारभूत पाठ्यक्रम हुनेछ । ११ र १२ दुवैमा पढाइ हुने यो भाषा सरकारले उच्च शिक्षा अध्ययन र रोजगारीका लागि जापान खुलाएपछि स्कुलले त्यहीअनुरूपको जनशक्ति निर्माण गर्न पाठ्यक्रममा राखेको प्रिन्सिपल लावण्यप्रसाद ढुंगाना बताउँछन् ।

स्कुलले न्याय सेवामा खरिदार र नायब सुब्बाको काम गर्ने कर्मचारी अभाव भएपछि सरकारी नीतिअनुरूप मानविकीअन्तर्गत कानुनको एक विषय राखेको छ। ओमेगा मात्र होइन, कानुन विषयलाई कक्षा ११ र १२ मा प्राथमिकतामा हेरेर राखिएको छ। शैक्षिक संस्थाले कतिपय विषय अन्तर्राष्ट्रिय स्तरलाई अभ्यास गर्दै क्रेडिट नआउने हिसाबले पाठ्यक्रम विकास गरी पढाइरहेका छन्।

कक्षा ११ र १२ मा संकाय हटाउने भनिए पनि त्यसअनुरूप पाठ्यक्रम भने विकास भइसकेको छैन । संकाय नहट्दा केही विद्यार्थी, अभिभावक एवं कलेज अझै उल्झनमा रहेको शिक्षाविद्को मत छ। निजी विद्यालयको संगठन हिसानका वरिष्ठ उपाध्यक्ष युवराज शर्मा सरकारले तयारीबिनै ७ विषय पढाउन खोज्नु गलत भएको औँल्याउछन् ।

दक्षिण एसियाली मुलुकमै पनि ५ विषय पढाइ भइरहेकामा हचुवाका भरमा यस्तो निर्णय गर्न नहुने उनको तर्क छ। भन्छन्, "सरकार तयारीबिनै योजना ल्याउँछ। अहिले पनि नयाँ पाठ्यक्रम थप्ने भनेको छ । तर त्यसका लागि खोइ त शिक्षक दरबन्दी र सोहीअनुरूपको भौतिक संरचना ?"

शर्मा प्रिन्सिपल रहेको तीनकुनेस्थित हिमालयन ह्वाइटहाउस कलेजले कक्षा ११ र १२ का विद्यार्थीलाई आन्तरिक र बाह्य बजारमा प्रतिस्पर्धा गर्न सक्षम बनाउन एकाउन्टिङ ट्याली, एनिमेसन, भिडियो सम्पादन, व्यवसायी बन्ने तालिम अतिरिक्त विषयका रूपमा पढाउँदै आएको छ। यस्तै, स्नातकमा इन्जिनियरिङ पढ्न चाहनेका लागि पाठ्यक्रम बनाएरै पढाइरहेका छन् ।

पाठ्यक्रम विकास केन्द्रका महानिर्देशक लेखनाथ पौडेलका अनुसार नयाँ पाठ्यक्रम भने ०७७ बाट मात्रै लागू हुनेछ । कक्षा ११ र १२ का ३ ऐच्छिक समूहमा ब्युटिसियन तालिमदेखि बुद्धौली शिक्षा तथा अन्तर्राष्ट्रिय भाषालगायत ६० भन्दा बढी विषय समेटिएका छन्। अब आउने ढाँचामा ४ वटा अनिवार्य विषय हुनेछन्, नेपाली, अंग्रेजी, सामाजिक र जीवनोपयोगी शिक्षा। अरू ३ वटा समूहमा रहेका ऐच्छिक विषयमध्ये एक छान्न पाइनेछ ।

अब संकायभन्दा पनि विद्यालय र विद्यार्थीले माग गरेअनुसारका विषय पढाइ हुने पौडेल बताउँछन् । भन्छन्, "विज्ञान लिएर पढ्नेले मानविकी पनि पढ्न सक्छ तर स्नातक गर्ने बेला उसले कक्षा ११ र १२ मा लिएको विषय त्यसमा सहयोगी हुन्छ कि हुँदैन, त्यो भने ध्यानमा राख्नुपर्नेछ ।"

केन्द्रले सूचना तथा सञ्चार प्रविधि, सहकारी व्यवस्थापन, मानव मूल्य, बौद्ध दर्शन, औषधी, जडीबुटीजस्ता विविध विषय पनि समेटेको छ । साथै, मुन्धुम (किराती) शिक्षा,



स्रोत : आर्थिक सर्वेक्षण/शिक्षा मन्त्रालय

ISO 9001:2008 Certified College

13th years OF EXCELLENCE IN EDUCATION SECTOR

20th Positions In Ranking of Nepalese Universities & Colleges 21533 Positions In World Ranking

We will not only EDUCATE you
We will shape your FUTURE

Be a Part of us

A part of prestigious GOLDENGATE family

ADMISSION OPEN +2

SCIENCE
MANAGEMENT
HUMANITIES

GOLDENGATE INT'L COLLEGE

GOLDENGATE INT'L COLLEGE

Wisdom Tower, Trikuti Colony, Old Baneshwor, Battisputali, KTM
Ph: **4479434/4479435/4477082/4466795/4495165** G.P.O Box: 4059
E: info@goldengate.edu.np **W:** www.goldengate.edu.np

WE ARE TOGETHER FOR A BETTER TOMORROW



स्रोत : आर्थिक सर्वेक्षण/शिक्षा मन्त्रालय

राख्ने। रिभेरा इन्टरनेसनल एकेडेमी, चावहिलले ०७४ देखि नै कक्षा ११ र १२ मा कानुन विषय पढाउन थालेको छ। प्रिन्सिपल प्रज्ज्वल कोइरालाका अनुसार ०५१/०५२ मा प्रवीणता प्रमाणपत्र तहमा कानुन संकाय हटाउँदा टिप्पणी लेख्ने, मिसिल उठाउनेजस्ता सामान्य कामका लागि दक्ष जनशक्ति अभाव भयो। फेरि सरकारले पछिल्लो समय कम्पनी र संस्थान तथा नगरपालिका र गाउँपालिकामा अनिवार्य कानुन अधिकृत हुनुपर्ने प्रावधान राखेको छ। यसले पनि न्याय क्षेत्रमा जनशक्तिको खाँचो बजारमा छ।

कक्षा ११ र १२ मा पूर्ण रूपमा कानुन संकाय पढाउने पहिलो कलेज हो, काठमाडौं मोडेल कलेज (केएमसी), ललितपुर। अरूले मानविकीअन्तर्गत कानुनको एक विषय पढाउँछन् भने केएमसीमा ११ मा कानुनका ३ विषय पढाइ हुन्छन् भने १२ मा ५ विषय। पढाइसँगै प्रयोगात्मक कक्षाका रूपमा कानुनी मस्यौदा तयार पार्न सिकाइन्छ। स्नातकमा यदि कानुन विषय थप पढ्न मन नलागे त्रिभुवन विश्वविद्यालय र पूर्वाञ्चल विश्वविद्यालमा व्यवस्थापन विषय पढ्न सकिने अवसर रहेको प्रिन्सिपल सुरेन्द्र सुवेदी बताउँछन्।

पाठ्यक्रम विकास केन्द्रले जीवनोपयोगी शिक्षा भनेर नयाँ पाठ्यक्रम थप्दै छ। तर रिभेरा इन्टरनेसनल एकेडेमीले पहिलेदेखि नै कक्षा ११ र १२ का विद्यार्थीका लागि '२१ औं शताब्दीका सीप' नामक ऐच्छिक विषय पढाइरहेको छ। प्रिन्सिपल कोइराला भन्छन्, "विद्यार्थीलाई सिर्जनात्मक बनाउन, विश्लेषण गर्न, प्रस्तुति शैली, प्रविधि प्रयोग र नैतिक मूल्य-मान्यता हामीले पढाइरहेका छौं।" उनका अनुसार बोल्ने शैली, आन्तरिक सीप सुरुदेखि नै विकास गर्दै गए पछि बजारमा प्रतिस्पर्धा गर्न सजिलो हुन्छ।

अर्थ मन्त्रालयको ०७५/७६ को तथ्यांकअनुसार पर्यटन क्षेत्रले कुल गार्हस्थ उत्पादनको २.१ प्रतिशत योगदान दिएको छ। सरकारले सन् २०२० लाई भिजिट वर्षका रूपमा मनाउँदै छ। यसका लागि थप नयाँ १ सय गन्तव्य पहिचान गरी त्यसको बजारीकरण सुरु भइसकेको छ। पर्यटन व्यवस्थापनका लागि बजारमा दक्ष जनशक्ति माग उच्च छ। यो माग धान्न हाम्रा कलेज कत्तिको सक्षम छन् त ?

ज्ञानेश्वरस्थित इन्टरनेसनल स्कुल अफ टुरिजम एन्ड होटल म्यानेजमेन्ट (आईएसटी) कलेजले स्थापना कालदेखि नै होटल म्यानेजमेन्ट र ट्राभल एन्ड टुरिजम म्यानेजमेन्ट पढाउँदै आएको छ। युरोपेली मुलुक अस्ट्रियाको पर्यटन विश्वविद्यालय सार्चबर्गसँग सम्बन्धनप्राप्त आईएसटीले होटल व्यवस्थापन सम्बन्धका विभिन्न आधारभूत तालिम दिई प्रमाणपत्र प्रदान गर्दै आएको छ।

विद्यार्थीलाई सामान्य पाठ्यक्रम पढाउनेभन्दा पनि अन्तर्राष्ट्रिय मापदण्डअनुरूपका प्रयोगात्मक कक्षा सञ्चालन गर्दै आएको कलेजकी प्रिन्सिपल सम्झना बस्नेत बताउँछिन्। भन्छिन्, "सरकारले भनेअनुसारको पाठ्यक्रम त छँदै छ, साथमा बारिस्टा, बार र बेकरीको तालिम पनि हामी दिइरहेका छौं।" कक्षा १२ मा पुगेपछि उद्योगमा ३ महिना थप इन्टर्नसिप गर्ने व्यवस्थाका कारण विद्यार्थीले स्तरीय होटलमा जागिर पाएका छन्। १८/१९ वर्षमै उनीहरू बजारमा उत्कृष्ट कर्मचारीका रूपमा पुरस्कृत भइरहेका छन्।

मानविकी र ललितकलाको प्रभाव

नयाँ बानेश्वरस्थित नोबेल एकेडेमीले विज्ञान, व्यवस्थापन संकायसँगै यसै वर्षदेखि ललितकला पनि थपेको छ। एकेडेमीका संस्थापक अध्यक्ष सुरेन्द्र श्रेष्ठका अनुसार विगतमा भर्नामा आएका विद्यार्थीको रुचि देखेर चित्रकला, मूर्तिकला तथा डिजाइनका कोर्स पाठ्यक्रममा राखिएको हो। जो विद्यार्थी किताबी कुरा पढ्न अग्रसर हुँदैनन्, उनीहरूका लागि यो प्रयोगात्मक विषय राखेको श्रेष्ठको भनाइ छ। यसमा ७५ प्रतिशत प्रयोगात्मक हुन्छ भने २५ प्रतिशत लिखित जाँच। विश्वव्यापी रूपमा प्रसिद्ध फोटोग्राफी, वेब डिजाइन, मुरल आर्ट (भित्ते चित्र) मा रुचि राख्नेले पनि सुन्दर भविष्य बनाउन सक्छन् भनेर ती विषय थपेको नोबेल एकेडेमीको भनाइ छ।

कतिपय विद्यार्थीले स्नातकोत्तर गरे पनि सो विषयलाई व्यावहारिक प्रयोगमा ल्याउन भने सक्दैनन्। यसकारण प्रयोगात्मक अभ्यासको खाँचो भएको विज्ञहरूको बुझाइ छ। विज्ञका अनुसार कक्षा ११ र १२ मै विज्ञानतर्फ रेडियोलोजी, इलेक्ट्रिसिटीलगायतका विषय पढाउने हो भने दक्ष जनशक्ति त्यसै तयार हुन्छन्।

छाउनीस्थित काठमाडौं भ्याली स्कुल/कलेजले नयाँ पाठ्यक्रम नथपे पनि त्यसलाई सहयोग पुग्ने अतिरिक्त प्रशिक्षण



स्रोत : आर्थिक सर्वेक्षण/शिक्षा मन्त्रालय

UWE Bristol
University of the West of England
LBU
LEEDS BECKETT UNIVERSITY
The British College
British University Experience in Kathmandu
FOR AUG/SEPT 2019 SESSION
Admissions OPEN
BBA
BSc (Hons) Computing
MBA
MSc IT
MIBM
EMBA
/TheBritishCollege
/TBritishCollege
/the-british-college
/TBritishcollege
/TBritishcollege
/TheBritishcollege
Trade Tower, Thapathali, Kathmandu
T : +977 (1) 5970003
www.thebritishcollege.edu.np

कक्षा सञ्चालन गरिरहेको छ । कलेजले ट्राभल एन्ड टुरिजम र व्यवस्थापनतर्फ बिजनेस स्टडिज पढाइरहेकाले त्यसलाई सहयोग पुऱ्याउन कम्प्युटरमा विन्डोज सिकाइन्छ । प्रेरणात्मक तालिम दिइन्छ । सरकारी प्रावधानअनुसार पाठ्यक्रममै बढी केन्द्रित हुनुपर्दा अतिरिक्त विषय पढाउन गाह्रो भएको कलेजका अध्यक्ष स्वागत श्रेष्ठ बताउँछन् ।

शिक्षकमै निर्भर

पाठ्यक्रम विकास केन्द्रले सार्क क्षेत्रमा ११ र १२ मा जस्तो पढाइ हुन्छ, सोही खाले शिक्षानीति अपनाएर पाठ्यपुस्तक तयार पारेको छ। शिक्षाविद् विद्यानाथ कोइरालाका अनुसार पाठ्यक्रमभन्दा पनि पठनपाठन अर्थात् प्रस्तुति शैली महत्त्वपूर्ण हुन्छ। भन्छन्, "वस्तुगत कुराभन्दा विश्लेषणात्मक क्षमतालाई ध्यान दिनुपर्‍यो । पाठ्यक्रममा भएका ज्ञानलाई शिक्षकले दैनिक जीवनसँग जोड्न सक्नुपर्‍यो ।"

प्रायः कक्षा ११ र १२ मा विश्वभरि नै ६० प्रतिशत केन्द्रका कुरा पढाइन्छ भने बाँकी प्रदेशका । अधिकांश देशमा अंग्रेजी, विज्ञान र गणित प्रमुख विषयका रूपमा रहन्छन् भने बाँकी ऐच्छिक । नेपालको कक्षा ११ र १२ मा विदेशमा यही नीतिअनुरूप मान्यता दिइएको छ। उनीहरूले जुन विषय आफ्नो देशमा पढाइ हुँदैन, त्यसको क्रेडिट दिँदैनन्। धेरै सम्भावना जुन विषयमा छ, तिनलाई प्राथमिकता दिएर पाठ्यक्रम तयार पारेको केन्द्रका महानिर्देशक पौडेल बताउँछन्। पौडेलका अनुसार गत वर्ष १५ वटा विषय परिमार्जन गरिएको थियो, जसमा चार वटा अनिवार्य विषय थिए। यस वर्ष २० वटा विषय परिमार्जन भएका छन् ।

पहिले ५ सय पूर्णांक हुन्थ्यो, अहिले १ हजार २४ घन्टाको क्रेडिट घन्टा छुट्याइएको छ। जीवनोपयोगी शिक्षा आगामी वर्षदेखि राख्न लागिएको छ। कक्षा १ देखि १२ सम्म अनिवार्य राखिने विषय स्वास्थ्य, समाज, नैतिकता, सकारात्मक विचार, सञ्चार एवं सिर्जनात्मक कार्यबारे सिकाउन लागिएको पौडेल बताउँछन्। भन्छन्, "विषय राम्रो छ तर यसका लागि शिक्षक दरबन्दी राख्न मुस्किल छ। अरू कक्षाकै शिक्षकले पढाउने कि भनेर सोच्दैछौँ ।"

अमेरिकामा २० औँ शताब्दीमा विद्यार्थीले विद्यालयले सिकाएको ज्ञान व्यवहारमा उतार्न नसकेपछि जीवनोपयोगी शिक्षा लागू भएको थियो। नेपालमा अधिकांश न्यून अंक ल्याई पास भएका शिक्षा विषय पढ्न जान्छन्। पौडेल भन्छन्, "शिक्षा विषय पढ्ने विद्यार्थी नै कमजोर भएपछि उनीहरू शिक्षक भएर आउँदा कस्तो पढाउलान्, त्यसबारे सोच्नु जरुरी छ ।"

उच्च शिक्षाका लागि विदेश

प्रत्येक वर्ष हजारौँ विद्यार्थी उच्च शिक्षा अध्ययनका लागि बिदेसिन्छन् । शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका अनुसार चालू आर्थिक वर्ष ०७५ साउनदेखि ७६ जेठसम्म मात्रै विश्वका ७२ मुलुकका शिक्षालयमा अध्ययनका लागि ५८ हजार ६ सय १५ विद्यार्थीले स्वीकृतिपत्र (नो अब्जेक्सन लेटर) लिएका छन् ।

अधिकांश विद्यार्थीले अस्ट्रेलिया, अमेरिका, क्यानडा, बेलायत, जापान, भारत, चीनलगायत देशमा पढ्न जान शिक्षा मन्त्रालयबाट स्वीकृति लिएका हुन्। पछिल्लो २ वर्षमा मात्र विदेश जाने विद्यार्थी संख्या १६ प्रतिशत बढेको छ । र, यो अझै बढ्ने क्रममा छ। साथमा करोडौँ नेपाली रुपैयाँ बाहिरिनु पनि चिन्ताको विषय हो। जापान, युरोप र अमेरिका पढ्न जाने विद्यार्थी फर्केर आउन चाहँदैनन्। यसले देशलाई पारेको क्षतिबारे छुट्टै अध्ययन भएको छैन ।

विदेश जाने अधिकांश विद्यार्थीको रुचि प्रविधि, व्यवस्थापन तथा नर्सिङ विषय हुने गरेको छ। नेपालका ८० प्रतिशत विद्यार्थी प्रविधि (आईटी) पढ्न विदेश जाने भएकाले त्यसैअनुसार नयाँ पाठ्यक्रम थप्ने तयारी भइरहेको केन्द्रका महानिर्देशक पौडेल बताउँछन् । नेपालमा यी विषयमा पढाइ हुने भए पनि प्रयोगात्मक विषयको कमी, विदेशमा काम गर्दै पढ्न सकिने वातावरण र प्रमाणपत्रको अन्तर्राष्ट्रिय मान्यताका कारण विद्यार्थीमा विदेश मोह बढेको शैक्षिक परामर्श संस्थाहरूको दाबी छ।

विद्यार्थी विदेश जानुमा शैक्षिक संस्थाहरूले नै जिम्मेवार भूमिका खेल्न नसकेको औँल्याउँछन्, द टाइम्सका प्रिन्सिपल गैरे । भन्छन्, "हामी शैक्षिक संस्थाहरूले विद्यार्थीलाई बुझाउन सकेनौँ, के पढेमा के बनिन्छ ? उता गए पनि तिनै विषय दुःख गरेर पढ्ने हो भनेर बुझाउन हामी चुक्यौँ।"

गैरेका अनुसार विदेश गएका अधिकांश विद्यार्थी शुल्क तिर्न सक्ने क्षमताका हुँदैनन् । उता (विदेश) काम पाइहाल्छ अनि तिरेर पढ्छु भन्ने सोच्छन्। तर सोचेजस्तो हुँदैन। विद्यार्थीले काम गर्दै पढ्न पाउनुपर्नेमा सहमत छन्, वरिष्ठ उपाध्यक्ष शर्मा । भन्छन्, "विद्यार्थीले पार्टटाइम, फुलटाइम कुनै पनि काम गर्दै पढ्छु भन्दा त्यो सुविधा पाउनुपर्छ । तर कक्षा ११ र १२ को सरकारी पाठ्यक्रममा सीपमूलक पाठ्यक्रम विकास भएको छैन ।" ने

आवरणसहित तस्बिरहरू : सरोज बैजु

Get your passport to *Success*

ADMISSIONS OPEN | **+2** | **+2 SCIENCE** **+2 MANAGEMENT**

Best RISING College OF NEPAL 2017 *

Fastest Growing School in 2017
Compared to 2016 **

Creative College Award 2018 *

Key Features:

- 37 ropani campus
- State-of-the-art infrastructure
- Highly experienced faculties
- Well equipped and spacious science laboratories
- **On campus safe and secure hostel (Boys/Girls)**
- Transport facilities
- Spacious sports arena for basketball, mini football, badminton and cricket practice pitch

NAMI College offer scholarships up to 100% applicable throughout the study period.

Entrance Test: 9th July 2019

nami COLLEGE

Gokarneshwor-7, Jorpati, Kathmandu
Tel: 01-4917444/3/2/1 • Mobile: 9841232529
Email: info@nami.edu.np • www.nami.edu.np

**Awarded by Sikchhalaya Magazine **Awarded by British Council*

अर्थ-मीमांसा

खण्डित हुँदैछ संघीय प्रणाली

अच्युत वाग्ले

विकास, समृद्धि र जनताको जीवनस्तरमा पछाडि परेका संसारका सबै मुलुकका लगभग समान पीडादायी कथा छन् । उत्साहप्रद महत्त्वाकांक्षा र ठूला क्रान्तिकारी ठानिएका परिवर्तनपछि स्थापित शासन प्रणाली क्रमशः विधि र जनअपेक्षाअनुरूप सञ्चालन हुन छाड्छन् । तिनको कार्यक्षमता झट्ट हेर्दा खासै केही नबिग्रिएको जस्तो तर अन्तर्यमा गम्भीर क्षयीकरण हुँदै जान्छ । र, अन्ततः निकम्मा सावित हुन्छ । मुलुकको अवस्था जस्ताको तस्तै, दुर्गतिपूर्ण रहिरहन्छ ।

पृथ्वीनारायण शाहले अढाई सय वर्षअघि नै त्यतिबेलाका सबै मानका दृष्टिमा एउटा सार्थक राष्ट्र बनाएका थिए । त्यसपछि १ सय ८० वर्ष सत्तामा बस्ने शासकले त्यही निर्माण भएको राष्ट्रको सबलतालाई चरम दोहन गरे । राष्ट्रको त्यो अस्तित्वलाई प्रवर्द्धन एवं संरक्षण गर्ने र जनतालाई शिक्षाको उज्यालो एवं पूर्वाधारको युगसापेक्ष सुविधा दिने कुनै कसरत नै गरेनन् । अझै पनि त्यही राष्ट्रको पहिचान दिने र त्यही धरोहर दोहन गर्ने चेष्टा अक्सर देखिन्छ । त्यसलाई सुदृढ गर्ने इमानदार प्रयास कतैबाट भएको छैन । इतिहासका कुनकुन बिन्दुबाट नेपालको त्यो बलशाली राष्ट्रिय हैसियत नदीले कटान गरेको कमलो किनारझैँ भत्किन सुरु भयो ? यसतर्फ व्यवस्थित खोज-अनुसन्धान भएको छैन ।

त्यसपछि २००७ मा स्थापित लोकतन्त्र, ३० वर्षे पञ्चायत, १७ वर्षे बहुदलीय लोकतन्त्र र त्यसपछिको एक दशक लामो तदर्थवादी गणतन्त्र सबैखाले रूपान्तरणका राजनीतिक औचित्य स्थापना गर्न आकर्षक र महत्त्वाकांक्षी सपना देखाइएका थिए । विकासका सम्भव-असम्भव वचनबद्धता गरिएका थिए । यसो गर्ने सबै राजनेता बेइमान र विकास गर्न अनिच्छुक पनि निश्चय नै थिएनन् । तर मुलुक ढुंगे युगको फगत निर्वाहमुखी जीवन गुजाराको माखेसाङ्लो तोडेर उन्नतिको गोरेटोमा पाइला राख्ने बिन्दुसम्म आधुनिक इतिहासमा कहिल्यै आइपुगेन । पछिल्लो परिणति हाम्रासामु छ, नेपाल संसारको तन्नम गरिब र विकासका सबै सूचकांकमा पीँधतिर रहेका नाम मात्रका मुलुकको हाराहारीमा छ । नेपाली जातिले आफ्नो भनिने मुलुकको यो दुरावस्थाप्रति वास्तविक चिन्ता र चिन्तन गर्ने संवेदनशीलता नै गुमाइसकेको हो कि जस्तो प्रतीत हुन थालेको छ । यो कुनै आत्मगत चिन्तन र कसैप्रतिको आरोप होइन ।

नेपालले ठूलो उत्साह र उपलब्धिका रूपमा संघीय गणतन्त्रात्मक संविधान लागू गरेको चार वर्ष हुनै लाग्यो । संघीय प्रणाली मुलुकका तमाम अर्थसामाजिक र राजनीतिक अधिकारसम्बद्ध समस्याको एकमुष्ट समाधान हो भन्ने सैद्धान्तिक भाष्य र नेताका भाषण जनताको कानमा अझै गुञ्जायमान छन् । तर यो प्रणालीले अपेक्षाअनुरूप अल्पकालीन जनसुविधा र दीर्घकालीन विकासको बाटो दुवै पक्रिन सकेको छैन । यति छोटै समयमा यो प्रणालीको मुलुकको हित गर्ने क्षमतामा तीव्र ह्रास आएको मात्रै छैन, पूर्ण कार्यान्वयनमै नगई मुलुकका लागि अफाप हो भन्ने तर्क र कथन अभिजात्य शासक र सेवापेक्षी जनताको वृत्त, जताततै बाक्लै सुनिन थालेको छ ।

यो अस्वाभाविक भने होइन । यही रूपान्तरणलाई उन्नतिको अकाट्य माध्यमका रूपमा परिभाषित गर्ने राजनीतिक कर्ताहरूले नै पूर्ण इमानदारी र शासकीय कौशलका साथ स्थापित प्रणालीलाई क्रियाशील बनाउने कसरत नगरेपछि आउने अवश्यम्भावी परिणति यही हो । अझ, संविधान र राज्यको संरचनामा विद्यमान छिद्रको दोहन गर्ने मनसाय सबै तहका प्रयोगकर्तामा हावी भएपछि जरा हाल्न बाँकी राज्य प्रणालीले काम नगर्नु कुनै आश्चर्यको विषय हुँदैन ।

संघीय प्रणाली सञ्चालन सिद्धान्त र अभ्यास दुवै दृष्टिमा समन्वय-निर्भर राज्य व्यवस्था हो । विकास र लाभ वितरण (डेलिभरी) का दृष्टिमा भने विभिन्न तहगत सरकारको विशिष्ट क्षमता-निर्भर हो । तर यी दुवै अवधारणा यतिखेर संघीय, प्रादेशिक र स्थानीय सरकार सबैको नियत र व्यवहारले खण्डित गर्दै लगेका छन् । यो प्रमाणित गर्न आँखै अगाडिका परिदृश्य पर्याप्त छन्, कुनै दार्शनिक चस्मा आवश्यक पर्दैन ।

पछिल्लो उदाहरण, बालबालिकाका लागि दिइने भिटामिन ए, पोलियो आदि खोप वितरणमा देखिएको समन्वय अभाव हो । यस पटक संघीय स्वास्थ्य मन्त्रालयले आवश्यक प्रकृति र मात्राका खोप समयमै स्थानीय तहमा पठाएन । सरकारहरूबीच आरोप-प्रत्यारोप चल्यो । थोरै स्वास्थ्य पूर्वाधार बनेका स्थानीय तहले पनि यथार्थपरक मागको विवरण सरकारलाई समयमै दिन सकेनन् । स्थानीय सरकारहरूले यसअघि खोपको आंशिक मात्रा लगाएका बालबालिकाको अभिलेख न माथिल्ला निकायमा पठाए, न त आफूले नै राम्ररी राखे । दुर्गम र पूर्वाधार नबनेका

Himalayan WhiteHouse International College

ANNOUNCES

ADMISSIONS OPEN

+2 SCIENCE MANAGEMENT HUMANITIES

ELIGIBILITY CRITERIA

Minimum Grade **B+** or **2.8 GPA** for **Science**
Grade **B** or **2.4 GPA** for **Management** & **Humanities**

SPECIAL FEATURES:

- Super 40 Scholarship *(For Talented & Gifted Child)*
- American-Based STEM Program Curriculum
- Merit, Need-based, Sports Scholarship
- Project Works & Case Studies *(Specially Focused for Management & Humanities)*
- Pre-Medical & Engineering Classes from Grade XI
- International Exposure & Science Olympiads

NATIONALLY ACCLAIMED
TOP 6
+2 COLLEGE IN NEPAL

ENTRANCE TESTS:

SCIENCE
21 Ashadh, 2076 (6 July, 2019) Saturday
8:00 AM | 11:00 AM | 2:00 PM

MANAGEMENT & HUMANITIES
21 Ashadh, 2076 (6 July, 2019) Thursday
8:00 AM | 11:00 AM

HIMALAYAN
WHITE HOUSE
INTERNATIONAL COLLEGE

Subidhanagar, Tinkune, Kathmandu-32
Tel.: **01 - 5199456/57 | 9801204300/301/302**
Email: mailreply@whitehouse.edu.np
www.whitehouse.edu.np

स्थानको कथा त सनातन उस्तै दयनीय छँदै छ । कारण, जनशक्ति र कार्यालय पूर्वाधारको अभावमा जे देखाइए पनि धेरै बालबालिका खोपको आवश्यक मात्रा पूरा गर्नबाट वञ्चित भए । भइरहेका छन् । दोषचाहिँ संघीयताले पाएको छ । सफल खोप कार्यक्रम सञ्चालनमा विश्वव्यापी प्रशंसा कमाएको नेपाल यति सामान्य समन्वय गर्न अक्षम हुनु वास्तवमा दुर्भाग्य त हुँदै हो, त्यसको दोष प्रणालीलाई दिनु बिल्कुल अनुचित हो ।

शिक्षामा पनि उही अन्योल छ । माध्यमिक तहसम्मको शिक्षा व्यवस्थापन स्थानीय तह र उच्च शिक्षाको अधिकार प्रादेशिक र संघीय सरकारलाई संविधानले नै दिएको हो । यही व्यवस्थाअनुरूप पूर्ववत् जिल्ला शिक्षा कार्यालय नै खारेजीको घोषणा गरेर माध्यमिक शिक्षा सञ्चालनको पूर्णतः जिम्मा स्थानीय तहमा हस्तान्तरण भएको घोषणा भयो । तर दर्जनौं अधिकार संघले आफूलाई प्रयोग गर्न नदिएको गुनासो गरेर नथाक्ने स्थानीय सरकारहरूले (थोरै नगरपालिकाको अपवादलाई छाडेर) यो शैक्षिक व्यवस्थापन आफूले गर्न नसक्ने भनेर लत्तो छाडे । यो संघीयता मर्मविपरीत, उपलब्ध अधिकारको प्रयोग नगर्ने शासकीय अक्षमताको प्रदर्शन थियो । कतै बदनियत पनि थियो किनभने मेयर र वडा अध्यक्षहरू आफैंले डोजर र स्काभेटर किनेर विकासका नाममा पहाड खन्न पनि 'हामी अक्षम छौं' भनेका छैनन् । प्रदेशहरूले पनि आफ्नो क्षेत्राधिकारअनुरूपको उच्च शिक्षा पद्धति सञ्चालन गर्ने जागरुकता देखाएका छैनन् ।

अहिले संशोधन हुन लागेको वन ऐन र त्यसले खुम्च्याउन लागेको सामुदायिक वन उपभोक्ताको अधिकारबारे चर्चा भएको छ । त्यो बहसमा संघीयतासम्बद्ध एउटा महत्त्वपूर्ण पाटो छुटेको छ । स्थानीय सरकारहरूलाई प्राकृतिक स्रोत व्यवस्थापनको अधिकार संविधानले दिएको छ । राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले लाभ बाँडफाँटको सूत्र बनाएर त्यसलाई दिगो सदुपयोग गर्ने भावना संविधानको हो । यो विवादमा स्थानीय सरकार र आयोगको अपेक्षित तथा आदर्श भूमिकाको बिरलै उल्लेख्य हुन्छ । मानौं, वन उपभोक्ता र संघीय सरकार दुइटा मात्र आमनेसामनेका पक्ष हुन्, अरूको त्यहाँ उपस्थिति छैन । यो संघीय प्रणालीले अपेक्षा गरेको प्रबन्ध होइन ।

त्यस्तै, झन्डै १५ प्रतिशत स्थानीय तहले आउँदो आर्थिक वर्षका लागि बजेट र कार्यक्रम प्रस्तुत गर्न सकेनन् । यस्तो शासकीय अक्षमता प्रदर्शन गर्नेमा दुर्गम गाउँपालिका मात्र होइन, धेरै नगरपालिका पनि छन् । गनगन उनै पुरानै हुन्, कर्मचारी आएनन्, आयोजना छनोट गर्ने प्राविधिक क्षमता भएन । बहाना जे होस्, सारमा संघीय प्रणाली सामान्य सञ्चालनमा पनि आउन सकेन । त्यसले आर्थिक र शासकीय लाभ जनतालाई बाँड्ने कुरा त मृगतृष्णा नै भइहाल्यो ।

जनताका आधारभूत चासोका स्वास्थ्य, शिक्षा र जीविकोपार्जनको अभिन्न पाटो बनेका वन एवं कृषिजस्ता क्षेत्रका समस्या समाधानमा संघीय पद्धति आकर्षक सहयोगी हुनुको सट्टा यसरी थप अन्योल सिर्जना गर्ने भइदियो । सरकारहरूले संघीय भावनाअनुरूप 'समन्वयकारी' अभिप्राय र व्यवहार प्रदर्शन नगरेर शासकीय दम्भको टकराव रुचाएका कारण यो अवस्था आएको हो । राज्य सञ्चालकको अयोग्यता र बदनियतको सम्पूर्ण दोष शासन प्रणालीमाथि थोपरिदिएपछि जनताले यसलाई निश्चय नै नरुचाउने भए । राज्यको तहमा संघीयतालाई नै सुदृढ गर्ने र यी अराजकतालाई हटाउन तन्मयसाथ लागिपर्ने पात्र र संस्थागत सक्रियता यतिखेर खट्केको छ । चिन्तन र शैली नबदली यसरी नै संघीयता मुलुकका लागि हितकर सावित हुन सक्दैन । ने

ट्वीटर : @DrAchyutWagle

> राज्यको तहमा संघीयतालाई सुदृढ गर्ने र अराजकतालाई हटाउन लागिपर्ने पात्र र संस्थागत सक्रियता खट्केको छ ।

CG EDUCATION

Proudly Managing

CAMPION ACADEMY (+2 NEB & A Level)
Science, Management, Humanities & Introducing Law
Lagankhel, Lalitpur
01-5535131

CAMPION KATHMANDU S. SCHOOL (+ 2 NEB)
Management
Gahanapokhari, Kathmandu
01-4431494 / 4431495

THE CHANDBAGH SCHOOL (+2 NEB & CBSE)
Management
Bansbari, Kathmandu
01-4379360 / 4371229

DELHI PUBLIC SCHOOL (CBSE)
Science & Management
Birgunj, Bara
051-411069 / 411070

SUN-RISE ENGLISH SCHOOL (+2 NEB)
Science, Management & Humanities
Bharatpur -4, Chitwan
056-525266 / 522566 / 524566

ADMISSIONS **OPEN**

तटस्थता र मौनताको संस्कृति

महिला र सीमान्तकृतले लामो संक्रमणकालको असर र फेरबदल भइरहने राजनीतिक समीकरणबाट निम्तिने उथलपुथलको भार बोकिरहनु परेको छ ।

[बहस]

कैलाश राई

नेपालको महिला आन्दोलनले संगठित रूपमा सात दशकभन्दा लामो निरन्तर संघर्ष गरिसकेको छ । ०६३ पछि आएर बल्ल लैंगिक समानताकेन्द्री ठोस प्रतिफल प्राप्तिको कदम चाल्न थालियो । लैंगिक समानता तथा सामाजिक समावेशीकरण नीति अवलम्बन गरियो । लैंगिक उत्तरदायी बजेटको अभ्यास थालियो । लैंगिक मूलप्रवाहीकरण र सशक्तीकरणको अवधारणाअनुरूपका कार्यक्रम लागू गरियो । महिलाका लागि विशेष छुट वा प्राथमिकताका क्षेत्र, आधार र स्तर तोकियो । सीमान्तकृत, पिछडिएका तथा आर्थिक रूपमा विपन्न समुदाय र समूहका लागि लक्षित कार्यक्रम तथा क्रियाकलाप र सामाजिक सुरक्षाका कार्यक्रम सञ्चालन गरियो ।

यी असमान लैंगिक संरचनालाई केही खुकुलो बनाउन चालिएका रणनीतिक कदम थिए । ती भुइँतहदेखि राष्ट्रिय स्तरसम्मका राज्यका विभिन्न अंग र अन्य क्षेत्रमा महिला प्रतिनिधित्वमा उल्लेख्य वृद्धि भएको छ । यद्यपि महिलाको कार्यक्षमता र काम-कर्तव्यप्रतिको जिम्मेवारीबोधको मूल्यांकन समस्यामूलक छ । उनीहरूको प्रवीणतालाई भन्दा 'पुरुषको क्षेत्र' मा बढ्दै गरेको उपस्थितिमाथि कडा निगरानी राखिन्छ । सामाजिक-लैंगिक पृष्ठभूमि र पहिचानका आधारमा उनीहरूमाथि राखिने दृष्टिकोण र गरिने व्यवहार निर्धारण हुँदाका समस्या पनि छन् । यसले यथावतै रहेको संरचनाअन्तर्गत प्राप्त उपलब्धि संस्थागत गर्दै लाभ प्राप्ति गर्ने अवस्थालाई कायम राखिराख्न चुनौती बढाएको छ ।

नेपाली समाजले खासगरी महिला र सीमान्तकृतले लामो संक्रमणकालको असर र फेरबदल भइरहने राजनीतिक समीकरणले निम्त्याउने उथलपुथलको भार बोकिरहनु परेको छ । त्यसमाथि राज्य पुनर्संरचनाअन्तर्गतको शासकीय संरचना र व्यवस्था कायम गर्नु अहिलेको राज्य र मूलधारको विशेष दायित्व तथा प्राथमिकता हो । लैंगिकता, समावेशिता, पहिचानजस्ता विषय प्राथमिकता सूचीको पुछारमा धकेलिएको वा सूचीबाट बाहिरिएको छ ।

अहिलेको नारीवादी महिला आन्दोलन र लैंगिक वकालतकर्ताले महिला तथा सीमान्तकृत आवाजको सुनुवाइ, प्रभावकारी सहभागिता र नेतृत्वमा हकदाबी गर्दै आएका छन् । हकदाबीको प्रतिफल प्राप्त गर्न भुइँतहदेखि राष्ट्रिय स्तरसम्मका राज्यका विभिन्न अंगमा पर्याप्त संख्यामा महिला प्रतिनिधित्व हुनु मात्रै पुग्दो छैन । महिला हकाधिकारको मात्रै कुरा गर्नु पनि पर्याप्त छैन । ती प्रतिनिधिले आफ्ना भूमिका र जिम्मेवारी प्रभावकारी ढंगले निर्वाह गर्ने क्षमता विकास र कामकाजको वातावरण कायम हुनु अत्यावश्यक छ । कामकाज सम्पन्न गर्न आवश्यकीय स्रोत-साधनको उपलब्धता, तिनको भोगचलनमा पूर्ण पहुँच तथा नियन्त्रण अनिवार्य छ । महिलाको परिवर्तनशील भूमिका, क्रियाकलाप एवं प्रयत्नप्रति समाज, राज्यको विश्वास, स्वीकारोक्ति र उचित मूल्यांकन आवश्यक छ ।

यी सबै हुन नदिन विविध राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक पक्षले भूमिका खेलिरहेका छन् । अर्थात्, संरचनात्मक बाधा-अड्चन छ । नेपाली समाजको संरचनात्मक बनोट प्रत्येक कोणबाट उचनीच र विभेदित छ । महिला, शक्तिविहीन र किनाराकृतविरुद्ध हिंसा र शोषण गर्ने व्यवस्था कायमै छ । राज्य पुनर्संरचनामार्फत शासकीय शक्ति बाँडफाँट र विकेन्द्रित हुँदै गएको छ । तर असन्तुलित र विभेदित लैंगिक शक्ति-सम्बन्ध, पितृसत्तात्मक शासकीय सत्ता र संरचना यथावत छ ।

अहिले नारीवादी महिला आन्दोलनको प्रमुख लक्ष्य उचनीच र विभेद अन्त्य, लैंगिक एवं महिलामैत्री सामाजिक-सांस्कृतिक-न्यायिक व्यवस्थासहितको समग्र न्यायोचित संरचना निर्माण हो । लक्ष्य प्राप्तिका लागि अवसरभन्दा बढी चुनौती छन् । सबैभन्दा ठूलो त संरचनात्मक अड्चन नै हो । संविधान निर्माणका क्रममा संविधानसभामा महिलाभित्रैको समावेशी प्रतिनिधित्वसहितको उल्लेखनीय सहभागिता रह्यो । त्यसलाई विश्वमै उदाहरणीय काम भएको भनियो । महिला प्रतिनिधिले लैंगिकमैत्री संविधान र नीति नियम निर्माणका लागि अथक प्रयत्न गरे । त्यसले महिलाका पक्षमा प्राप्त हुने उपलब्धिको अपेक्षामा पनि ह्वात्तै वृद्धि गरायो । त्यसका केही सकारात्मक परिणाम पक्कै छन् । तर लैंगिक-सामाजिक न्यायको सन्दर्भमा त्यसअघि र पछिको अवस्थामा

पाक्षिक बहस : महिला आन्दोलन

- महिला आन्दोलनको असन्तुष्टि
- आन्दोलनको रूपान्तरण र पुस्तान्तरण
- (अ)सहमति : 'मूलधार' र 'अरू' महिलाका
- **संरचना बदल्ने महिला पहल**

नाइटिङ्गेल स्कुलमा कक्षा ११ को भर्ना सम्बन्धी सूचना !!

विज्ञान

व्यवस्थापन (व्यवसाय)

कानून

आदरणीय अभिभावक तथा विद्यार्थी वर्ग, नाइटिङ्गेल स्कुलमा कक्षा ११ मा निम्न सङ्कायमा भर्ना खुल्यो :

प्रवेश परीक्षा :

मिति : २०७६ आषाढ २३ गते सोमबार

समय : बिहान ११ बजे

स्थान : नाइटिङ्गेल स्कुल (+2) "ई" ब्लक

जेहेन्दार, विपन्न, दुर्गम तथा पिछडिएको क्षेत्रका दलित, आदिवासी/जनजाति, मधेसी, थारु, मुस्लिम विशेष क्षमता भएका छात्रछात्रालाई Merit को आधारमा छात्रवृत्तिको व्यवस्था ।

विशेष आकर्षण :

- आफ्नै क्रिकेट एकेडेमी/आफ्नै फुटसल/आकर्षक बास्केटबल कोर्ट/ब्याडमिन्टन कोर्ट।
- अपाङ्गमैत्री तथा लिफ्ट सहितको सुविधा सम्पन्न भवन।
- International Standard को सुविधा सम्पन्न विज्ञान प्रयोगशाला।
- राष्ट्रकै दक्ष विषयविज्ञ, लेखक तथा लामो शिक्षण अनुभव भएका अध्यापकहरूको समूह भएको ।

नाइटिङ्गेल स्कुल (+2)

कोपुण्डोल, ललितपुर

०१-५५३०७४४

०१-५५३५६६३

www.nightingale.edu.np

लैंगिक विभेदको जन्जालयुक्त संरचनाभित्र बसेर अपनाइने 'तटस्थता' वा 'मौनता' लाभकारी हुँदैन । न्यायोचित समाज निर्माणका लागि सामाजिक संरचना बदल्नुको विकल्प छैन ।

तात्विक भिन्नता के ल्यायो ? सोचनीय र मूल्यांकन हुनैपर्ने पक्ष हो, यो ।

उल्लेखनीय सहभागिताका बाबजुद संरचनात्मक परिवर्तन गर्न महिला प्रतिनिधि असमर्थ रहे । बनिबनाउ विभेदित र असन्तुलित संरचनाभित्र अडान राख्ने प्रतिकूलता छँदै थियो । तैपनि महिलाले सामूहिक र व्यक्तिगत सामर्थ्यमा अडान राखेर राज्य संरचनालाई चुनौती दिए । कतिपय महिला भने अडान राख्नैपर्ने अवस्थामा पुग्ने अवसरबाट समेत वञ्चित रहे । परिणाम, अधिकांश शास्त्रीय संरचना र व्यवस्था धान्न अभ्यस्त शक्ति र नेतृत्वको कोपभाजनमा परे । त्यसले लैंगिक न्यायमुखी विधि र पद्धतिउन्मुख काम हुन दिएन । र, संरचना बदल्न पर्याप्त शक्ति जुट्न सकेन ।

त्यस्तो शक्ति जुट्न नसक्नुको अर्को पनि कारण छ । बदल्ने संरचना के, कस्तो र कत्रो हो ? त्यसले कहाँ, कसरी र कतिखेर काम गर्छ ? भन्नेबारे सही जानकारी र पर्याप्त ज्ञान हुनु जरुरी छ । उक्त जानकारी र ज्ञानसम्म पहुँच राख्नु नै महिलाका लागि प्रतिकूल र चुनौतीपूर्ण पनि । विभेदित संरचनाको अभिन्न अंग रहँदारहँदै पनि त्यसको कार्यस्वरूप, प्रक्रिया र अभ्यासबारे सुसूचित हुने अवसर र वातावरण नगन्य महिलालाई मात्र उपलब्ध छ । त्यस्तो अवस्थाले महिलाबीचमा त्यसबारेको आपसी संवाद र छलफलको संस्कृति कायम गर्न अवरोध खडा हुन्छ ।

अवरोध तोड्नकै लागि पनि लैंगिक प्रतिनिधित्व र लैंगिकमैत्री वातावरणको अडानसहित महिला हरेक क्षेत्रमा संलग्न हुनैपर्छ । आपसमा संवाद र छलफल हुनैपर्छ । विगत एक दशकमा सम्पन्न लैंगिक र सामाजिक न्यायकेन्द्री अन्तर्क्रियात्मक संवाद कार्यक्रममा जुनसुकै समुदाय र समूहका महिलाका लागि संरचनात्मक विभेदले नै समस्या सिर्जना गरेको बारम्बार अभिव्यक्त भए । त्यस्तो संरचनात्मक विभेद राज्यस्तरदेखि महिला हकाधिकारका निम्ति लडिरहेकाहरूले आफ्नै संघसंस्था र सञ्जालभित्र समेत भोग्नुपरेको गुनासो पनि उच्च छ । लैंगिक पैरवीकर्ताले बृहत् संरचनागत अवरोधका साथै आफ्नै संस्थागत र व्यावसायिक संरचना र अपनाइरहेको व्यवस्थाबारे पनि गम्भीर भएर सोच्नु जरुरी छ ।

लैंगिकमैत्री व्यवस्था वा संरचना कायम गर्न एक दशकभित्र अपनाइएको रणनीति, कार्यक्रमको अनुगमन र मूल्यांकनले एउटा विषय राम्रोसँग देखाएको छ- लैंगिकता, समावेशीताजस्ता विषय सर्लक्कै पन्छाएर राज्य र मूलधार अघि बढ्ने अवस्था रहेन । गत ८ मार्चको अन्तर्राष्ट्रिय नारी दिवसमा राष्ट्रपतिको मन्तव्य थियो- 'सांस्कृतिक रूपमा रहेका समाजका कमीकमजोरीलाई उन्मूलन गर्न बहस जरुरी छ । संवैधानिक कानुनी व्यवस्था अथवा संरचनागत सुधारमा राज्यको ध्यान जान आवश्यक छ ।'

राष्ट्रिय-अन्तर्राष्ट्रिय परिवर्तित माहोल आसपासमा प्रगतिशील र अग्रगामी नीति र व्यवस्था अवलम्बन गर्ने गरिन्छ । त्यस्तो माहोल स्थिर वा साम्य हुन थालेपछि पुरानै व्यवस्थातर्फ झुकाव बढ्ने-बढाउने चलन छ । त्यहीअनुरूप संवैधानिक कानुनी व्यवस्था वा संरचनागत सुधारमा लैंगिक न्याय कायम गर्ने अर्को तरिकाको विकास भएको छ । लैंगिक-जातजातीय विभेदको पक्षमा नरहे पनि लैंगिक-जातीय रूपमा तटस्थ समुदाय, व्यवस्था र संरचनाको पूर्वधारणा राखेर 'तटस्थता' वा 'मौनता' अपनाउने । लैंगिक विभेदको जन्जालयुक्त समाज र संरचनाभित्र बसेर बनाइएको पूर्वधारणाले अपनाइने त्यस्तो 'तटस्थता' वा 'मौनता' अपवादबाहेक लाभकारी हुँदैन ।

लैंगिक सहभागिता सुनिश्चित गरिँदाको पछिल्लो उदाहरण, गाउँ तथा नगरपालिका अध्यक्ष वा उपाध्यक्ष पदपूर्तिमा बाध्यकारी नीति लागू गरियो । नतिजा, सबैजसो महिला उपाध्यक्ष पदमा छन् । नीतिगत रूपमा उपाध्यक्ष पद महिलाका लागि हो भन्ने परिभाषित थिएन । संरचनात्मक विभेदित सोच हाबी हुँदा 'उपाध्यक्ष पद महिलाका लागि हो' भन्ने अभिप्रायको अभ्यास स्वीकार्य भयो । तसर्थ, संरचनात्मक सीमितताका कारण मौन वा तटस्थ मत भएको व्यवस्थालाई वर्चस्वशाली वा बहुमतीय विचारअनुरूप बुझ्न र परिभाषित गरेर उपयोग गर्ने छूट बढ्दै हुन्छ । तटस्थताको पूर्वधारणाअनुरूप कहीं-कतै महिला भनी किटान नगरिएको खण्डमा कार्यक्रम तर्जुमादेखि योजनाका उपलब्धि बाँडफाँटको प्रक्रियासम्ममा महिलालाई ध्यान दिइँदैन । अझ महिला आन्दोलनको जोड तीभित्रका पनि को र कस्ता महिला हुन् भन्नेसम्मको किटानी हुनुपर्छ भन्नेमा रहँदै आएको छ ।

न्यायोचित समाज निर्माणका लागि नेपाली समाजको संरचनागत परिवर्तनको विकल्प छैन । विभिन्न क्षेत्रगत नीति तथा कार्यक्रमले विभेदकारी सामाजिक मूल्य-मान्यता, विभेदित, असन्तुलित र पुरातन लैंगिक-जातजातीय शक्ति-सम्बन्धमा परिवर्तन हुनुपर्छ । सकारात्मक लैंगिक-जातजातीय सम्बन्धको मान्यता अपनाउन, मानव अधिकार र सामाजिक न्यायको सिद्धान्त प्रवर्द्धन गर्दै लैंगिक न्याययुक्त संरचनागत रूपान्तरण चाहने हो भने त्यस्तो 'तटस्थ' र 'मौन' संस्कृति तोड्नु आवश्यक छ । ने

यो चौथो लेखसँगै समाज अध्येता राईको महिला आन्दोलनसम्बन्धी पाक्षिक बहस पूरा भएको छ । तपाईं यो शृङ्खलामाथि आफ्ना जिज्ञासा, जवाफ वा टिप्पणी nepalmag@kmg.com.np मा women movement शीर्षक राखेर पठाउन सक्नुहुन्छ । विचारोत्तेजक सामग्रीले यथोचित स्थान पाउनेछन् । -सम्पादक

ओमेगा : उच्च शिक्षामा उत्कृष्ट

एजुकेसन हबका रूपमा लोकप्रिय कुमारीपाटी, ललितपुरमा अवस्थित ओमेगा +२ शिक्षामा आफ्नो फरक पहिचान बनिसकेको एउटा प्रख्यात शैक्षिक संस्था हो । विषयदक्ष एवं ख्यातिप्राप्त अनुभवी शिक्षक समूहबाट प्रवर्द्धित एवं सञ्चालित यस कलेजमा विज्ञान, व्यवस्थापन र मानविकी समूहका विभिन्न विषयको अध्यापन हुन्छ । यथेष्ट भौतिक पूर्वाधार एवं गुणस्तरीय अध्यापन हुने एवं विद्यार्थीमैत्री वातावरणमा आवश्यक पृष्ठपोषण र प्रोत्साहन प्रदान गरिने भएकोले यो +२ विद्यार्थीको रोजाइमा परेको छ र उत्कृष्ट नतिजासमेत दिँदै आएको छ ।

विद्यार्थीकै नजरमा

+२ सम्मको सम्पूर्ण शिक्षा मैले ओमेगाबाटै हासिल गरेँ । मैले ओमेगालाई भविष्य निर्माणमा उत्सुक विद्यार्थीहरूको असल साथीका रूपमा पाएँ । म ओमेगामा अध्ययन गर्न पाएकामा गौरवान्वित छु । ओमेगाका दक्ष तथा अनुभवी शिक्षकबाट पाएको ऊर्जाशील उत्प्रेरणा र सूक्ष्म सिकाइकै फलस्वरूप हाल म नि:शुल्क छात्रवृत्तिमा IOM मा अध्ययनरत छु ।

- **ओमिका डङ्गोल** -B.Pharma, IOM महाराजगन्ज

उच्च अध्ययनका दौरानमा म काठमाडौं उपत्यकाका विभिन्न शैक्षिक संस्था पुगेँ । यसै क्रममा म जब ओमेगा कलेज पुगेँ, तब एकाएक प्रभावित भएँ र भर्ना भई अध्ययन आरम्भ गरेँ । मैले पढेर जीवन बनाउँछु भन्ने विद्यार्थीहरूका लागि ओमेगा कलेज एउटा उत्तम गन्तव्य भएको ठानेको छु । मैले यही कलेजबाट उत्प्रेरक र गहन शिक्षा पाएकाले आज नि:शुल्क छात्रवृत्तिमा अध्ययन गर्न पाइरहेको छु ।

- **राजन केसी** -पुल्चोक इन्जिनियरिङ क्याम्पस

+२ अध्ययनका लागि कुन शैक्षिक संस्था छान्ने हो ? यो सबै SEE उत्तीर्ण विद्यार्थीमा जाग्ने प्रश्न हो । म पनि यही प्रश्नले डोर्‍याउँदै ओमेगा कलेज पुगेँ र ओमेगा नै छनोट गरेँ । मैले ओमेगाबाट +२ उत्तीर्ण गरेकामा गर्व लागेको छ । विगतको सबल शैक्षिक पृष्ठभूमिका कारण हाल म काठमाडौं विश्व विद्यालयको नि:शुल्क छात्रवृत्तिमा MBBS अध्ययन गरिरहेकी छु ।

- **अनु गौतम** - KU, Dhulikhel

मैले विद्यालय तहदेखि नै ओमेगामा शिक्षा आर्जन गरेँ । +२ शिक्षा पनि मैले आफ्नै विद्यालयबाट लिएँ । त्यहाँको उत्प्रेरक, गहन तथा विद्यार्थीमैत्री सिकाइले मेरो भविष्य निर्माणको सही बाटो तय गरिदियो । फलत: म हाल IOM मा नि:शुल्क छात्रवृत्तिमा BDS अध्ययन गरिरहेकी छु ।

- **पूजा सिग्देल** -BDS, IOM महाराजगन्ज

मैले +२ तहको अध्ययन ओमेगाबाट पारिवारिक वातावरणमा पूरा गरेँ । मैले ओमेगा कलेजमा बिताएको समय चिरस्मरणीय छ । विद्यार्थीको मौलिक प्रतिभाको विकासमा ओमेगाले विशेष प्रयास गर्ने पाएको मैले अनुभव गरेको छु । शैक्षिक लगायत अन्य अतिरिक्त क्रियाकलापका प्रतिस्पर्धामा ओमेगाकै उत्प्रेरक वातावरणले मैले विजय हासिल गरेँ । हाल म ओमेगाबाट पाएको स्तरीय शिक्षाकै कारण पूर्ण छात्रवृत्तिमा IT Engineering अध्ययन गरिरहेको छु ।

- **बत्सल घिमिरे** (IT Engineering)
- Minerva Schools at KGI San Francisco, California, USA

Congratulations to Scholarship Achievers

प्रिन्सिपलसँगको कुराकानी

विद्यार्थीमा राष्ट्र र समुदायप्रति नैतिक मूल्य अनुभव गराउने ओमेगाको विशेषता हो

लावण्यप्रसाद ढुंगाना, प्रिन्सिपल

१) ओमेगाको सफलताका केही मानक पक्ष बताइदिनुहुन्छ कि ?

- कुशल व्यवस्थापन तथा विषयदक्ष पूर्णकालीन शैक्षिक जनशक्ति
- शान्त, उत्प्रेरक एवम् विद्यार्थीमैत्री वातावरण
- विद्यार्थीहरूलाई निरन्तर पृष्ठपोषण तथा परामर्श
- विद्यालय परिसरमै सुरक्षित एवम् स्वस्थ छात्रावास आदि हाम्रा सफलताका मानक हुन्

२) +२ अध्ययनका लागि ओमेगा नै किन ?

ओमेगा कलेज विषयविज्ञ, पाठ्यपुस्तक लेखक तथा चिरअनुभवी शिक्षक समूहबाट प्रवर्द्धित शैक्षिक संस्था हो । यहाँ विद्यार्थीहरूले पारिवारिक वातावरणमा समग्र व्यक्तित्व विकासको अवसर पाउँछन् ।

३) ओमेगाका विशेष र सबल पक्ष के के हुन् ?

ओमेगाका विशेषता र सबलतालाई एउटा कोणबाट मात्र अर्थ्याउन सकिन्न । यसलाई बुझ्न भिन्नभिन्न कोणबाट नियाल्नु उचित हुन्छ । जस्तै :

- **नतिजा :**

शैक्षिक संस्थालाई मापन गर्ने एउटा महत्त्वपूर्ण कसी नतिजा हो । यसलाई दुई ढङ्गले केलाउन सकिन्छ । वार्षिक परीक्षाको नतिजा र +२ पछिको अध्ययनमा विद्यार्थीले मेडिकल, इन्जिनियरिङ, सीए, कृषि विज्ञान आदिमा हासिल गरेको छात्रवृत्ति । यी दुवैमा ओमेगाको अवस्था उच्च र सुदृढ छ ।

- **भौतिक पूर्वाधार :**

+२ अध्ययनका लागि आवश्यक स्वस्थकर भवन, फर्निचर, प्रयोगशाला, उपकरण, खेलमैदान, पुस्तकालय आदि पूर्वाधारले ओमेगा सबल छ ।

- **अतिरिक्त क्रियाकलाप :**

मानिस सबै शैक्षिक उपलब्धिले मात्र बाँच्दो रहेनछ । अहिले त खेल, कला, सङ्गीत आदि जीवन बाँच्ने अनेक क्षेत्रको विकास भएको छ । यही वास्तविकतालाई दृष्टिगत गरी ओमेगाका विद्यार्थीहरूलाई अतिरिक्त क्रियाकलापको अभ्यास यथेष्ट मात्रामा गराइन्छ ।

- **शिक्षण, मूल्याङ्कन, पृष्ठपोषण र परामर्श :**

ओमेगामा दक्ष तथा अनुभवी शिक्षकहरूबाट गुणस्तरीय शिक्षण गरिनुका साथै आवधिक मूल्याङ्कन पनि नियमित रूपमा हुन्छ । सिकाइका क्रममा कमजोर देखिएका विद्यार्थीहरूलाई पृष्ठपोषण तथा कमजोरी निवारणका लागि उचित परामर्शसमेत प्रदान गरिन्छ ।

४) एसईई उत्तीर्ण विद्यार्थी तथा निजका अभिभावकलाई केही सुझाव ?

प्रथमत: एसईई उत्तीर्ण विद्यार्थीहरू तथा तमाम अभिभावकलाई हार्दिक बधाई तथा शुभकामना छ । साथसाथै कसैको भ्रम वा हल्लाका प्रभाव नपरी +२ अध्ययनका लागि शैक्षिक दृष्टिले सुदृढ शैक्षिक संस्था र विद्यार्थीको रुचि र सामर्थ्य सुहाउँदो विषय चयन गर्न आग्रह गर्दछु ।

OMEGA SS & COLLEGE
Kumaripati, Lalitpur
Science, Management & Humanities
Tel : 015550563/5008653
Email : omegacollege67@gmail.com

ठाउँको ठाउँ ठट्टा

१० स्ट्यान्ड अप कमेडियन महिलाको कथा

भेन्ट्रिलोक्विस्ट सीमा गोल्छा

सरोज बैजु

गोकर्ण गौतम

यतिबेला एउटा भिडियो नेपालको युट्युब ट्रेन्डिङमा छाइरहेको छ । दृश्य तिनै-यिनै हुन्, तर कलाकारको दृष्टि बेग्लै । शिष्टता भण्डारीले हपहपी गर्मीलाई स्ट्यान्ड अप कमेडीको विषय बनाइन् । अपलोड गरियो, *युट्युबमा* । भ्युज नै पाँच दिनमा पाँच लाख ।

डेब्यु भिडियोबाटै चर्चा कमाउने शिष्टता पहिलो स्ट्यान्ड अप कमेडियन होइनन् । 'रिलेसनसिप्स एन्ड ब्रेकअप्स' शीर्षकको सिमरन पाण्डेको सो त 'भाइरल' नै भयो । छाडा बोलेको भन्दै कतिपयले आलोचना गरे । तर अधिकांशले उनको आत्मविश्वास र प्रस्तुति-शैलीको तारिफ गरे । सिमरनलाई यही भिडियोले सेलिब्रिटी बनायो । दुई सातामा २८ लाख भ्युज । उनले स्ट्यान्ड अप कमेडी थालेको तीन महिना मात्रै भयो ।

हामीकहाँ फिल्म र टेलिफिल्ममा हास्य विधा खुब फस्टाएको छ तर स्ट्यान्ड अप कमेडीचाहिं भर्खर वामे सर्दै छ । मूलधारमा मनोज गजुरेल, सन्दीप क्षेत्रीबाहेक अर्को चलेका कलाकार भेट्टाउन मुस्किल पर्छ । भिडियो स्ट्रिमिङ साइट *युट्युबको* सहज पहुँचले कलाका अन्य विधाजस्तै स्ट्यान्ड अप कमेडीमा पनि एक खालको तरंग आएको छ । तन्नेरीहरू यसमा अभ्यस्त हुँदै छन् । राजधानीका रेस्टुराँले कमेडीलाई पनि समेट्नु उनीहरूका लागि थप ऊर्जा-स्रोत भएको छ ।

शंकै छैन, पुरूष कलाकारको बाहुल्य छ । महिलाको उपस्थिति पनि कम उत्साहजनक छैन । सिमरन र शिष्टता पछिल्ला उदाहरण भइहाले, जसले स्ट्यान्ड अप कमेडीबाटै 'नाम' कमाए र 'दाम' कमाउने गोरेटोमा छन् । करिब एक दर्जन युवती यसमै सक्रिय छन् । हप्तैपिच्छे नयाँ प्रतिभाको उदय भइरहेको छ । स्ट्यान्ड अप कमेडीबाटै चिनिएकी श्रद्धा वर्मा भन्छिन्, "संख्या कम छ तर गुणात्मक कोणबाट हामी खास पछाडि छैनौं ।"

श्रद्धाको यो दाबी पत्याउने आधार छन् किनभने स्ट्यान्ड अप कमेडीमार्फत दुई नेपालीले अन्तर्राष्ट्रिय मञ्च पाइसके । शैली बस्नेत र सीमा गोल्छाले हाल फक्रिरहेको कमेडीको बीजारोपण गरेका हुन् । सन् २०११ मा उनीहरूले स्ट्यान्ड अप कमेडी थाल्ने बेलासम्म नेपालमा कमेडी प्लेटफर्म बनिसकेको थिएन । त्यसैले शैली-सीमाले आफू प्रस्तुति दिने मात्र होइन, अडियन्स खोज्ने, इभेन्ट गर्ने, भारतीय कलाकार ल्याउनेलगायत काम गरे । नियमित सो हुँदा स्ट्यान्ड अप फैलँदै गयो, नयाँ-नयाँ कलाकारले मौका पाए ।

यही कारण हुनुपर्छ, श्रद्धा, रजिना श्रेष्ठजस्ता उदीयमान कलाकार शैली-सीमालाई आदर्श मान्छन् । 'सात महादेशका हिमाल चढेर' ख्याति कमाएकी शैली अमेरिकामा स्ट्यान्ड अप कमेडीबाट परिचित हुँदै छिन् । न्युयोर्कको गथमजस्तो प्रतिष्ठित कमेडी क्लबमा व्यावसायिक सो गरिसकेकी छन् । *इएसपीएन, न्युयोर्क डेली न्युजलगायतका* अमेरिकी मूलधारका सञ्चार माध्यमले शैलीबारे समाचार-सामग्री सम्प्रेषण गरिसकेका छन् ।

श्रद्धा वर्मा स्ट्यान्ड अप कमेडीमा अग्रसर हुनुमा कहीं न कहीं शैली र उनको सफलताको भूमिका छ । उनी आफैंलाई यस्तै लाग्दो रहेछ । *युट्युबमा* उनको नाम सर्च गरे बग्रेल्ती कमेडी भिडियो भेटिन्छन् । प्रायः अंग्रेजीमा प्रस्तुति दिइरहेकी हुन्छिन् । व्यंग्यको निशानामा पर्छन्, सरकारी कलेज, फ्यान्सी रेस्टुराँ, धर्म, विज्ञापन प्रणालीदेखि अहिलेको लभ-अफेयरसम्म । *युट्युबलाई* पनि सिकाइको माध्यम बनाएकी श्रद्धा भन्छिन्, "मलाई जुन विषयले छोयो, त्यसबारे अलि बृहत् सोधखोज गर्छु । त्यसपछि रमाइलो ढंगले स्क्रिप्ट तयार पार्छु । आफ्नो अनुभव मिसाइयो भने अझ रोचक हुँदो रहेछ ।"

यी पनि

नमुना गिरी

सन्जु कटुवाल

श्रेया पोखरेल

योजना थापा मगर

शिष्टता भण्डारी

हिजोआज श्रद्धा हरेक सोका लागि पूर्ण स्क्रिप्ट तयार पार्ने गर्छिन् । पहिलो प्रस्तुति भने तयारीबिनै गरेकी थिइन्, विकल्प आर्ट क्याफेमा । सुनाउँछिन्, "दैनिक जीवनमा जे-जे भोगिन्छ, त्यसमा जोक्स मिसाएर भनें । दर्शकले मन पराए । त्यसपछि अझ आँट आयो ।"

श्रद्धा कुनै समय *नव्यता* म्यागजिनमा फिचर लेख्थिन् । लेखन पृष्ठभूमिले कमेडीको स्क्रिप्ट तयार पार्न सहज भएको ठान्छिन् उनी । यस्तै अनुभव छ, रजिना श्रेष्ठको । रजिना विभिन्न अंग्रेजी म्यागजिनमा मात्र होइन, नियमित ब्लग पनि लेख्ने गर्थिन् । बायोटेक्नोलोजी पढेकी उनी आजभोलि स्ट्यान्ड अप कमेडीमा रमाइरहेकी छन् । दुई वर्षअगाडि एक रेस्टुराँमा 'फुटबल मलाई मन पर्दैन' शीर्षकमा प्रस्तुति दिइन् । त्यो खुब रूचाइयो । साथीभाइमाझ जोक्स भनेर हँसाउन माहिर थिइन् । यही गुणलाई निखारेर ठूलो समूहमा पुग्न खोज्दै छिन् ।

सिमरन पाण्डे

भारत–अमेरिकासम्मै

स्ट्यान्ड अप कमेडीभित्र 'भेन्ट्रिलोक्विज्म' विशेष विधा मानिन्छ। कलाकारको साथमा 'डमी' हुन्छ। दुवै एकअर्कासँग कुरा गर्दै हसाउँछन्। देख्ने/सुन्नेलाई लाग्छ, दुई जना बोल्दैछन्, तर खासमा फरक स्वरमा कलाकारले नै 'डमी' को रूपमा बोलिरहेका हुन्छन्। अनौठो लाग्ने यही विधामा आफूलाई पोख्त बनाउँदै छिन्, सीमा गोल्छा। नेपालकै पहिलो 'भेन्ट्रिलोक्विस्ट' हुन् उनी। आठ वर्षअघि जावलाखेलमा पाँच मिनेट सो गरेर उनको यो यात्रा सुरु भएको थियो, अहिले लगातार ४५ मिनेट प्रस्तुति दिन सक्छिन्।

सीमा संयुक्त परिवारमा बस्थिन्। घरमा ५–६ जना बच्चा हुन्थे। पपेटमार्फत जोक्स गरेर बच्चालाई हसाउँथिन्। घरमा अन्य सदस्यले पनि चाख मान्थे। सीमा भन्छिन्, "त्यसपछि मैले *युट्युब* हेरेर 'भेन्ट्रिलोक्विज्म' सिक्न थालें। अभ्यास गर्दै जाँदा म आफैँलाई औधी मन पर्न थाल्यो।" अलिअलि सो गर्न सक्ने भइन् तर नेपालमा खास प्लेटफर्म थिएन। नयाँ शैलीका मान्छेलाई बुझाउनै मुस्किल पर्थ्यो। त्यसैले थप अवसरको खोजीमा भारत गइन्। मुम्बईमा 'ओपन माइक' मा चार मिनेट सो गरिन्। अन्य सहर चहारिन्। भारतमै पनि यस शैलीको कमेडी गर्ने कलाकार कम छन्। त्यसमाथि सीमाको मिहिनेत। अनि त, भटाभट सो पाउन थालिन्। अहिले प्रत्येक महिनाजसो दिल्ली र मुम्बई पुग्छिन्, हास्य पस्कन।

सीमाकी छोरी अमेरिकामा पढ्दै छिन्। छोरीलाई भेट्न जाँदा अमेरिकामा समेत सो गर्न भ्याइन्। त्यहाँको प्रतिक्रियाले अझ हौसला मिल्यो। थाइल्यान्डमा सो गरिसकेकी छन्। 'प्राइभेट सो' मा पनि व्यस्त हुन्छिन्। बेलाबखत नेपालमा पनि गर्छिन्। मुस्कुराउँछिन्, "पहिले नेपालमा मान्छे हाँस्दैनथे, अहिलेचाहिँ बुझेर हाँस्न थालेका छन्। म पनि रोचक बनाउन जोडतोडले अभ्यास गर्दै छु।"

प्रायः कामकाजी महिला आमा बनेपछि घरमै सीमित हुन्छन् तर सन्तान हुर्काउँदै गर्दा सीमाले आफ्नो क्षमता पहिचान र विस्तार गरिन्। अझ चम्कँदै छिन्।

न्युयोर्कको प्रतिष्ठित गथम कमेडी क्लबमा शैली बस्नेत

रजिनाको सिद्धान्तचाहिँ यस्तो रहेछ, "मुख्य ध्येय त हँसाउनु नै हो। बीचबीचमा सन्देश पनि घुसाउन सकियो भने अझ काइदा।" सुरुआती दिनमा निःशुल्क सो गर्ने रजिनाले अहिले पारिश्रमिक माग गर्न थालेकी छन्। रेस्टुराँमा राती सो गर्नुपर्छ, त्यो पनि रक्सी पिउनेमाझ। पहिले-पहिले अप्ठेरो लाग्थ्यो। भन्छिन्, "अहिले असहज र डर लाग्दैन। घरमा पनि बुझाइसकें। रोकतोक छैन।"

फिल्म *वीरविक्रम*को हास्य समीक्षा गरेकै कारण स्ट्यान्ड अप कमेडियन प्रनेश गौतम समातिए। त्यही बेला सिमरन 'कन्ट्रोभर्सी' मा परिन्, कमेडी भिडियोकै कारण। केटाकेटीले एकअर्काको संवेदनशील अंग हेर्दा व्यक्त गर्ने प्रतिक्रियालाई ठट्यौली शैलीमा प्रस्तुत गरिन्। 'छाडा केटी' भन्दै उनको ट्रोल बनाइयो। विवादबाट आफू विचलित नभएको उनको भनाइ छ। "*युट्युब*मा भिडियो राख्नुअगाडि त्यही कन्टेन्ट रेस्टुराँमा पाँच पटक प्रस्तुत गरिसकेकी थिएँ, कहिल्यै नकारात्मक प्रतिक्रिया आएन," सिमरन भन्छिन्, "पछि विवाद भयो। भन्ने भनिरहन्छन्, वास्ता छैन। मैले सत्य कुरा नै गरेकी हुँ।"

रजिना श्रेष्ठ र श्रद्धा वर्मा

लाजिम्पाटस्थित अल्पास रेस्टुराँमा अडिसनबाटै स्ट्यान्ड अप पर्फमेन्सका लागि छानिएकी थिइन्। सामाजिक सञ्जालमा अनेक नकारात्मक टीकाटिप्पणी भए पनि भेटघाट र म्यासेजमा हौसला पाएको उनले सुनाइन्। उनको प्रश्न छ, "त्यही कुरा केटाले गर्दा सामान्य हुने, केटीले गर्दाचाहिँ छाडा ? यो कुण्ठा र विभेदको प्रतिबिम्ब भएन र ?"

प्रनेश र सिमरन विवादपछि स्ट्यान्ड अप कमेडीको सीमामाथि प्रश्न भने उठेको छ। यत्तिकै छाड्दा छाडापनले प्रश्रय पाउने भएकाले नियमन गर्नुपर्नेसम्मका आवाज उठेका छन्। हुनुपर्ने के त ?

कानुनमा स्नातक अध्ययनरत श्रद्धा भन्छिन्, "सामाजिक मूल्य-मान्यता र संस्कार हामीलाई पनि थाहा छ। त्यसैले अरूले नियमन गर्ने, निर्देशन दिने होइन। सचेत नागरिक भएकाले आफैँले स्वनियमन गर्नुपर्छ।" केटी भएकै नाताले निश्चित दायरामा खुम्च्याउन खोज्ने सामाजिक मनोविज्ञानलाई नकार्छिन्। रजिना भन्छिन्, "हाम्रो उपस्थितिले स्ट्यान्ड अप कमेडी समृद्ध हुन्छ। केटीहरूका कैयौं कथा मूलधारमा आएका छैनन्। हामी हास्यशैलीमा आफ्ना अनुभव सेयर गर्न खोज्दैछौं।" ने

KANTIPUR PUBLICATIONS PVT. LTD.

KMG
KANTIPUR MEDIA GROUP

कान्तिपुर को
करोडपति
सिजन-३
मनी होइन त फेरि करोडपति!

कान्तिपुर राष्ट्रिय दैनिक वा द काठमाडौं पोष्टको
वार्षिक ग्राहक बन्नुहोस् र लक्की ड्र बाट जित्नुहोस्

१० लाख मासिक पुरस्कार
१ करोड बम्पर पुरस्कार
१ लाख साप्ताहिक पुरस्कार

* शर्तहरु लागु हुनेछन् ।

पक्का पुरस्कार
• शिखर ईन्स्योरेन्सको रु.५ लाखको दुर्घटना बीमा • स्वास्थ्य बीमामा रु.७५० छुट

Shikhar Insurance Happysurance

स्क्र्याच कार्ड मार्फत् रु.२०० देखि रु.२५०० सम्मको छुटका साथै जित्न सक्नुहुनेछ



BALTRA एलइडी टि.मी. | ASUS ल्यापटप | स्मार्ट फोन | ब्लुटुथ स्पीकर | वायरलेस हेडफोन | स्मार्ट वाच

ग्राहक अवधि बाँकी रहेकाहरुले पनि समय बढाएर यस योजनामा सहभागी हुन सक्नुहुनेछ । "जति छिटो ग्राहक बन्नुहुनेछ, जित्ने मौका त्यति नै बढ्नेछ ।"

कान्तिपुर राष्ट्रिय दैनिक वा द काठमाडौं पोष्टको वार्षिक ग्राहक बन्नको लागि SUB<space> आफ्नो नाम टाइप गरी ३८०८० मा पठाउनुहोस (NTC प्रयोगकर्ताकालागि मात्र)। एस.एम.एस र अनलाईन सब्सक्रीप्सनका लागि २४ घण्टा भित्र विस्तृत विवरण सहित हाम्रा प्रतिनिधिहरुले तपाईंलाई सम्पर्क गर्नेछन्।

We Accept
fonepay payments फटाफट

KANTIPUR DAILY | THE KATHMANDU POST

1 Open your mobile banking / eSewa app
2 Scan this code, confirm the payment details and make quick payment.

eSewa™
www.esewa.com.np

कान्तिपुर kathmandupost

टोल फ्रि नम्बर: १६६० ०१ २२२२२ (NTC), ९८०१ ५७ २२२२ (Ncell) काठमाडौं: शिशिर राज पाण्डे ९८४११६६७८४, राम कृष्ण घिमिरे ९८५१०९८९४४ चितवन: शंकर न्यौपाने ९८५६०४४१४० पोखरा: राजेश पौडेल ९८५६०२५८८५, नेपालगंज: अशोक श्रेष्ठ ९८५८०३०६७७, विराटनगर: अनुज लाल कर्ण ९८५२०२८१२३

'सिङ्लामा स्वर्गको आभास'

वी विल राइज फाउन्डेसनको 'मेरो गाउँ मेरो ठाउँ' भिडियो च्यालेन्ज प्रतियोगितामा *जर्नी टु सिङ्ला* सर्वोत्कृष्ट ठहरिएसँगै नृत्य निर्देशक **सुकबहादुर तामाङ**, ३०, को परिचयमा डकुमेन्ट्री निर्देशकको फुँदा जोडिएको छ । १ सय ३२ प्रतिस्पर्धीलाई उछिनेर पहिलो बनेका निर्देशक तामाङसँगको कुराकानी :

अब कोरियोग्राफीबाट डकुमेन्ट्री निर्देशनतिर फड्को मार्ने हो ?

कोरियाग्राफी निकै पहिलेदेखि गरियो । बीचमा दुइटा तामाङ भाषाका फिल्म निर्देशन पनि गरेँ । एउटै काम गरिरहनुभन्दा फरक अनुभव लिऔँ भनेर सर्ट डकुमेन्ट्रीमा हात हालेको हो । तीनै विधामा समानान्तर रूपमा काम गर्छु ।

यो क्षेत्रलाई डकुमेन्ट्रीमा उतार्नुपर्ने आवश्यकता किन देख्नुभयो ?

धादिङको खनियाबास गाउँपालिका र रूबी भ्यालीको सिमानामा पर्छ, सिङ्ला । यहाँ हरेक जनैपूर्णिमामा मेला लाग्छ । उक्त मेलामा एक पटक म पनि पुगेँ । मेरो जन्मथलोबाट नजिकै यति राम्रो ठाउँ देखेर चकित परेँ । यति सुन्दर ठाउँको प्रचार हुन सके पर्यटकीय गन्तव्यका रूपमा विकसित गर्न सकिन्छ भन्ने लाग्यो ।

त्यस्तो विशेष के भेट्नुभयो ?

यहाँको दृश्य र संस्कृति । सिङ्ला जाँदा जति पनि ठाउँ भेटिन्छन्, त्यसका छुट्टाछुट्टै विशेषता छन् । त्यो मलाई मौलिक लाग्यो । गणेश हिमाललगायत ६/७ वटा हिमशृंखला आँखैअगाडि सर्लक्कै देख्दा स्वर्गकै आभास हुन्छ । तामाङ र गुरुङ जातिको म्हेन्दो माया, साइखोले, मानेदोरा भाकाका गीत गाइन्छ, जुन मौलिक छ ।

यो क्षेत्रमा पर्यटक फिटिक्कै जाँदैनन् ?

काठमाडौँबाट नजिकै भएर पनि फाट्टफुट्ट मात्र आन्तरिक पर्यटक पुग्ने रहेछन् । सुटिङका क्रममा १०/१५ दिन बस्यौँ । पर्यटक कोही भेटिएनन् । मुस्किलले मानिस त्यहाँ पुग्ने रहेछन् ।

पर्यटक पुग्नलाई त पूर्वाधार हुनुपर्‍यो ? खाना-बस्नको सुविधा रहेछ ?

धेरै पर्यटकका लागि बन्दोबस्त गर्न गाह्रो छ । नुवाकोटको गोंगभञ्ज्याङमा फाट्टफुट्ट होटल भेटिन्छन् तर स्तरीय छैनन् । पूर्वाधार बन्ने हो भने यो गज्जबको गन्तव्य हुनेछ ।

डकुमेन्ट्री बनाउँदाको स्मरणीय क्षण केही छ ?

गत वर्ष भदौमा उक्त क्षेत्र पुगेका थियौँ । जुकाले धेरै टोक्यो । झरनाको फोटो खिच्दाखिच्दै ड्रोन क्यामेरा खस्यो । सबै मिहिनेत खेर गयो भनेर अत्तालिएका थियौँ । निकै बेर खोजेपछि धन्न रूखमा अड्किएको अवस्थामा भेटियो । अतिरिक्त पंखा लगेकाले फेरि खिचियो ।

स्थानीय निकायले पर्यटकीय रूट बनाउन केही गरेको छैन ?

गाउँपालिकाले पर्यटकीय थलो बनाउन पहल गरिरहेको छ भन्ने सुन्छु । ठोस काम केही गरेको छैन । प्रकृतिको देन उपयोग गर्न नसकेको देख्दा दुःख लाग्छ ।

यहाँबाट पदमार्गको रूट कहाँ-कहाँ निस्कन्छ ?

काठमाडौँबाट नुवाकोटको भाल्चे गाउँसम्म गाडीमा पुगिन्छ । गोंगभञ्ज्याङमा खाने-बस्ने ठाउँ भेटिन्छ । त्यसपछि रूप्चेमा गोठाले जीवन देख्न सकिन्छ । त्यसपछि सिङ्ला आउँछ । सिङ्लादेखि माथि पङसङ हुँदै रसुवा निस्कन सकिन्छ । अर्कोचाहिँ रूबी भ्याली पनि जोडिन्छ ।

कोरियोग्राफी, फिल्म, डकुमेन्ट्रीमध्ये कुनमा बढी आनन्द लाग्यो ?

केमा आनन्द आयो भन्नुभन्दा पनि सबैको आफ्नै महत्त्व छ । डकुमेन्ट्रीमा अझ चुनौती रहेछ ।

■ **मनबहादुर बस्नेत**

For your right move...

ADMISSION OPEN

+2

SCIENCE
MANAGEMENT
HUMANITIES
LAW [NEB]

Entrance cum Scholarship Test

Form Distribution Date:
Upto 24th Ashad, 2076

Entrance Date:
25th Ashad, 2076

Time:
8:00 AM

Scholarship Available

RELIANCE
INTERNATIONAL ACADEMY
Saraswotinagar, Chabahil, Kathmandu
Tel: 01-4812445, 4822336

Undergraduate Programs
BBS | BCA | BA | BSW [T.U.]
Graduate Program
MBS [T.U.]

Email: info@rianepal.edu.np
Web: www.rianepal.edu.np

चमत्कारी ओशो

राजकुमार बानियाँ

आईएस्सी गरेपछि हवाई सेवामा जाँच दिए उनले । अन्तर्वार्ताको दिन आमाबाले कोठामै थुनिदिए । पाइलट बन्ने सपना चकनाचुर भए पनि इन्जिनियरिङ गर्दागर्दै भारतीय रेलवे र हवाई सेवामा पस्न चाहे । जागिरकै निहुँमा मस्त घुम्ने रहर सवार भएको थियो उनमा ।

पहिलो पटक ओशो रजनीशले सोध्दा पनि उनले आफूभित्रको त्यही घुमक्कडी रहर सुनाए । ओशोले सम्झाएछन्, 'पाइलटले विश्व नै देखेको हुँदैन, एयरपोर्ट मात्रै देखेको हुन्छ । आफूलाई योग्य बनाऊ । जब तिमी तयार हुनेछौ, म तिमीलाई विश्व घुमाउँला ।'

नभन्दै त्यस्तै भयो । वर्षको आधाजसो समय ओशो दर्शन र ध्यान सन्देशको प्रचारका लागि विदेशमै बिताउँछन्, स्वामी आनन्द अरूण । पाएका जति निम्ता मान्ने हो भने बाह्रै महिना विदेशमै हुन्छन् । आनन्द अरूणको पछिल्लो किताब *ओशो : अचम्म जो मैले देखें*मा यस्ता अनेक किस्साबाजी छन् । तिनले ओशोको विपुल व्यक्तित्व देखाउँछन् ।

पहिलो साक्षात्कारमै वाकपटु अरूणले नैरोबी जान लागेका रजनीशलाई भनेछन्, 'विदेश यात्रा सुरू भयो भने विदेशीले तपाईंलाई तुरून्तै चिन्ने छन् । हामीजस्ता साधारण साधकले तपाईंलाई भेट्न असम्भव हुनेछ ।' त्यही भेटमै रजनीशले पद्मसम्भवले तिब्बतमा, महिन्दा र संघमित्राले श्रीलंकामा बुद्ध धर्म फैलाएझैं हिमाली राज्य नेपालमा आफ्नो आध्यात्मिक विचार वाहक फेला पारिसकेका थिए ।

शिष्य अरूणले ओशोको प्रभाव, साक्षात्कार अनि जीवनमा आएका बदलावबारे ४९ शीर्षकमा लेखेका छन् । सन् १९६९ देखि १९८१ सम्म ओशोको सान्निध्यमा बिताएका १२ वर्ष आत्मीय क्षण समेटिएका छन् किताबमा । यसलाई उनले आरम्भ भएको तर अन्त्य नभएको प्रेमकथा भनेका छन् । ओशोसँगको प्रेम र आध्यात्मिक प्रणयको संसार । मरेपछि स्वर्ग पुग्ने आशा गरिरहनु पर्दैन, सिर्जनशीलता, बोध र समझले पृथ्वीमै स्वर्ग निर्माण गर्न सकिन्छ भन्ने सन्देश नै किताबको केन्द्रमा छ । अरूणले स्वीकारेका छन्, 'यो आत्मवृत्तान्त तपाईंको तार्किक बुद्धिलाई लौकिक लागेन भने ठीकै छ, यो कथा परालौकिक नै हो ।'

आनन्द अरूण अज्ञात र रहस्यको आकर्षणमा देखिन्छन् । जीवनपारको रहस्यलोक बुझ्न एकदमै लालायित । कतिसम्म भने उनले शरीर छाडेका आत्मासँग कुरा गर्ने प्लान्चेट-टोमेटिक/राइटिङ टेबल लर्निङ आदि प्रयोगमा समेत केही वर्ष बिताएछन् । त्यसको लत बसेपछि प्रतिबन्ध लगाइदिएछन् ओशोले उनलाई ।

उनले राजा महेन्द्रको आत्मालाई बोलाएछन्, एक पटक । महेन्द्रले ओशोबारे चाख भएका व्यक्ति वीरेन्द्र भएको बताएपछि राजाका प्रमुख सचिव रञ्जनराज खनाल र संवाद सचिव रेणुलाल सिंहमार्फत दरबारमा ओशो-साहित्य पठाएछन् । त्यही कारण ओशोलाई पश्चिम नेपालमा आश्रम बनाएर बस्न भनेछन् राजाले । तर ओशोले ४५ दिनमै नेपाल छाड्नुपर्‍यो । ओशोसित वीरेन्द्रको भेट भएन तर राजाले ओशोबारे घन्टौं चर्चा गरेको सुने ।

ओशोका रजनीशचन्द्र मोहन, आचार्य रजनीश, भगवान् श्री रजनीश आदि नाम छन् । उनका सबै धर्म र सम्बुद्धपुरूषका वचनबारे पुनर्व्याख्या छन् । सात सय पुस्तक अनि ६ सयभन्दा बढी रूपान्तरणकारी ध्यानपद्धतिको 'रजनिसाइटिस' विस्मयकारी छ । उनको मृत्यु चिन्तन छ, 'जीवन मृत्युतर्फको तीर्थयात्रा हो । जीवन र मृत्युबीच कुनै दूरी छैन, मृत्यु एक मित्र हो । ध्यान र समाधिको प्रयोग नै मृत्यु भ्रम निवारणका उपाय हुन् ।'

ओशो प्रवचनमा समाजवादी र गान्धीवादी मात्र होइन, कम्युनिस्टप्रति पनि कटाक्ष छन् । 'कम्युनिस्टहरू जो आफूलाई नास्तिक मान्छन्, वास्तवमा उनीहरू जति आस्तिक अरू कोही हुँदैन । हरेक धर्ममा हुने त्रिदेव कम्युनिजममा पनि छ । मार्क्स, लेनिन र एंगेल्स कम्युनिस्टका यस्तै देवता हुन् । मुसलमानको मक्का छ, कम्युनिस्टको मस्को । कम्युनिस्टको धर्मग्रन्थ *दास क्यापिटल*मा लेखिएको छ भनेपछि अरू कुनै विवाद गरिरहनै पर्दैन ।'

ओशोका बाबुले आफ्नै छोरालाई गुरुमात्र मानेनन्, दीक्षा लिएपछि सबैका साम दण्डवत् पनि गरे । तर आनन्द अरूणका पितालाई भने आफूभन्दा पहिले सन्न्यास लिएको र छोराले रोजेको बाटोमा हिंड्नु पर्दा संकोच लागेको प्रसंग पनि छ किताबमा । यसले पिता-पुत्रको जटिल सम्बन्ध देखाउँछ । ओशोको जादू देखाउनु नै पुस्तकको एक मात्र मिसन हो । अनुहार, व्यवहार र विचारले ओशो जादूगर नै लाग्छन् । ओशोसँगको हरेक दिन अप्रत्यासित र चमत्कारले परिपूर्ण हुन्थे भन्ने उनको बयानबाजी छ । ओशोको राय हुन्थ्यो रे- यथार्थवादी बन तर चमत्कारको तयारी गर ।

काव्य र जीवनदर्शन मुछ्ने शैली चाखलाग्दो भए पनि अरूण ओशोलाई 'भगवान्' नै मान्छन् । भक्तले भगवान्‌को कमीकमजोरी देख्दैन, देखेका दिन भक्त रहिरहँदैन । उनले भनेका पनि छन्, 'यो पुस्तक म र गुरूबीचको जुवा खेल हो, जसका लागि उहाँको असीम कृपाले मैले धेरै कुरा दाउ लगाउने मौका पाएं ।' यस्ता भक्तसँग आलोचनाको के आशा गर्नु ? ने



ओशो : अचम्म जो मैले देखें

लेखक : **आनन्द अरुण**
प्रकाशक : **बुक-हिल पब्लिकेसन**
पृष्ठ : २२८
मूल्य : ६६६ रुपैयाँ



सरोज बैद्य

तीन किताब

अरुण गुप्तो | प्राध्यापक

विनोदिनी मुक्तिमार्ग

नागरिकले लोकतान्त्रिक संस्थालाई गतिशील बनाउन शब्दहरूको गाम्भीर्य जान्नु आवश्यक हुन्छ । त्यसैले लोकतन्त्रको केन्द्र मानिने एथेन्समा प्रोटागोरस नामक विद्वान् विद्यार्थीलाई पढाउन आएका छन् । सोक्रेटसले प्रोटागोरसलाई भन्छन्, 'भर्च्यु भन्ने शब्द कसरी सिकाउछौ ?' प्रोटागोरस भन्छन्, 'इमानदारी, बुद्धिमत्ता, साहस, भद्रताजस्ता पर्यायवाची शब्दको सहाराले भर्च्युको अर्थ बुझाउन सकिन्छ ।' तर सबै इमानदार मानिस बुद्धिमान हुने कुनै ठोकुवा गर्न सकिँदैन । भद्र मानिस साहसी हुनैपर्छ भन्ने पनि छैन । पर्यायवाची शब्दको आधारमा लोकतन्त्रलाई बुझाउन नसकिने धारणा सोक्रेटस राख्छन् । उनका अनुसार कुनै शब्दको एक अर्थलाई लिएर निष्कर्षमा पुग्नुभन्दा तर्कशास्त्रमा जानु उचित हुन्छ । मस्तिष्कलाई कुनै एक विचारको कैद बनाउनुभन्दा वाद-विवाद-संवादको विमर्शात्मक मैदानमा खुला छाड्नु बेस हुन्छ । प्लेटोको **प्रोटागोरस**मा सोक्रेटस आफ्ना चेला र अन्य जिज्ञासुसँग संवादरत छन् । कुनै शब्दलाई टिपेर त्यसका अर्थहरूको गहिरो संरचनासम्म पुग्नलाई प्लेटो बुझ्नु आवश्यक छ ।

प्लेटोको सिद्धान्तको अध्ययन गरी विकसित गर्दै अधुनातन दर्शनशास्त्र आरम्भ भएका हुन् । तर आलोचनात्मक व्याख्या नभएसम्म शब्द र दर्शनको वास्तविक तात्पर्यसम्म पुग्न सक्दैनौं । ज्ञान परम्परामा शब्दलाई विमर्शात्मक शैलीमा खेलाउने पूर्वीय-पाश्चात्य जुन परम्परा थियो, त्यो ह्रास हुँदै छ । मार्क्सवादले मान्ने डायलेक्टिक पनि प्लेटोबाट प्रभावित छ । व्यक्ति, भौतिकता, समाज र इतिहास नै डायलेक्टिक छ भने स्वभावतः हाम्रो मस्तिष्क र विचार एकांगी पर्यायवाचीमा अडिन सक्दैन । सोक्रेटज विचारको पुरानो ढाँचा हुंडल्ने शिक्षा दिन चाहन्थे तर तत्कालीन सत्ता त्यसबाट तर्सिएको थियो । नेपालको सत्ता पनि ज्ञान, विमर्श र आलोचनासँग डराएको अनुभव गरेकै छौं । लोकतन्त्रमा संवादको सौन्दर्यलाई स्मरण गर्न पनि उनै सोक्रेटसका चेला प्लेटो पढिरहन्छु ।

रवीन्द्रनाथ टैगोरको **चोखेरवाली**मा विनोदिनीको सशक्त पात्रबाट नारीवादका केही पाटा बुझ्न सकिन्छ । आफूलाई तिरस्कार गर्नेविरुद्ध स्त्री अस्तित्वलाई बचाउनका लागि बदला लिने विनोदिनीमा दयाभाव पनि उत्तिकै छ । विनोदिनीका वरिपरि पुरूष पात्र फनफनी नाचिरहेका छन् ।

यस उपन्यासमाथि बनेको फिल्म हेरिसकेको र अन्य भाषामा पढिसके पनि असली स्वाद लिनलाई बंगालीमा पढें । टैगोरको साहित्यिक शक्ति-शिल्पको रसास्वादन गर्न र दक्षिण एसियाली भाषा अध्ययन गर्न मूल कृति दोहोर्‍याएको हुं । १९ औं शताब्दीमा रानी मोहन रोय, ईश्वरचन्द्र विद्यासागरजस्ता विद्वान्ले सतीप्रथाविरूद्ध विधवा विवाहका पक्षमा आवाज बुलन्द पारेका थिए । यो त्यही समयको उपन्यास हो । अनन्त दुःख र संघर्षमा होमिएको जीवनयात्राको अन्त्यमा आशा र सुखको किरण दिने टैगोरको लेखनले मलाई सधैं आकर्षित गर्छ । अँध्यारोभित्रबाट पनि उज्यालो खोज्ने/देख्ने उनको क्षमता प्रेरणादायी लाग्छ । यस उपन्यासमा विनोदिनीले पनि सबै थोक त्यागेर हिंडेकी छिन् । टैगोरको विचारमा यदि संयोगान्त बनाइदिएको भए विनोदिनीले घर गृहस्थी गर्थिन् र अर्को जन्जालमा फस्थिन् । तर उनले मुक्तिमार्ग रोजिन् ।

दक्षिण एसियाली कला र मिथकलाई बुझ्न जियोफ्री स्यामुअलको ***द ओरिजिन अफ योगा एन्ड तन्त्र*** दोहोर्‍याएर पढ्दै छु । दक्षिण एसियाली संस्कृतिमा गहिरो अध्ययन गरेका स्यामुअल उति चर्चित लेखक नभए पनि उनको प्राज्ञिकता उच्च छ । सहरी जीवनमा रहेका 'देवदेवी' परम्परालाई विशेष अध्ययन गरिरहेकाले पनि यस्ता किताब मेरा प्रिय छन् ।

मनमा जागिरहने जिज्ञासा हो, भयंकर देखिने महाकाली, भैरवका मूर्ति किन सुन्दर मानिन्छ ? भयानकतामा सुन्दरता र सुन्दरतामा भयानकता सम्भव छ ? नरमुण्डधारी भगवतीलाई पनि आमाजत्तिकै सुन्दर ठानिनु पछाडिका मनोविज्ञान के होला ? कला, मूर्ति र मन्दिरले भरिपूर्ण काठमाडौं उपत्यकालाई मिथकका कोणबाट गहन अध्ययन गर्न जरूरी छ । दक्षिण एसियाली र खासगरी नेपाली मिथक परम्पराबाट बुझ्न सकिन्छ, योग र तन्त्र बेग्लै विधा भए पनि परस्परमा मिल्छन् पनि । तिनका समानतालाई राम्ररी बुझ्न सके विरोधाभासको अर्थसम्म पुग्न सकिन्छ । भय र वीर भावमा समेत लुकेर बसेको करूणा बोध गर्न हाम्रा पुराना योग र तन्त्रको इतिहाससम्म पुग्नुपर्ने हुन्छ । यसमा मलाई *द ओरिजिन अफ योगा एन्ड तन्त्र*ले सघाइरहेको छ ।

वैदिक परम्परामा रहेको बुर्जुवा प्रवृत्तिलाई चिर्न पनि तन्त्रको विकास भएको देखिन्छ । लामो तपस्याबाट मात्रै निर्वाण प्राप्त गर्न सकिने वैदिक अनुशासनभन्दा विपरीत मांस र मैथुनबाट पनि शान्ति र बुद्धत्व हासिल हुने ढोका तन्त्रले खोलिदियो । यज्ञयज्ञादि गर्ने सामर्थ्य नभएका गरिबजनका लागि मुक्तिमार्ग हो, तन्त्र ।

हाम्रा दृष्टिकोण, परम्परा, विचारधाराको समकालीन स्वरूपबाट केही ज्ञान हासिल गर्नु छ भने योग र तन्त्रका ऐतिहासिक अध्ययन जरूरी हुन्छ । मानसिक विचारधाराकै उपज हो, कला । हाम्रो मनोविज्ञानका अनेक आयाम मूर्तिकला र चित्रकलामा मुखरित हुन्छन् । हामी एउटा रंगमा अर्को रंग देख्न सक्छौं । विरोधाभास मानव इतिहासकै प्रवृत्ति हो । तर त्यो विरोधाभासलाई सहजै खुट्याउन सक्दैनौं । त्यसका लागि योग र तन्त्रको लामो परम्परामै पुग्नुपर्छ ।

■ **प्रस्तुति : गुरुङ सुशान्त**

गर्मी भर्सेस स्वेच्छा

उत्पात गर्मी छ। चर्को ताप देखेर सूर्यलाई भन्न मन लाग्छ, हिउँजस्तो चिसो भएर देखाऊ, हट त स्वेच्छा पनि देखिन्छिन् । हो, सुतीको वनपिसमा स्वेच्छा केसी सूर्यजस्तै हट छिन् । सेतो पहिरनमा सजिएकी उनी सुन्दर देखिएकी छिन् ।

महेश प्रधान

नाटकमा तस्करी

२१ औँ शताब्दीको डरलाग्दो रोग हो, मानव तस्करी । नेपाल पनि त्यसबाट अछुतो छैन । कुनै बेला भारतमा मात्र तस्करी हुने नेपाली नागरिक अहिले खाडीमा बेचिइरहेका छन् ।

यसै विषय समेटिएको नाटक कमलपोखरीस्थित रूसी सांस्कृतिक केन्द्रमा प्रदर्शन भइरहेछ *दी फ्लाइट* । फ्रान्सेली कलाकार अलिजे बिआनिकको लेखन/निर्देशन रहेको नाटक सोलिस पर्फमिङ आर्ट्स र वान वर्ल्ड थिएटरले संयुक्त रूपमा निर्माण गरेका हुन् ।

तीनपुस्ते होनचा

घुम्नु र खानु पनि एक कला हो। नयाँ ठाउँ घुम्दै र त्यहाँका स्थानीय खाना खाँदै हिंड्ने थुप्रै टिभी कार्यक्रम छन्, पश्चिममा । तपाईंलाई पनि रमणीय ठाउँ घुम्दै खाने रहर लाग्छ भने पाटन दरबार स्क्वायर उपयुक्त थलो हो । दरबार नजिक थुप्रै नेवारी परिकार पाइने रेस्टुराँ छ । तर तीनपुस्ते होनचाको शानै बेग्लै । छोयला, स्यः, यमरी, बारा, छ्याङ के खाने ? सबै पाइन्छ, तीनपुस्ते होनचामा । साथी, परिवारसँग बसेर मीठो स्वादका परिकार खान सकिन्छ, सुपथ मूल्यमा ।

"Knowledge, Wisdom & Humanity"

Estd. 1988

Kathmandu College of Central State

KATHMANDU

COLLEGE OF CENTRAL STATE

कलेज अफ सेन्ट्रल स्टेट

CELEBRATING 32 YEARS OF ACADEMIC EXCELLENCE

Admission Open for Grade XI

Morning & Day Shift

SCIENCE

MANAGEMENT

HUMANITIES

EDUCATION

कानुन LAW

TU PROGRAMS

BCA BSW BA

BBS MBS

Form Distribution 13rd Ashar Onwards

Scholarship available

Soalteemode, Kalimati

977 1 4278342, 4278965

www.kccs.edu.np

www.facebook.com/collegeofcentralstate

नोटबुक

गोकुल अर्याल

सादगी नेतासँग आलुचटनी

सत्ता वा प्रतिपक्ष, जुनसुकै नेतालाई पनि उखान टुक्काले प्रहार गर्ने खुबीका जनमोर्चा अध्यक्ष चित्रबहादुर केसीसँग केही घन्टा बसजम गर्ने अवसर जुटेको थियो । जापान बस्ने सालो भाइलाई गाउँबाट पठाइदिएको साढे दुई माना घिउ कोसेली पुर्‍याउन म केसी बस्ने मैतीदेवी घर पुगें । त्यहाँ पुगेपछि मात्र थाहा पाएँ, जापान घिउ लैजाने केसीका छोराबुहारी रहेछन् ।

कुक भिसामा १० वर्षदेखि जापानमा काम गर्दै आएका रहेछन्, केसीका छोराबुहारी । चित्रबहादुरसँग मेरो कुनै चिनजान थिएन । नेताका छोराबुहारी, नातिनातिना पनि मिजासिला लागे । पछिल्लो समय सर्वहारा पुँजीवादी कम्युनिस्ट नेता-परिवारमा हुर्किंदै गएको राणा/शाह खानदानी लवज केसी परिवारले सिकेको रहेनछ ।

८० छुनै लागेका र बाग्लुङ गल्कोट थातथलो भएका वृद्ध-तन्नेरी नेतासँगको भेटमा धेरै कुरा जान्ने मौका पाइयो । चियाका सोखिन रहेछन्, केसी । दैनिक ५-७ कप दूध चिया केसीका नाममा पाक्दो रहेछ, कोठामै । ३ घन्टे बसाइमै दुईचोटि दूध चियाको चुस्की मात्र होइन, उसिनेको आलु, हरियो खुर्सानीसँग पिसेको नुन अचारका रूपमा नास्ता खाने अवसर पनि मिल्यो । उनीसँग बिदा भएपछि मेरो मनमा यही प्रश्नले डेरा जमाइरह्यो- कम्युनिस्ट ब्रान्डको सत्ताले मत्त नेपाली वाम नेताहरूले चित्रबहादुरको सादगीपन अँगाल्न सक्लान् ?

उधारोमा शल्यक्रिया

एक महिनादेखि निरन्तरको दाँत दुखाइलाई ४५० एमजीको कालभान एन्टिबायटिक औषधी खाएर सातामै निको हुने आशले निरन्तर कार्यालय धाइयो । औषधी खाए पनि दाँत दुख्न छाडेको थिएन । सहकर्मी यमन मानन्धरले दाँत दुख्नुको कारण किरा लागेर मात्र नभई त्यसले ट्युमर र क्यान्सरसम्म निम्त्याउन सक्ने सुझाएपछि पो म झसंग भएँ ।

किराले खाएको दाँत मात्र फाल्ने मनसाय भए पनि ट्युमर र क्यान्सरको त्रास आइलागेपछि चावहिल गोपीकृष्णनगरस्थित ओमसमाज डेन्टल हस्पिटलमा ३० रूपैयाँ शुल्कको टिकट लिएर पालो कुरें, ११ असारमा । दाँत उपचार महँगो त छँदै छ, त्यसमा पनि निजी अस्पताल । उपचारका लागि चिनापर्ची साथीको सिफारिससहित ओमसमाज गएको थिएँ । टिकट शुल्क सस्तो, सेवासुविधा उत्कृष्ट भए पनि शुल्कचाहिं अति महँगो रहेछ ।

पालो आएपछि दाँत जँचाउन डा सुरेन्द्र आचार्यकहाँ पुगें । खासमा किराले गर्दा दाँत दुखेको नभई गिजा र दाँत दुवैमा पिप जमेकाले बढी सताएको बताए, डा आचार्यले । त्यसका लागि शल्यक्रिया गर्न सुझाए । शल्यक्रिया गरेर गिजाको पिप र दाँतमा जमेको पानी फाल्न डा आचार्यको टोलीलाई करिब ५ घन्टा लाग्यो । दाँतको शल्यक्रिया साह्रै पीडादायी हुँदो रहेछ । कारण सिमेन्टमा ड्रिलिङ गरेजस्तो दाँतमा पनि सोही प्रक्रिया अपनाइँदो रहेछ । यसकारण आवासीय सुविधा नभएको अस्पतालमा बेलुकी ५ देखि १० बजेसम्म एक्लै बेडमा बस्नुपर्‍यो ।

शल्यक्रिया सकिएपछि डा आचार्यले प्रेस्क्रिप्सनमा त्यसको खर्च लेखिदिए, २० हजार रूपैयाँ । दुखेको दाँत फाल्न लाग्ने हजार रूपैयाँ पनि तिर्न सक्ने हैसियतमा थिइनँ । त्यसकारण जुन साथीको सिफारिसमा औषधोपचार गर्न गएको थिएँ, उसैलाई म्यासेज गरें र अस्पताल बोलाएँ । साथी आइपुगेपछि अस्पतालका प्रमुख डा सुवास घिमिरेसँग साथीले कुरा गरेछन् । अन्त्यमा साथीको रोहवरमा उधारो शल्यक्रिया गरेर राती साढे १० बजे घर फर्कें ।

उपचारपछि मात्रै मूल्य !

साधारणतः अस्पतालमा टिकट काटेर मात्र बिरामी जाँच गरिन्छ । रोग जटिल भए/नभएको खुट्याउन एक्सरेलगायत जे परीक्षण गर्नुपर्ने हो, सबै गरेपछि मात्र रकम तय हुन्छ । तर ओमसमाजको प्रचलन अनोठो लाग्यो, मलाई । दाँतको शल्यक्रिया खर्च सोध्दा 'चिन्ता नलिनुस् म मिलाइदिन्छु' भन्नेबाहेक ठ्याक्कै रकम तोकिदिंदा रहेनछन् डक्टरले ।

औषधोपचार, शल्यक्रिया जे गर्नुपर्ने हो, सबै सकेपछि मात्र बिरामीका लागि शुल्क तोकिंदो रहेछ । यसबारे डा आचार्यलाई पनि सोधें । आफू जागिरे मात्र भएकाले शुल्कबारे बताउन नसकिने जवाफ दिए ।

अर्को दिन अस्पताल गएँ । उधारो रकम बुझाएँ । पैसा असुली काउन्टरमा रहेकी नर्सलाई अस्पतालमा नागरिक बडापत्र, मूल्यसूची आदि राखिने प्रचलन सुरु भइसकेको सम्झाएँ । उनले यत्ति भनिन्, "यसअघिको मूल्यसूची पुरानो भएकाले नयाँ बनाउन दिएका छौं । नयाँ बनेर आउन केही समय लाग्छ । अन्यथा नलिनुहोला ।" ने

ISO 9001
NS 191
Fe 500
Fe 415
हिमाल स्टील
DUCTYL500D
लचिलो जति,
बलियो त्यति
बढी
हिमालले सुरक्षित घर बनाउँछ।
१००% गुणस्तर परीक्षण । लोडशेडिंगमा पनि निरन्तर उत्पादन । ७६ डिपो मार्फत चाहिएको स्थानमा नेपालभरि तुरुन्तै डेलिभरी हुने । निर्माणकर्ताको पहिलो रोजाई । पारदर्शी वजन र मूल्य
ज्योति
हिमाल आयरन एण्ड स्टील (प्रा.) लि. | ज्योति भवन, १९१९ कान्तिपथ, पो.ब.नं. १३३, काठमाडौँ | फोनः ४२२५२३०, ४२२६५३० (मार्केटिङ्) | फ्याक्सः ४२२६३१४ | www.himalsteel.com.np

Mahindra Rise.

BOLERO PIK-UP
NEPAL'S NO.1 PICK-UP

Mahindra Bolero Pik-Up

उद्यमशील नेपालीको भरपर्दो साथी

स्वागत छ उदयको संसारमा
UDAY

का.जि.द.नं. १०४/०५६/५७ म.क्षे.हु.नि.का.द.नं. २/०५७/५८

AGNI INCORPORATED PRIVATE LIMITED

Agni Incorporated Pvt. Ltd.
Naxal, Bhagwati bahal, Kathmandu, Tel: 01-4419133/4419134;
Patan Showroom: 01-5532641/5532328, 9801303100
Branch: Birgunj, Tel: 051-419323/419456, Fax: 051-419259;
Bhairahawa, Tel: 071-429324; Itahari, Tel: 025-585742; Kohalpur, Tel: 081-541522

Balaju Auto Works Pvt. Ltd., Workshop: Balaju Industrial Area, Tel : 01-4350994 **Spare Parts Outlet:** Balaju Ring Road, Kathmandu, Tel: 01-4352806/4384176; Kuleshwor, Kathmandu, Tel: 01-5165235 **Authorized Service Center: (Inside Kathmandu Valley)** Balkhu, Tel: 01-4277864; Jorpati, Tel: 01-4910533; Balkumari, Tel: 01-5186180; Gaushala, Tel: 01-4478502; Sinamangal, Tel: 01-4116618; Bafal, Tel: 01-4302828; Dhumbarahi, Tel: 01-4009123 **(Outside Kathmandu Valley)** Bardibas, Mobile: 9801627781, Nuwakot, Tel: 010-560810; Hetauda, Tel: 057-522007; Lahan, Tel: 033-562157; Dhading Besi, Tel: 010-521024

MAXIMILE
Mahindra GENUINE ACCESSORIES
Insurance Partners: NLG Sagarmatha

Url: www.onlineagni.com Email: onlineagni@agniinc.com.np Service Helpline No.: 16600-100-200 (NTC), 980-157-1212 (Ncell) www.agnigroup.com.np twitter/AgniGroup instagram/AgniGroup facebook.com/MahindraAgniGroup